वर्ष : १३, अंक : ८, काठमाडौं, २०७४ जेष्ठ १९ गते शुक्रबार 2 June 2017, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## विशेष सम्पादकीय

### "प्रेस काउन्सिल साझा बनोस्"

पत्रकार आचार संहिताका अनुसार समाचार, विचार, कथन तथा सूचना बङ्ग्याउनु हुँदैन । सत्यतथ्य समाचार सम्प्रेषण गरेर जनतालाई सुसूचित गर्नुपर्छ । तर, कुनै मूल, समुदाय, धर्म, वर्ग, विचार र दलीयताका आधारमा समाचारलाई कारबाही गर्नु वा आचार संहिताको मूल मर्म विरूद्ध धम्क्याउनु आपत्तिजनक कार्य हो । मधेशका नेताहरूले व्यक्त गरेको विचारलाई हु-बहु सम्प्रेषण गर्दा उक्त समाचारप्रति प्रेस काउन्सिलले ध्यानाकर्षण पत्र पठाउनु आफैमा रंगभेद हो ।

लोकतन्त्रमा विचार, समाचार र धारणालाई सम्प्रेषणमा अवरोध गर्ने, समुदायको आधारमा कारबाही गर्न खोज्ने, दलीयताका आधारमा भूमिका निर्वाह गर्ने वा पक्षीय चिन्तनका आधारमा संस्थाको नेतृत वगर्ने हो भने साझापना हराउँदै जान्छ ।

हामी दु:खी छौं । प्रेस काउन्सिल नेपालले उपेन्द्र यादवको समाचार सम्प्रेषण गर्दा हामीलाई पत्राचार गरेकोमा । मुलुक दुवै समुदायको साझा हो । प्रत्येकको सूचना, समाचार, विचार र घटनाहरू निर्वाध र निर्धक्करूपमा प्रकाशन/प्रसारण गर्ने स्वस्थ्य वातावरण निर्माण गर्न/गराउन काउन्सिललाई आग्रह गर्दछौं । प्रेस काउन्सिल नेपाल दुवै समुदाय (मधेशी र पहाडी) को पत्रकारहरू/संचार माध्यमहरूको साझा संस्थाको रूपमा भूमिका निर्वाह गरी रहोस् भनी आग्रह पनि गर्दछौं ।

## गणतन्त्र दिवसमा मानपदवी, अलंकार र पदकबाट विभूषितहरू

| क.सं. | मानपदवी/अलंकार/पदक | संख्या | गैरमधेशी | मधेशी |
|---|---|---|---|---|
| १. | नेपाल रत्न | १ | १ | ० |
| २. | राष्ट्रगौरव | १ | ० | १ |
| ३. | महाउज्ज्वल राष्ट्रदीप | ५ | ३ | २ |
| ४. | उज्ज्वल कीर्तिमय राष्ट्रदीप | १ | १ | ० |
| ५. | प्रसिद्ध प्रवल जनसेवाश्री | ८ | ७ | १ |
| ६. | सुकीर्तिमय राष्ट्रदीप | १८ | १७ | १ |
| ७. | सुप्रवल जनसेवाश्री | १२० | ११२ | ८ |
| ८. | कीर्तिमय राष्ट्रदीप | ५ | ५ | ० |
| ९. | प्रवल जनसेवाश्री | १४७ | १३० | १७ |
| १०. | जनसेवाश्री | ४६ | ३२ | १४ |
| ११. | परम पौरख भाष्कर | १ | १ | ० |
| १२. | अति पौरख भाष्कर | ३ | ३ | ० |
| १३. | नेपाल प्रताप आभूषण | ७ | ७ | ० |
| १४. | समाजसेवा रत्न | ११ | ११ | ० |
| १५. | महापौरख भाष्कर | ४० | ४० | ० |
| १६. | नेपाल प्रताप भूषण | ३३ | २६ | ७ |
| १७. | समाज सेवा पदक | ११ | ११ | ० |
| १८. | सुकीर्ति पदक | २५ | २४ | १ |
| १९. | वीरता पदक | ९ | ७ | २ |
| २०. | शौर्य पदक | १४ | १४ | ० |
| २१. | प्राकृतिक प्रकोप पीडितोद्धार पदक | ३ | ३ | ० |
| २२. | विकास रत्न पदक | ५ | ५ | ० |
| | जम्मा | ५१४ | ४६० | ५४ |

## चुनाव बहिष्कार गर्न आग्रह



काठमाडौं । वरिष्ठ राजनीतिज्ञ खुशीलाल मण्डलले स्थानीय चुनावलाई सामाजिक र राजनीतिक बहिष्कार गर्न आग्रह गरेका छन् । मुलुक अहिले द्वन्द्वात्मक दिशामा गइरहेको बताउँदै मण्डलले यस्तो आग्रह गरेका हुन् । शनिबार मधेश समता अभियान तथा मधेशी जनता पार्टीले मधेश मिडिया हाउसमा पत्रकार सम्मेलन आयोजना गरी मधेशका विरूद्ध भइरहेको षड्यन्त्रबाट सचेत रह्न मण्डलले आग्रहसमेत गरेका छन् । उनले मधेशवादी दलहरू अहिले द्विविधामा रहेकोले परिवर्तनकारी शक्तिहरूलाई एकजुट हुन आग्रह गरेका हुन् ।

केही मधेशवादी दलहरू उपलब्धीलाई रक्षाका लागि निर्वाचनमा भाग लिने भन्ने तर्कको विरोध गर्दै मण्डलले भने, 'संविधान संशोधन होइन पुनर्लेखनको माग गर्ने उपेन्द्र यादवले कुन आधारमा चुनावमा भाग लिएका छन् ?' उनले नवगठित राजपा नेपाल पनि चुनावको तयारीमा रहेकोले अधिकार प्राप्त नभएसम्म चुनाव बहिष्कार गर्नुपर्ने तर्क गरे । यसैगरी, पूर्वमन्त्री रामचन्द्र कुशवाहाले स्थानीय चुनावको बहानामा मधेश आन्दोलनबाट प्राप्त उपलब्धी संघीयतालाई समाप्त पार्ने खेल भइरहेको बताए । उनले मधेशका विरूद्धमा रहेका कांग्रेस, एमाले र माओवादी केन्द्रले कहिल्यै पनि मधेशको हित नचाहेको आरोप लगाए । उनले संविधानको कार्यान्वयन र प्राप्त उपलब्धीको रक्षाको नाउँमा मधेशीको हर्ताकर्ता भनाउँदाहरूले शासकवर्गको डिजाइन अनुसार स्थानीय निकायको चुनावमा सहभागी भएको र केही सहभागी हुने तरखरमा रहेको आरोप लगाए ।

यस्तै, पत्रकार सम्मेलनमा मधेशी जनता पार्टीका अध्यक्ष महेश कलवारले दोस्रो चरणको निर्वाचन गर्नु भनेको राष्ट्रलाई टुक्राउनु रहेको दाबी गरेका छन् । उनले आफूहरूको स्पष्ट लाइन संविधान संशोधन नभई पुनर्लेखन रहेको बताए । 'हामीलाई पहिला अधिकार चाहियो त्यसपछि निर्वाचन' अध्यक्ष कलवारले भने । 'के मधेशी जनताले गोलीको जवाफ गोलीले दिनुपर्ने हो त ? यदि त्यसो भयो भने यो राज्यसत्ताले थेग्न सक्छ ?' अध्यक्ष कलवारले प्रतिप्रश्न गरे । उनले जबसम्म संविधान पुनर्लेखन हुँदैन तसम्म आफ्नो पार्टी निर्वाचन आयोगमा दर्ता पनि नगराउने र संविधान पनि नमान्ने दाबी गरेका हुन् । उनले कार्यपालिकामाथिको न्यायपालिकाको हस्तक्षेप प्रतिगमनले कू गर्ने संकेत हो भन्ने शंका व्यक्त गर्दै यस्तै हुँदै गए देश न्यायविहीन हुने तर्क गरेका छन् ।

यसैगरी, पत्रकार सम्मेलनमा राष्ट्रिय त्रिमूल बहुजन समाजवादी पार्टीका अध्यक्ष इन्दूराय यादवले पनि आफ्नो मन्तव्य राखेका थिए । उनले कांग्रेस, एमाले, माओवादीले कहिल्यै पनि मधेशीलाई अधिकार नदिने ठोकुवा गरे । यस्तै कार्यक्रमको सञ्चालन मधेशी जनता पार्टीका महासचिव राजाराम यादवले गरेका थिए भने कार्यक्रम स्वागत मन्तव्य प्रमोद कुशवाहाले दिएका थिए ।

# राजपाको न्यूनतम् शर्त पनि पूरा नहुने

राजपाको न्यूनतम् शर्त : आन्दोलनकारीहरूमाथि लगाइएको झुठा मुद्दा खारेज गरी रिहाई गर्नुपर्ने, जनसंख्याको आधारमा स्थानीय तहको संख्या बढाइनुपर्ने, निर्वाचनमा जानका लागि पार्टी दर्ता हुनुपर्ने र चुनाव चिन्ह दिनुपर्ने रहेको छ ।

मधेशवाणी डेस्क

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालसहितको संघीय गठबन्धनले गत शुक्रबार सार्वजनिक गरेको आन्दोलनका कार्यक्रमहरू स्थगित गरेर आन्दोलनका नयाँ कार्यक्रमहरू सार्वजनिक गरेको छ । सरकारले स्थानीय तहको दोस्रो चरणको निर्वाचन मिति असार १४ गतेका लागि सारेको भन्दै यसलाई सकारात्मक रूपमा लिएको गठबन्धनका संयोजक महन्थ ठाकुरद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

गठबन्धनले जेष्ठ १८ गतेदेखि २५ गतेसम्मका विभिन्न स्वरूपका आन्दोलनका कार्यक्रमहरू घोषणा गरेको हो । यस अवधिमा पनि सरकारले आफ्ना मागहरू पूरा नगरे कडाभन्दा कडा आन्दोलनका कार्यक्रमहरू ल्याउने चेतावनीसमेत दिएको छ ।

'आन्दोलनको घोषित कार्यक्रमको अवधी भित्र पनि सरकारले संविधान संशोधन, मुद्दा फिर्ता र स्थानिय तहको संख्या जनसंख्याको अनुपातमा बढाउने लगायतका हाम्रा माँग सम्बोधन गरी गठबन्धनको घटक दलहरू समेतलाई निर्वाचनमा जाने वातावरण वनाउने काम नगरेमा आन्दोलन र संघर्षको थप, सशक्त र कडा कार्यक्रम ल्याइने छ ।' विज्ञप्तिमा उल्लेख छ ।

**राजपाले नयाँ सरकार चयनमा मतदान नगर्ने**

राष्ट्रिय जनता पार्टी नेपालका नेता लक्ष्मणलाल कर्णले नेपाली काँग्रेस र नेकपा माओवादी केन्द्रको सरकार गठन हुँदा आफूहरूसँग गरिएको सहमति पूर्ण कार्यान्वयन नभएसम्म नयाँ सरकार चयनमा मतदान नगर्ने बताउनुभएको छ । व्यवस्थापिका-संसद्को बिहीबारको बैठकबाट बाहिरिने क्रममा सञ्चारकर्मीसँग कुरा गर्दै नेता कर्णले भन्नुभयो -'हाम्रो पुरानो ऋण चुक्ता हुन बाँकी छ । पहिला त्यो चुक्ता हुनुपर्छ ।' गत साउन १९ मा तत्कालीन संयुक्त लोकतान्त्रिक मधेसी मोर्चामा आबद्ध दल तथा नेपाली काँग्रेस र नेकपा (माओवादी केन्द्र)का शीर्ष नेताबीच संविधान संशोधनलगायतका विषयमा तीनबुँदे सहमति भएको थियो ।

यसैबीच, राजविराजमा आयोजित पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेशी जनताको हातमा ब्यालेट आएकोले त्यसको सदुपयोग गरेर अगाडि बढ्न आह्वान गरेका छन् ।

मधेशी जनताका लागि स्थानीय निकाय महत्वपूर्ण अवसर भएको बताउँदै उनले भने 'मधेशी जनताको हातमा अहिले ब्यालेट आएको छ, त्यसैले ब्यालेटको सदुपयोग गरेर देखाउनु जरूरी छ ।'

बवर्तमान स्थानीय तहमा अत्याधिक अधिकार प्रत्यायोजित गरिएको दावी गर्दै फोरम अध्यक्ष यादवले मधेशी जनतालाई चुनावमा भाग लिएर अधिकार आफ्नो हातमा लिन समेत आग्रह गरे । मधेशको स्थानीय सत्ता मधेशीको हातमा दिन चुनावलाई उपयोग गर्दै अधिकार प्राप्तिको संघर्षलाई अगाडि बढाउनु पर्नेमा अध्यक्ष यादवले जोड दिए ।

विभिन्न आन्दोलनहरूबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्न तथा मजबूत रूपमा उपस्थिति देखाउनकै लागि आफूहरू चुनावमा भाग लिएको बताउँदै उनले भने 'अघिल्लो संविधानसभाको निर्वाचनमा मधेशबाट मधेशीहरूको उल्लेख्य रहे पनि दोस्रो संविधानसभाको चुनाव व्यापक सहभागिता लागि मधेशको मुद्दा स्थापित गर्न थप संघर्ष गर्नुपरेको छ ।'

### व्यवस्थापिका संसद्को गणित

| क.सं. | पार्टी | सांसद् संख्या |
|---|---|---|
| १. | नेपाली कांग्रेस | २०७ |
| २. | नेकपा एमाले | १८२ |
| ३. | नेकपा माओवादी केन्द्र | ८२ |
| ४. | राप्रपा (राप्रपा नेपाल २५, राजपा १२) | ३७ |
| ५. | राजपा नेपाल (तमलोपा ११, सद्भावना ५, तमसपा ३, रामसपा ३, नेसपा १, फोरम गणतान्त्रिक १) | २४ |
| ६. | फोरम नेपाल (मजफो नेपाल १०, संसपा ५) | १५ |
| ७. | नेपाल लोकतान्त्रिक फोरम (फोरम लो. १४, जपालो २, थतपा १, दजपा १) | १८ |
| ८. | नेकपा माले | ५ |
| ९. | नेमकिपा | ४ |
| १०. | राष्ट्रिय जनमोर्चा | ३ |
| ११. | नेकपा संयुक्त | ३ |
| १२. | नेकपा (संयुक्त) | ३ |
| १३. | नेपाल परिवार दल | २ |
| १४. | मधेश समता पार्टी | १ |
| १५. | अखण्ड नेपाल | १ |
| १६. | समाजवादी जनता पार्टी | १ |
| १७. | नेपाः राष्ट्रिय पार्टी | १ |
| १८. | बहुजन शक्ति पार्टी | १ |
| १९. | सं.लो.राष्ट्रिय मञ्च थरुहट | १ |
| २०. | खम्बुवान राष्ट्रिय पार्टी | १ |
| २१. | नेपाली जनता दल | १ |
| २२. | जनजागरण पार्टी | १ |
| २३. | स्वतन्त्र | १ |
| | जम्मा | ५९५ |

## सभामुखसँग राजदूत पुरीको भेटवार्ता



ओनसरी घर्तीमगर



मञ्जिभसिंह पुरी

काठमाडौं । नेपालका लागि भारतीय राजदूत मन्जिभ सिंह पुरीले नयाँ सरकार गठनका विषयमा चासो व्यक्त गरेका छन् । संसद भवनमा गएर सभामुख ओनसरी घर्तीसँग भेटवार्ता गर्दै राजदूत पुरीले नयाँ सरकार गठनका विषयमा चासो राखेका हुन् । प्रधानमन्त्री पुष्पकमल दाहालले राजीनामा गरेपछि नयाँ सरकार गठनको प्रक्रिया चलिरहँदा राजदूत पुरीले संसद भवनस्थित सानो शंकर हलमा सभामुखसँग राजनीतिक वार्ता गरे । संसद सचिवालयका सहप्रवक्ता डिल्ली रिजालका अनुसार राजदूत पुरीले सभामुखसँग संसदीय प्रक्रियाका बारेमा जानकारी लिएका हुन् । भेटवार्ता सकेपछि राजदूत पुरीले भने आफूले सभामुखसँग अन्तर्देशिय संसदीय सम्बन्धका विषयमा छलफल गरेको र उहाँ पहिलो महिला सभामुख भएकोमा बधाइ दिएको बताए ।



यदि राजपा चुनावमा नजाने हो भने संसदमा पनि किन बस्ने : उपेन्द्र यादव



कोठाबाहिर छाप लगाएर मधेशी एकता देखाउनुपर्छ : डा.सीके राउत

अन्तर्वार्ता पृष्ठ ३ मा

समय सन्दर्भ

विजय यादव



## स्थानीय निर्वाचन र राजपाको आन्दोलन

राजपा नेपाल निर्वाचनमा सहभागि हुन तयार रहेको छ, तर सत्ता साझेदार र प्रमुख प्रतिपक्षी दलसँग निर्वाचनको वातावरण बनाउनको माग गरेको छ ।

राष्ट्रिय जनता पार्टी नेपालले संविधान संशोधनको बिना निर्वाचनमा सहभागि नहुने अडान कायम नै रहेको छ । तर नेपाली मुलधारका मिडियाले राजपा नेपाल निर्वाचनमा सहभागि हुने कुराको भ्रम पैदा गरेको आरोप राजपा नेपालका नेता डा.सुरेन्द्र झाले लगाएका छन् ।

मधेशको सवालमा मूलधारका मिडियाहरूले निकै अपवाह फैलाएको भन्दै झाले प्रष्ट पारे कि जवसम्म संविधान संशोधन हुँदैन तबसम्म कुनै पनि हालतमा राजपा नेपाल निर्वाचनमा सहभागि हुदैंन ।

नेता झाका अनुसार राजपा नेपाललाई सरकारले हालसम्म निर्वाचनको वतारण बनाएको अवस्था छैन् । राजपा नेपालको न्यूनतम माग पनि पुरा नगर्ने पक्षमा रहेको सत्तासाझेदार र प्रमुख प्रतिपक्षीसँग संविधान संशोधन नहुने पक्कापक्की भएको छ । राजपा नेपाल निर्वाचनमा सहभागि नहुने धेरै कारणहरू रहेका छन् । निर्वाचन आयोगबाट राष्ट्रिय जनता पार्टी नेपाललाई दर्ता र चुनाव चिन्ह नपाउने भएको छ । यस्तो अवस्थामा राजपाका नेताहरूले निर्वाचनमा सहभागि हुन नसक्ने कुरा प्रष्ट पारेको छ । राजपा नेपालको जनसंख्याको अधारमा स्थानिय निकायको संख्या बढाउने मुदा यथावत रहेको छ जुन अहिले अचारसंहितको कारण पनि संशोधन गर्ने परिस्थिती नरहेको बताउँछन् । संविधान संशोधन कुनै पनि हालतमा हुन नदिने अडान प्रमुख प्रतिपक्षी दलको यथावत नै रहेको छ जसकारण संविधानको संशोधन नहुने खतरा पनि त्यतिकै रहेको छ ।

विगतमा यति धेरै आन्दोलन जुन मुदा र एजेण्डाको लागि भएको हो । जुन मुदा र एजेण्डाको लागि दर्जनौंले आफ्नो ज्यानको बलिदानी दिनु पऱ्यो । हजारौं घाइते भए । सैकडौं जनताको अगंभङ्ग भएर अपाङ्ग भए । क्यौं माथी झुठा मुदामा पिल्सी रहेको छ भने क्यौं देश बाहिर बस्न बाध्य भएका छन् । यति धेरै क्षति भइसके पछाडि कसरी मुदालाई छोडेर निर्वाचनमा जाने भने राजपाका नेताहरूले बताउँछन् ।

राजपा नेपाल निर्वाचनमा सहभागि हुन तयार रहेको छ, तर सत्ता साझेदार र प्रमुख प्रतिपक्षी दलसँग निर्वाचनको वातावरण बनाउनको माग गरेको छ । राजापा नेपाललाई निर्वाचनमा सहभागि गराउनको लागि न्यूनतम् मागको सम्बोधन गर्नु नै पर्छ । राजपा नेपालका अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतोको अनुसार सरकारले तत्काल स्थानिय निकायको संख्या जनसंख्याको अधारमा बढाउनु पर्छ । राजपा नेपाललाई निर्वाचन आयोगमा दर्ता र चुनाव चिन्हको स्वीकृति दिनु पर्छ । घाइतेको क्षतिपुर्ति, आन्दोलनको क्रममा लगाइएका झुठा मुदाहरू फिर्ता गर्नु पर्ने लगायतका मागहरू जवसम्म सम्बोधन हुदैंन तबसम्म चुनावमा जान नसकिने राजपा नेपालको प्रष्ट अडान रहेको छ ।

बुधबार मधेशका जिल्लामा मसाल जुलुस प्रदर्शन तथा बिहीबार र शुक्रबार हडताल घोषणा गरेको राजपाले सरकारबाट चुनाव मिति सार्ने निर्णय भएलगत्तै आन्दोलन स्थगन गरेको थियो । चुनावअघि आफ्ना माग सम्बोधन हुनुपर्ने सर्त राख्दै त्यसो नगरिए फेरि आन्दोलन हुने चेतावनी राजपाले दिएको छ ।

बिजुलीबजारस्थित कार्यालयमा बसेको राजपा बैठकले आन्दोलन स्थगनको निर्णय लिएको हो । गत शुक्रबार घोषणा गरेको आन्दोलन बुधबार फिर्ता लिएर पुन: नयाँ कार्यक्रमसमेत घोषणा गरेको हो । यसरी हेर्दा स्थानीय निर्वाचन र राजपाको आन्दोलन सँगसँगै कसरी अगाडि बढ्छ भन्ने अहिलेको चासोको विषय हो ।



# सम्पादकीय



## राजपा अब पनि रणभुल्लमा नपर

विभिन्न मिति पार गर्दै दोस्रो चरणको निर्वाचन असार १४ गते हुने गरी नयाँ मिति तोकिएको छ। असार १४ को नयाँ मिति तोकिनुको पछाडि अन्य कारणहरू जे भए पनि आन्दोलनरत राष्ट्रिय जनता पार्टीलाई निर्वाचनमा ल्याउन र निर्वाचनको तयारीका लागि पर्याप्त समय दिनु नै मुख्य उद्देश्य रहेको छ। बैशाख ३१ गते सम्पन्न पहिलो चरणको निर्वाचनपछि सबैको ध्यान दोस्रो चरणमा गएको थियो तर आशंकाका बादलहरू मडाडिरहँदा निर्वाचन सुनिश्चित हुन सकेको थिएन। तर पछिल्लो समयमा राजपा र सत्तारूढ घटकबीच बाक्लिदै गएको सम्बन्धका कारण आन्दोलनरत पक्ष सहमतिमा आएर निर्वाचनमा जाने करिब करिब निश्चित जस्तै भएको छ।

वास्तवमा, दोस्रो चरणको निर्वाचन राजपालाई निल्नु न ओकल्नु जस्तै भएको छ। आफ्नो मुख्य माग संविधान संशोधन नहुने लक्षण निश्चित हुनु, निर्वाचनमा जानका लागि आन्तरिक र बाह्य दबाब थेग्न नसक्नु, आन्दोलन गर्ने शक्तिमा ह्रास आउनु, मधेशमा आन्दोलनभन्दा बढी निर्वाचनको माहोल बन्नु जस्ता विविध कारणहरूले गर्दा राजपा रणभुलमा परेको छ। परिणामस्वरूप बिना आधार र कारण उसले जेठ १८, १९ र २० गतेका लागि तय गरेको आन्दोलनको कार्यक्रम फिर्ता लिएको छ।

> राजपाले संविधान संशोधनको विषयमा हालसम्म भएको प्रगति, उपलब्धीलाई मधेशी जनतालाई सम्झाउँदै निर्वाचन पछि यी माग उठाउन सकिने भन्ने विश्वासिलो आधार दिलाएर निर्वाचनको महाअभियानमा होमिनु उपयुक्त हुन्छ।

त्यसो भए के उसले निर्वाचनमा भाग लिन्छ त ? भन्ने प्रश्नको उत्तर स्वयं पार्टीका नेताहरूसँग छैन। कारण कुरा निर्वाचनको मात्र छैन, यहाँ सत्ताको गणितीय खेल पनि सुरू भएको छ। प्रधानमन्त्रीबाट माओवादी केन्द्रका अध्यक्षले राजीनामा दिएपछि काँग्रेसको नेतृत्वमा नयाँ सरकार बन्ने पनि सुनिश्चित छ। त्यसैले निर्वाचनमा जाने भए राजपाका लागि सत्ता दैलोमै आइ पुगेको छ। दोस्रो चरणको निर्वाचनअघि काँग्रेस सभापति शेरबहादुर देउवाको सत्तारोहण हुने भएपछि निर्वाचनमा जानु भनेको राजपाका लागि पनि सरकारमा सहभागी हुने बाटो खुल्नु हो।

अब प्रश्न गर्ने ठाउँ के छ भने जे जे का लागि मधेशमा लामो आन्दोलन भयो, सयौं मधेशी जनताले रगत बगाए, कयौं सहादत भए, ती सबैको सम्बोधन बिना राजपा आफ्नो अडानबाट पछि हट्दै निर्वाचनमा जान्छ त ?

लक्षणहरू यस्तै देखिए पनि उसको मौनताले धेरै कुराहरूको संकेत गरेको छ। राजपा बिना शर्त निर्वाचनमा सहभागी हुने मात्र होइन, प्रधानमन्त्रीमा देउवालाई जिताउन तयार नहोला भन्न सकिन्न।

आन्दोलनको मर्मलाई एकातिर राख्दै, देशको बदलिदो परिस्थितिका कारण निर्वाचनमा जानु परेको भन्नु बाहेक अरू कुनै तर्क राजपासँग रहने छैन।

आन्दोलन घोषणा गर्छौं भनेर धम्की दिए पनि नेताहरू आन्दोलन प्रभावकारी हुनेमा निश्चिन्त छैनन्। पहिलाको जस्तो मधेसको जनमत सबै आफूहरूतिर नभएकाले पनि कतै आन्दोलन असफल भएर माग पूरा गर्न झन् गाह्रो हुने हो कि भन्ने चिन्ता राजपा नेपालका नेताहरूमा देखिन्छ। यसभन्दा अघिका आन्दोलनमा उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम र विजयकुमार गच्छदार नेतृत्वको नेपाल लोकतान्त्रिक फोरम पनि सहभागी भएकाले सफल भएको र अहिले यादव र गच्छदार नेतृत्वका पार्टी निर्वाचनमा होमिएकाले आन्दोलन सफल हुन गाह्रो हुने बुझाइ उनीहरूमा छ।

यी र यस्तै वास्तविक तथ्यहरूलाई समयमा नबुझदा राजपा अहिले मजझारमा फसेको छ। निर्वाचनमा जाने हो भने संविधान संशोधनको मुद्दा खोइ भन्ने मधेशी जनताको आवाजलाई सम्बोधन गर्न उसँग कुनै आधार छैन भने निर्वाचन वहिष्कार गरेर आन्दोलनमा गयो भने यसको सफलतामा पनि प्रश्न गर्ने ठाउँ छ। यसर्थ राजपाले संविधान संशोधनको विषयमा हालसम्म भएको प्रगति, उपलब्धीलाई मधेशी जनतालाई सम्झाउँदै निर्वाचन पछि यी माग उठाउन सकिने भन्ने विश्वासिलो आधार दिलाएर निर्वाचनको महाअभियानमा होमिनु उपयुक्त हुन्छ।

## साताको सात बात



राष्ट्रिय मुद्दामा दलबीच एकता अपरिहार्य छ। चुनावमा तपाईहरू दलीय नेतृत्व गर्नुहोस् तर राष्ट्रिय मुद्दामा दल होइन, राष्ट्र र जनता हुनुपर्छ। **– विद्यादेवी भण्डारी (राष्ट्रपति)**



हामीले मधेशी मोर्चा गठबन्धनलाई चुनावमा सहभागी हुने वातावरण बनाउन पहल गरेको छ भन्ने कुरा स्थापित गराउनेभन्दा धेरै बढी यसबाट हुने कुरा म देख्दिनँ। **– पुष्पकमल दाहाल 'प्रचण्ड' (प्रधानमन्त्री)**



मधेशवादी मोर्चालाई निर्वाचनमा जानका लागि प्रयास गरिएको छ। अब मोर्चा निर्वाचनमा जानुको विकल्प छैन। हामीले निर्वाचनमा सहभागी गराउनकै लागि निर्वाचन सारेका छौं। उहाँहरू आउनुहुन्छ। **– डा. शशांक कोइराला (महामन्त्री, नेपाली कांग्रेस)**



अब वीन-वीन सहकार्य र लगानीमा नै बढी केन्द्रित हुनुपर्छ। जसले हाम्रो सबन्धलाई थप उचाईमा लैजानेछ। – **मञ्जिभ सिंह पुरी ( नेपालका लागि भारतीय राजदूत)**



मधेशका लागि केपी ओलीभन्दा बढी खतरनाक उपेन्द्र यादव साबित भएका छन्। संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेशको पिठ्यूँमा छूरा घोपेका छन्। **– राजकिशोर यादव (अध्यक्षमण्डलीय नेता, राजपा नेपाल)**



चुनाव अवरोधसम्बन्धि कार्यक्रम स्थगन गरिएको हो, फिर्ता भएको छैन। हाम्रो माग कसरी सम्बोधन हुन्छ भन्ने प्रतिक्षामा छौं, मिति सार्दैमा चुनावमा जाने वातावरण बनिसेको छैन। **– हृदयेश त्रिपाठी (नेता, राष्ट्रिय जनता पार्टी नेपाल)**



अहिले मधेशी दलहरूमा एकरूपता देखिएन। उनीहरूको सुरूदेखि नै एकै खालको एजेन्डा छैन। कहिले उनीहरू एक मधेश एक प्रदेश भन्छन् त कहिले दुई मधेश भन्छन्। – **समिम मियाँ अन्सारी (नेता, नेकपा एमाले)**

*प्रस्तुति: गीता रेग्मी*

# प्रदेशमा थारू भविष्य !



**लक्की चौधरी**

> समाज रूपान्तरण भएमा समृद्धि कायम हुन्छ। समस्याको समाधान प्रदेश पाउनु हुँदैहोइन। समान अवसर र सहभागीता प्रमुख हो। सुदूरपश्चिम होस् कि थरूहट प्रदेश।

**पृष्ठभूमि:**
नेपालको दक्षिणी भू-भाग तराईमा बसोबास गर्ने प्रमुख जाति हो 'थारू'। सुदूरपश्चिमको कैलाली र कञ्चनपुरको मात्र जनसंख्या आँकलन गर्दा थारूको जनसंख्या पहिलो स्थानमा छ। समथर भूमिमा प्रमुख वासस्थान रहेको थारू समुदाय सुदूरपश्चिमको दुई जिल्लाबाहेक अन्य सात जिल्लामा जनसंख्या शुन्यप्राय: छ। (हेर्नुहोस् तालिका नं. १)। यहाँको प्रमुख जातिमध्ये क्षेत्री, थारू, ब्राह्मण, कामी, ठकुरी, दमाई, मगर, सार्की, लुहार, दशनामी आदि हुन्। २०६८ को जनगणनाअनुसार सुदूरपश्चिममा सबैभन्दा वढी जनसंख्या क्षेत्रीको छ। यहाँ क्षेत्री १० लाख ६० हजार ३६५, थारू चारलाख ३९ हजार २६७, व्राह्मण तीनलाख ३२ हजार २२३, कामी दुईलाख १० हजार ८३५, ठकुरी एकलाख १३ हजार ५८८, दमाई ६५ हजार ६२४, मगर ५६ हजार ६६७, सार्की ४२ हजार ९४७, लोहार ३० हजार २१७, दशनामी २५ हजार ९६५, वादी १० हजार ७८६, तामाङ १० हजार ९५, नेवार सातहजार १४६, मुसलमान पाँचहजार ९५९, गुरूङ चारहजार ४७०, राजी दुईहजार ३६ आदि छन्।

सुदूरपश्चिमको तराई (कैलाली र कञ्चनपुर) को कूल जनसंख्या १२ लाख २६ हजार ९५७ छ। यसलाई जातीगत जनसंख्याको आधारमा हेर्दा थारू ४ लाख ३७ हजार ९९६, क्षेत्री दुईलाख ९४ हजार ४१६, ब्राह्मण १ लाख ६८ हजार २९४, कामी ९९ हजार ९४०, ठकुरी ५६ हजार ६५, मगर ४१ हजार ८१२, दमाई २७ हजार ५८४, सार्की १४ हजार ५१४, दशनामी १० हजार ८९१, तामाङ आठहजार ८५७, मुसलमान पाँचहजार ३८९, नेवार चारहजार २१३ वादी चारहजार २१३, गुरूङ तीनहजार २७५, राजी दुईहजार ३३ आदि छन्। यस बाहेक यहाँ अन्य जाति समुदायको पनि बासोबास छ, तर न्यून संख्यामा। सुदूरपश्चिममा क्षेत्रीको जनसंख्या पहिलो, थारूको दोस्रो र ब्राह्मणको तेस्रो भएपनि राज्यको अवसरमा ब्राह्मण पहिलो, क्षेत्री दोस्रो र ठकुरी तेस्रो र चौथोमा थारू पर्छन्। थारूलाई दलित समुदायले पनि उछिन्ने तर्खरमा छन्। शिक्षा, स्वास्थ्य, रोजगार, राज्यबाट प्रदान हुने अवसरमा पनि थारू निकै पछाडि छ।

**पछाडि पर्नुको कारण:**
थारू पछाडि पर्नुमा राज्यमात्र दोसी छैन। मूल प्रवाहीकरणमा थारूको उपस्थिति नहुनुमा धेरथोर राज्य, धेरथोर यहाँका उपल्ला जाति समुदाय र धेरथोर थारूको आफ्नै कमजोरी छ। थारू पछाडि पर्नुमा सो समुदायमा शिक्षाको कमी हुनु पहिलो कारण हो। कैलाली र कञ्चनपुरमा कुनैबेला जग्गाका मालिक (जमिन्दार) रहेका थारू समुदाय हेर्दाहेर्दै मालिकबाट कमैया र भूमिहिन बने। यसको पछाडिको राजपनि अशिक्षा नै हो। 'जहाँ अशिक्षा छ, त्यही थिचोमिचो छ, जहाँ गरिबी छ, त्यही शोषण छ।' थारूको हकमा भएको थिचोमिचो र शोषण पनि त्यही हो। 'सदियौंदेखि चलनभोग गर्दैआएको जग्गा कतिखेर अरूको नाममा दर्ता भयो' धेरै थारूले मेसो पाएनन्। कारण, अशिक्षा र अज्ञानता। जग्गा थारूले कमाइरहेको छ तर लालपूर्जा गैरथारूको नाममा बनिसक्यो। आफूले जोतेको जग्गा दर्ता गर्नुपर्छ भन्नेसम्म चाल नपाएका थारूका पुर्खाहरूको अज्ञानताको सजाय सन्तानले व्यहोर्नु पर्‍यो। यसोहुनुमा पहाडबाट बसाईसरी तराईमा आएकाहरूको कपटपूर्ण चलाखीपन थियो। सबैले त्यसोगरे भन्ने होइन, धेरैले त्यसो गरेको उदाहरण छ। सोझासाझा थारू चलाख र बाठा थारूबाटै शोषणमा परेको उदाहरण पनि छ। ठूलो माछाले सानो माछालाई शिकार बनाएजस्तै बाठाले कमजोर र सोझालाई शिकार बनाउँछ नै। यसको अर्थ थारूमात्र अरूको शिकार भए भन्ने होइन। कमजोर अन्य समुदाय पनि ठूलाका शिकार बनेकै छन्।

अर्को कारण न्यायमा पहुँच नहुनु हो। यो [redacted] सँग प्रत्यक्ष अप्रत्यक्ष जोडिने विषय [redacted] अच्छर भैंस बरावर' उखान [redacted] प्रचलित छ। जो शिक्षाको ज्योतिबाट [redacted] त छ, त्यसलाई न्यायको कुरा कहाँबाट [redacted] ज्यले सबै जाति समुदाय र वर्गलाई [redacted] य प्रदान गर्नुपर्ने हो। तर व्यवहारमा [redacted] नि भएन, भोलि पनि हुनेछैन। न्याय [redacted] राज्यको संयन्त्रमा टाठाबाठाहरू नै [redacted] हरूले नै न्यायलाई परिचालन गरे। [redacted] ानी, गरिब, सोझासाझाले समान [redacted] बाट पाउनु ? मान्छे आफैमा स्वार्थी [redacted] केसम्म आफ्नो र नजिकको भलाईमा [redacted] न केन्द्रीत गर्छ। हिजोका पढेलेखेका [redacted] त्यही गरे। त्यो ठाउँमा थारू भएको [redacted] यद त्यही गर्थेहोला। [redacted] कारण थारूको इमान्दारिता र सोझोपन [redacted] मान्दार हुनुपनि आफ्नैलागि घातक [redacted] हिजोको भोगाइले त्यही देखायो। [redacted] ल आफूलाई बदलिन सक्ने नै [redacted] चलाख हो। अरूले त्यो गरे, थारूले [redacted] हीकारण अरूको चलाखीको शिकार [redacted] थारू बने। कतिपय थारूले आफूसँग [redacted] स्त जग्गाजमिन पाहुना बस्नआएका [redacted] दान गरिदिए। एकातिर इमान्दारिता [redacted] हयोगी भावना। थारूको यिनै आचरण [redacted] बाट कतिपय गैरथारूले चलाखीपूर्ण [redacted] ाइदा उठाए। अद्यापि छिटफुट [redacted] छन्।

**प्रदेश नं. ७ र थारू:**
प्रदेश नं. ७ अथवा सुदूरपश्चिम पर्यायवाची हुनपुगेको छ। यसभित्रै थारू समुदायले आफ्नो अस्तित्व, पहिचान र भविष्यको खोजी गर्दैछ। अरू आदिबासी जनजाति, दलितका लागि पनि त्यही हो। भोलिका दिन जेहोला, अहिलेको वास्तविकता यही हो। थारू समुदायको बहुल वासोबास नौ जिल्लामध्ये कैलाली र कञ्चनपुरमा मात्रै हो। बाँकी सात जिल्लामा थारूको प्रतिनिधित्व मात्रै हो। जसरी समावेशीताको विषयलाई प्रतिनिधित्वकोरूपमा बुझिनेगरेको छ, त्यसरी सुदूरपश्चिमका सबै जिल्लामा थारूको प्रतिनिधित्व त छ। शुन्यप्राय: रहेपनि जनसंख्याको तथ्याङ्कले त्यो देखाउँछ। तर्क गर्नेले थारूको प्रतिनिधित्व छ भन्न सक्छन्। तर त्यस्तो प्रतिनिधित्वको के अर्थ ? जनसंख्याको अनुपातले समानुपातिक सिद्धान्तको प्रतिनिधित्व खोजेको छ। प्रतिनिधित्वको मापदण्ड यसलाई बनाउँदा जनसंख्या कम भएको जिल्लामा स्वाभाविकरूपमा मार पर्छ नै। त्यो स्वीकार्नु पनि पर्छ। त्यसोगर्दा थारूलाई मात्र होइन, सबै जाति समुदायका लागि एउटा प्रणाली बन्छ। त्यसले समान न्याय गर्छ। हेर्नुहोस् तलको तालिका - १

### सुदूरपश्चिममा थारूको जनसंख्या
तालिका नं. -१

| क्र.सं. | जिल्ला | जम्मा जनसंख्या | थारु जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | कैलाली | ७,७५,७०९ | ३,२२,१२० | ४१.५२ |
| २ | अछाम | २,५७,४७७ | २४६ | ०.०९ |
| ३ | बझाङ | १,९५,१५९ | १३३ | ०.०६ |
| ४ | बाजुरा | १,३४,९१२ | २२९ | ०.१६ |
| ५ | डोटी | २,११,७४६ | ३८५ | ०.१८ |
| ६ | दार्चुला | १,३३,२७४ | ५५ | ०.०४ |
| ७ | बैतडी | २,५०,८९८ | ५६ | ०.०२ |
| ८ | डडेल्धुरा | १,४२,०९४ | १६७ | ०.११ |
| ९ | कञ्चनपुर | ४,५१, २४८ | १,१५,८७६ | २५.६७ |
| | जम्मा | २५,५२,५१७ | ४,३९,२६७ | १७.२० |

*स्रोत: तथ्याङ्क विभाग, काठमाडौं।*

माथिको तालिका हेर्दा प्रष्ट हुन्छ, दुई जिल्लाबाहेक थारूको हैसियत अन्यमा के होला ? जनसंख्या भएको कैलाली र कञ्चनपुरमा त थारू ओझेलमा छन्, बाँकी जिल्लामा थारूको राजनीतिक, सामाजिक र सांस्कृतिक हैसियत हुने कुरै भएन। के त्यहाँका नागरिकले थारूप्रति न्याय गर्लान् ? थारूको मनमा यो जिज्ञासा उठिरहेकै छ। प्रदेश नं ७ मा थारूको जनसंख्या हेर्दा १७.२० प्रतिशत मात्र छ। यसले राजनीतिमा के अर्थ राख्ला ? सहजै मूल्याङ्कन गर्न सकिने विषय हो। अर्थात् थारूले यो प्रदेशमा कहिल्यै मुख्यमन्त्री पाउँदैनन्। शासन प्रशासन र राजनीतिमा उनीहरूको नेतृत्व हुन सक्दैन। थारूबहुल क्षेत्रका एक दुई नगरपालिकामा मेयर, उपमेयर, गाउँपालिकाका प्रमुख, उपप्रमुख, वडाअध्यक्ष र सदस्य बाहेक अर्थोक हात लाग्नेछैन। त्यो पनि गैरथारूको सहयोग र सदभाव रह्यो भने मात्र। यस्तो अवस्थामा थारू समुदाय चिन्तित हुनु अस्वभाविक होइन। उसो त थारू उम्मेदवारले गैरथारूको मनजित्ने काम गरेमा समस्या नपर्ला। तर हाम्रो बुझाई र प्रबृत्ति संकुचित छ। जातीयता र क्षेत्रीयताले हामी ग्रसित छौं। कुरा एउटा काम अर्को गर्छौं। विश्वसनीयताको आधार यसरी बन्दैन। मूल सवाल यही हो।

**तराईमा थारूको जनसंख्या:**
देश संघीयतामा जाँदैगर्दा थरूहट प्रदेशको निकै चर्चा भयो। अद्यापि छ। थरूहट बनाउँदा त्यसको सिमानाको चर्चापनि निकै भयो। कसैले कञ्चनपुरदेखि दाङसम्मको पाँचजिल्ला थरूहट भने। कसैले कञ्चनपुरदेखि कपिलवस्तुसम्मको छ जिल्लाको माग गरे। कोहीले चित्तवन [redacted] जिल्लामा दावी गरे। [redacted] माग 'मनको लड्डु [redacted] तर साविक प्रदेश नं [redacted] न थरूहट भनिएन ? [redacted] उसो त माथि चर्चा [redacted] जिल्ला, छ जिल्ला या [redacted]। थारूको बाहुल्यता [redacted] नभएपछि राजनीतिक [redacted] एन। [redacted] सम्मको पाँच जिल्ला [redacted] र्दिया, बाँके र दाङ) को [redacted] हजार ४२९ छ। जहाँ [redacted] लाख चारहजार ८० [redacted] ३३.५१ हो। त्यस्तै, [redacted] तुसम्मको छ जिल्लाको जनसंख्या ३२ लाख ६९ हजार ३६५ छ। जहाँ थारूको जनसंख्या ९ लाख ७४ हजार १७६ छ। यो प्रतिशतमा २९.७९ हो। कञ्चनपुरदेखि चित्तवनसम्मको तराईका नौ जिल्ला (कञ्चनपुर, कैलाली, वर्दिया, बाँके, दाङ, कपिलवस्तु, रूपन्देही, नवलपरासी र चित्तवन) को जनसंख्या ५३ लाख ७३ हजार ५३ छ। जहाँ थारूको जनसंख्या १२ लाख १९ हजार ५९९ छ। यो प्रतिशतमा २२.६९ मात्र हो।

यसरी जनसंख्याको मूल्याङ्कन गर्दा एक्लै थारू कहीं पनि बहुमतमा छैन। प्रदेश नं. ७ को तुलनामा कञ्चनपुरदेखि दाङसम्मको जनसंख्याको अनुपातमा प्रतिशतमा बृद्धि देखिन्छ। तर सामान्य बहुमत पनि होइन। फेरिपनि राजनीतिक भविष्य सुनिश्चित् गर्न थारूले जातीयताको कुरा उठाएर पार लाग्दैन। अरू समुदायसँग मिलेरै अगाडि बढ्नुको विकल्प देखिदैन।

उसो त थारूको जनसंख्या तराईको २२ जिल्लामा छ। तर पश्चिमको तुलनामा पूर्वका जिल्लामा थारूको जनसंख्या झन पातलो छ। सुनसरी र सप्तरी यी दुई जिल्लाबाहेक अन्य जिल्लामा थारूको जनसंख्या न्यून छ। हेर्नुहोस् तालिका - २

तालिका नं. २

| क्र.सं. | जिल्ला | जनसंख्या | थारु जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | कैलाली | ७,७५,७०९ | ३,२२,१२० | ४१.५२ |
| २ | कञ्चनपुर | ४,५१,२४८ | १,१५,८७६ | २५.६७ |
| ३ | वर्दिया | ४,२६,५७६ | २,२६,०८९ | ५३.० |
| ४ | बाँके | ४,५१,३१३ | ७६,८७९ | १५.६४ |
| ५ | दाङ | ५,५२,५८३ | १,६३,११६ | २९.५३ |
| ६ | सुर्खेत | ३,५०,८०४ | ६,८९० | १.९६ |
| ७ | कपिलवस्तु | ५,७१,९३६ | ७०,०९६ | १२.२५ |
| ८ | रुपन्देही | ८,८०,१९६ | ८४,७८८ | ९.६३ |
| ९ | नवलपरासी | ६,४३,५०८ | ९७,२७६ | १५.११ |
| १० | चित्तवन | ५,७९,९८४ | ६३,३५९ | १०.९२ |
| ११ | बारा | ६,८७,७०८ | ७१,९९३ | १०.४६ |
| १२ | पर्सा | ६,०१,०१७ | ४५,६२० | ७.५९ |
| १३ | रौतहट | ६,८६,७२२ | ३०,८११ | ४.४८ |
| १४ | सर्लाही | ७,६९,७२९ | २१,७७८ | २.८२ |
| १५ | महोत्तरी | ६,२७,५८० | ९,९०९ | १.५७ |
| १६ | धनुषा | ७,५४,७७७ | ४,४२२ | ०.५८ |
| १७ | सिराहा | ६,३७,३२८ | २६,३८६ | ४.१४ |
| १८ | सप्तरी | ६,३९,२८४ | ७६,६९७ | ११.५२ |
| १९ | उदयपुर | ३,१७,५३२ | २४,२४० | ७.६३ |
| २० | सुनसरी | ७,६३,४८७ | ९१,५०० | ११.९८ |
| २१ | मोरङ | ९,६५,३७० | ६०,५६६ | ६.२७ |
| २२ | झापा | ८,१२,६५० | ६,६७१ | ०.८२ |

*स्रोत: तथ्याङ्क विभाग, काठमाडौं।*

**प्रदेश कि संरक्षित क्षेत्र:**
थारूको जनसंख्या हेर्दा थारू समुदायको हितमा 'प्रदेश' छँदैछैन भन्दा हुन्छ। त्यसको विकल्प स्वायत्तता, विशेष, संरक्षित क्षेत्र नै हो। थरूहट प्रदेश भएमा थारूको नाम र पहिचानबाहेक अर्थोक हात लाग्दैन। उत्तर-दक्षिण होस् या पूर्व-पश्चिम जसरी प्रदेश बन्दापनि थारूकालागि 'थरूहट प्रदेश' केवल हात्तीको देखाउने दाँत हुन्छ। त्यसभित्र थारू बहुमतमा हुँदैनन्। बहुमत नभएपछि नेतृत्वमा उनीहरू आउन सक्दैनन्। नेतृत्व नभए प्रतिनिधित्व सुनिश्चित् हुँदैन। प्रतिनिधित्व सुनिश्चित् नभए शासनसत्तामा उनीहरूको पकड हुँदैन। तराईमा एक प्रदेश होस् कि, दुई प्रदेश या बहुप्रदेश कहीं पनि थारू बहुमत हुँदैन। हिजो राज्यकालागि राम्रो काम गरेबापत राणाहरूले थारूलाई 'चौधरी' मानपदवी दिएजस्तै, अहिलेका शासकले थारूका सम्मानकानिम्ति 'थरूहट प्रदेश' दिएसरह हुन्छ। तर थारूको बाहुल्यता भएको गाउँपालिका, वडामा स्वायत्तता वा विशेष, 'संरक्षित क्षेत्र' बनाएर जाने हो भने केहीमात्रामा थारू समुदायको कल्याण हुन्छ। संरक्षित क्षेत्रमा थारू नै त्यहाँका गाउँपालिका प्रमुख, उपप्रमुखदेखि वडाका अध्यक्षसहित सदस्यसम्म एकलरूपमा हुन पाउँछन्। थारू-थारूबीच प्रतिस्पर्धा हुन्छ र जो हारेजिते पनि थारू नै आउँछ। त्यसरीजाँदा थारूले एकलरूपमा नेतृत्व गर्न पाउँछन् र त्यस ठाउँको विकास निर्माणमा उनीहरूको मूल्याङ्कनको आधार बन्छ। अहिलेको आवश्यकता संरक्षित क्षेत्र र स्वायत्तता नै हो। यो थारूकालागि मात्र होइन, जहाँ जुन समुदाय र जातिको बाहुल्यता छ, त्यहाँ त्यसैको संरक्षित क्षेत्र निर्माण गरिनुपर्छ। समस्या समाधानको एउटा उपाय हो, यो। तर यो भाषणमै सीमित छ। संविधानको धारा २९५ (३) मा गाउँपालिका, नगरपालिका, विशेष तथा संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सीमाना निर्धारण गर्नका लागि नेपाल सरकारले एक आयोग गठन गर्ने व्यवस्था छ। सो आयोग गठन भएर त्यसले प्रतिवेदन त बुझायो तर संविधानको धारामा भएको व्यवस्थाअनुरूप विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सीमाना निर्धारण नै गरेन।

**निस्कर्ष:**
सरकारले स्थानीय तहको सीमा निर्धारणकालागि २०७२ चैत १ गते स्थानीय तह पुन:संरचना आयोग गठन गरेको थियो। सो आयोगले ०७३ फागुन ३० गते अधुरै प्रतिवेदन सरकारलाई बुझायो। अर्थात पाएको जिम्मेवारीअनुसार आयोगले प्रदेशको सीमा निर्धारण, विशेष, संरक्षित र स्वायत्त क्षेत्रको निर्धारण गरेन। यसले पछाडिपरेका वर्गको हकअधिकार सुनिश्चित् गर्ने विषय भाषणमै सीमित गरिदियो। भोलिका दिनमा होला भन्ने झिनो आशा मात्रै बाँकी छ। संविधानको मौलिक हकले महिला र दलितलाई मात्र समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक प्रदान गरेको छ। अरूलाई समावेशी सिद्धान्तको आधारमात्र भनेको छ। अर्थात् संविधान महिला र दलितको सहभागिताका लागि उदार छ। सुदूरपश्चिम (प्रदेश नं. ७) मा जसरी थारू र गैरथारू हिजोदेखि मिलेर बस्दैआएका थिए। भोलि पनि बस्नैपर्छ। गत भाद्र ७ गते भएको टीकापुर घटना एउटा भवितव्य घटना हो। यस्ले थारू र गैरथारूबीचको विश्वासमा केही दरार अवष्य पारिदिएको छ।

टीकापुर घटनामा दोषी ठहर भई २३ जना थारू अहिलेपनि धनगढी कारागारमा राजबन्दी जीवन बिताइरहेका छन्। घटनालाई बल्झाउनेभन्दा त्यसको समाधान खोज्नु नै अहिलेको आवश्यकता हो। थारू र गैरथारू मिलेर बस्नु नै यहाँ समृद्धि सम्भव छ। एकापसमा तिक्तता पालेर बस्ने हो भने, त्यस्तो घटना पुन: दोहोरिन सक्ने खतरा रहिरहन्छ र एकापसको द्वण्द्व समाधान हुँदैन। समस्या जहाँ पर्छ, त्यहीबाट समाधान खोजिनुपर्छ। समस्या समाधान हामी सबै मिलेरै गर्ने हो। आज थारू पीडित छन्, भोलि गैरथारू पीडित हुनसक्छन्। दुवैको सहयोग र सहकार्य भएमात्र हामी समस्या र चुनौतिको सहज सामना गर्न सक्छौं। मिलेर बस्नसक्यौं भने मात्र समाज रूपान्तरण हुन्छ। समाज रूपान्तरण भएमा समृद्धि कायम हुन्छ। समस्याको समाधान प्रदेश पाउनु हुँदैहोइन। समान अवसर र सहभागीता प्रमुख हो। सुदूरपश्चिम होस् कि थरूहट प्रदेश। नागरिकलाई समान न्याय र सामाजिक समानता नहुने हो भने त्यसको के [redacted]

*[redacted] य सदस्य, नेपाल पत्रकार महासंघ)*

# यदि राजपा चुनावमा नजाने हो भने संसद्मा पनि किन बस्ने ?



**उपेन्द्र यादव**
**अध्यक्ष**
**संघीय समाजवादी फोरम नेपाल**

अहिले फेरि चुनावचिन्ह माग्दै हुनुहुन्छ त्यो चुनावमा भाग लिनका लागि नै हो। जब चुनावमा जानका लागि यत्रो गरिराख्नु भएछ भने फेरि नौटंकी किन उहाँहरू गर्नु हुन्छ। तेत्रो गलत आरोप-प्रतिआरोप किन लगाउने।

**० तपाई अहिलेको राजनीतिक अवस्थालाई कुन रूपमा लिनु भएको छ ?**

– मुलुकमा एकात्मक केन्द्रिकृत प्रणाली अन्त्य भइसकेर संघीय प्रणालीमा गइसकेको, राजतन्त्रको अन्त्य र गणतन्त्रमा गइसकेको अवस्थामा संस्थागत हुन सकेको छैन। संवैधानिक र व्यावहारिक रूपले लामो संक्रमणकालीन अवस्थाको पीडा मुलुकले भोगेको, सत्ता र भागबण्डाको राजनीतिले ग्रसित भएको मुलुक हो। त्यसकारणले अहिले पनि मुलुकलाई अस्थिर, अन्योल र अनिश्चित दिशातर्फ जबरजस्ती धकेलिँदैछ।

**० तपाईंको पार्टीले पहिलो चरणको निर्वाचनमा जुन मत पायो त्यो मतले तपाई र तपाईको पार्टी कतिको सन्तुष्ट हुनुहुन्छ ?**

– हामी अत्यन्त उत्साहित छौं। एकदमै छोटो समयमा हाम्रो पार्टीले हिमाली भेग, पहाडी भेग र अति विकट क्षेत्रमा पनि हाम्रा झण्डाहरू फहराए। त्यसबाट हामी अत्यन्त उत्साहित छौं।

**० पहिलो चरणको निर्वाचन हुनु अगाडि तपाई भन्दै हुनुहुन्थ्यो कि संविधान संशोधन जबसम्म हुँदैन तबसम्म हामी निर्वाचनमा सहभागी हुन्न भनेर तर एक्कासी तपाईको पार्टी चुनावमा संशोधन छोडेर किन गयो त ?**

– सम्भावित प्रतिगमन र विगतको प्राप्त उपलब्धीलाई सुरक्षा गर्न, संविधान संशोधन गर्न, मधेश, आदीवासी जनजातिका सवालहरूलाई यथावत राख्दै त्यो मुललाई बोक्दै स्थानीय निकायको चुनावमा हामीले भाग लियौं। हामीले भाग लिएर मुलुकले एउटा जनप्रतिनिधि पाएको छ र निर्वाचनको वतावरण बनेको छ। यदि हामीले भाग नलिएको भए मुलुक अत्यन्त संकटग्रस्त अन्योलमा जान्थ्यो। विगतमा आन्दोलनबाट प्राप्त गरेका उपलब्धिहरू गुम्थ्यो। त्यसकारणले हामीले विगतका उपलब्धिलाई रक्षा गर्ने, थप उपलब्धिका लागि शक्ति सञ्चय गर्न निर्वाचनलाई उपयोग गर्ने रणनीतिअन्तर्गत हामी चुनावमा सहभागी भएका हौं। हामीले जतिबेला संविधान संशोधन नभई चुनावमा जाँदैनौं भन्थें त्यतिबेला संशोधन विधेयक संसदमा दर्ता भएको थिएन। अहिले त्यो प्रक्रियामा छ, दुई तिहाई पुग्ने बितिकै त्यो पारित गराउनु पर्छ। सरकारले इमान्दारितापूर्वक लागेको भए पारित पनि भइसकेको हुन्थ्यो। तर, सरकारले र प्रमुख प्रतिपक्ष दलले त्यो इमान्दारिता, गम्भिरता देखाउन सकेन।

**० तपाई आफ्नै निर्णयविपरीत निर्वाचनमा जानु भयो भनेर राजपा नेपालका नेताहरूले आरोप लगाइरहेका छन् नि ?**

– उहाँहरू पनि निर्वाचनमा सहभागी हुन पछि-पछि आउँदै हुनुहुन्छ। अब हेर्नु के छ भने उहाँहरू कुन-कुन मुद्दा पुरा गराएर र कुन-कुन एजेण्डा छोडेर आउनु हुन्छ। अर्को कुरा मुलुकमा निर्वाचन नै हुन नदिने र प्राप्त उपलब्धिलाई समाप्त पारेर मधेशको मुद्दा सम्बोधन हुनेबाला छैन। त्यसकारण मधेशको मुद्दा सम्बोधन गराउनका लागि स्थानीय निकायमा मधेशका शक्तिहरू बलियो हुनु आवश्यक छ। जसले थप शक्ति प्राप्त गर्छ। जुन शक्तिलाई प्रयोग गरेर मधेशको मुद्दालाई सम्बोधन गराउन सकिन्छ। त्यसकारणले यो लाइन भनेको अहिलेको नेपालको लागि उपयुक्त लाइन हो। यदि चुनावमा नजाने हो भने संसदमा पनि किन बस्ने हो र ? अनि राजपाले आन्दोलनको कुरा पनि गरिरहेको छ, अर्कोतिर सरकार बनाउनेतिर पनि लागिरहेको छ।

**० संघीय गठबन्धनको संयोजकबाट तपाईलाई किन हटाइएको हो ?**

– यस्तो फोहोरी राजनीतिक खेलको पछाडी नलागौं। यो राजनीतिको अत्यन्त घृणित र फोहोरी खेल हो। कसैलाई संयोजक बन्नु थियो भने मैले पहिले नै भने मलाई भनेको भए म आफै फुल माला लगाएर उहाँको मनोकांक्षा पुरा गरि दिन्थें। यसबाट कुनै गोल्ड मेडल त पाउने कुरा होइन। तथापी पनि गरिहाले जसले आफ्नो जात देखाइहाले। एउटा कुरा के महत्वपूर्ण छ भने बैसाख ९ गते राती बालुवाटारमा सम्झौता गरेर आन्दोलनलाई किन फिर्ता लिइयो। एकमहिना अगाडी बढेको आन्दोलनलाई स्थगित गराएको हो नि। किन गऱ्यो त, चुनावमा जानको लागि होइन ? एकै चरणमा निर्वाचन हुनु पर्छ भन्ने कुराको हामीले अडान लिइरहेको बेला उहाँहरू दुई चरणको चुनावमा जानका लागि भनेको हो। त्यो के-को लागि हो। किनभने उहाँहरू पनि चुनावमा जानका लागि चाहिरहेको थियो। १६ गतेको नोमिनेशनलाई १९ गते सार्न लगाएको हो त्यो के को लागि-चुनावमा जानको लागि हो। अनि त्यसपछि निर्वाचन आयोगमा चुनाव चिन्ह देउ हामी चुनावमा जान्छौं भन्ने कुरा पनि चुनावमा लड्नका लागि भनेको हो। तर उहाँको पार्टी नै दर्ता नभएको र चुनावचिन्ह नै नभएपछि त चुनामा जाने कुरा भएन। र अर्को कुरा के हो भने पहिलो चरणको चुनाव उहाँहरूको अस्तित्व नभएका जिल्लाहरूमा भएको छ। त्यहाँ उहाँहरूको कुनै अस्तित्व छैन चुनावमा भाग लिने। पहिलो चरणको चुनावमा भाग लिने उहाँहरूको स्थिति भएको भए उहाँहरू यत्रो काम गरेको हो त्यो चुनावमा भाग लिनको लागि नै हो। अहिले फेरि चुनावचिन्ह माग्दै हुनुहुन्छ त्यो चुनावमा भाग लिनका लागि नै हो। जब चुनावमा जानका लागि यत्रो गरिराख्नु भएछ भने फेरि नौटंकी किन उहाँहरू गर्नु हुन्छ। तेत्रो गलत आरोप-प्रतिआरोप किन लगाउने।

उहाँहरू पनि निर्वाचनमा सहभागी हुन पछि-पछि आउँदै हुनुहुन्छ। अब हेर्नु के छ भने उहाँहरू कुन-कुन मुद्दा पुरा गराएर र कुन-कुन एजेण्डा छोडेर आउनु हुन्छ।

**० तर राजपाका नेताहरूले तपाई चुनावमा गएर मधेशी जनतासँग विश्वासघात गर्नु भयो र दोहोरो चरित्रको राजनीति भएको आरोप लगाउँदै छन् नि ?**

– निश्चित रूपमा त्यहाँको चरित्र हेर्ने हो भने कोही ज्ञानेन्द्रको क्याबिनेटमा पनि बसेका त्यहाँ छन्। मण्डले पृष्ठभूमि बोकेका मान्छेहरू पनि त्यहाँ छ। त्यसपछि मधेश जनविद्रोहको बेला सरकारमा रहेर मधेशी जनतामाथि गोली चलाउनेहरू पनि त्यहीं छन्। त्यसकारणले यो रङ्गीचङ्गी विरङ्गी बटुलेर थरी-थरीका कुराहरू गर्न सुहाँउदैन। संसदीय व्यवस्था मान्ने भएपछि चुनावमा जानु पऱ्यो। अर्को कुरा के हो भने उहाँहरू चुनावै विना आएको होइन। भोली प्रदेश र केन्द्रको चुनावमा के गर्नु हुन्छ। त्यसले क्षणिक क्रान्तिकारी कुरा गरेर केही हुनेबाला छैन। दीर्घकालीन सोच बनाएर अगाडी बढ्नु पर्छ। स्थानीय निकायको चुनावमा नजाँदैमा मधेशका बाँकी मुद्दा सम्बोधन हुन्छ त ?

**० मधेशी जनताले माग पुरा नहुँदै उपेन्द्र यादव पहिलो चरणको चुनावमा जानु भो, त्यस्तै दोस्रो चरणको चुनावमा जानु हुन्छ कि भनेर आशंका गरिराखेका छन् नि ?**

– पहिलो कुरा, अहिलेका मधेशका नेता भनाउँदाहरू छन् तिनीहरू मधेश जनविद्रोहमा जनताको हत्या नरसंहार गरिरहेको बेलामा लडेर यो मुलुकमा संघीयता, गणतन्त्र, प्रदेश, पहिचान र आरक्षणका कुराहरू कसले ल्याएका हुन्। २२ बुँदे सम्झौता कसले गरेका हुन्। यो मुलुकमा गणतन्त्र कहाँबाट आयो, संघीयता कहाँबाट आयो। यत्रो परिवर्तन ल्याउने फोरम नेपाल अनि तिनीमाथि गोली ठोक्नेले यस्तो भन्न मिल्छ। यस्ता हिलो छ्याप्पाछ्याप खेलिरहँदा देशचाहीँ इमान्दारितापूर्वक लागेन। आन्दोलन फिर्ता लिने को ? दुई चरणमा चुनाव गराउने को ? नोमिनेशनको मिति बढाउने को ? निर्वाचन आयोगमा चुनावचिन्ह देऊ हामी चुनावमा जान्छौं भन्ने को ? यी सब कुरा भइसके पछाडी एउटा भनाई छ नि 'अगुँर खट्टा, अगुँर खाए कौन' भन्ने जस्तै भए। स्थानिय निकायको चुनावलाई हुन नदिएर मुलुकलाई बन्धकमा राखेर माग पुरा हुन्छ त ? निर्वाचनलाई बहिष्कार गरेर माग पुरा हुन्छ त ? बहिष्कार गर्न जानु पर्थ्यो नि पहिलो चरणको चुनावमा कहाँ थियो त्यतिबेला। बहिष्कार त विप्लवले गरेको थियो, गोली चलायो बम पड्कायो तर पनि ७४ प्रतिशत चुनाव भयो। त्यसकारणले केहो भने निर्वाचन भनेको लोकतान्त्रिक प्रक्रिया तथा पद्धति हो जसलाई आत्मसात गर्दै आफ्ना मुद्दालाई लिएर चुनावमा जाने र शक्ति सञ्चय गरेर एजेण्डालाई सम्बोधन गराउन संघर्ष गर्ने। त्यो बाटो हामीले लिएको जुन हाम्रो र उहाँहरूको लाइन फरक हो। तर पछि उहाँहरू पनि त्यही लाइनमा आउने हो।

**० पहिलो चरणको चुनावमा तपाई नयाँ शक्ति पार्टीसँग चुनावी सहकार्य गर्नु भयो, दोस्रो चरणको चुनावमा कोसँग सहकार्य गरेर जानु हुन्छ ?**

– संघीयता पक्षधर मधेशका मुद्दालाई सर्मथन गर्ने परिवर्तनकारी शक्तिहरूसँग हाम्रो चुनावी सहकार्य हुन् सक्छ।

(मधेशवाणीका लागि विजय यादवले गरेको कुराकानीको सम्पादित अंश)

# कोठा बाहिर छाप लगाएर मधेशी एकता देखाउनुपर्छ

एक मधेश एक प्रदेशको त कुरै छोडौं, मधेशमा दुई प्रदेशको समेत पूरा गरिएन। समानुपातिक समावेशी, सेना प्रहरीमा पनि समानुपातिक समावेशी, भाषा, नागरिकलगायत कुनै पनि सवाल सम्बोधन भएको छैन। यसरी कुनै माग नै पूरा नभएको अवस्थामा कसरी कुनै पार्टीलाई मत दिने त ? अर्को कुरा मधेशमा दर्जनौं चुनाव चिह्न दिएर मधेशीको जनमतलाई टुक्राउने कोशिस गरिएको छ।



**डा.सीके राउत**
**संयोजक**
**स्वतन्त्र मधेश गठबन्धन**

**० तपाईं हिरासतमुक्त भएपछि केमा व्यस्त हुनुहुन्छ ?**

– हामीले माघ ५ गते लहानमा सभा गरेका थियौं। त्यो सभा भव्य रूपमा सफल भएको थियो। त्यसकै परिणामस्वरूप शासक वर्गहरू डराएर माघ २० जनकपुरस्थित डेराबाट लहान पुऱ्याइयो। मलाई लहानमा हिरासतमा राखेर राज्यविरूद्धको सांगठनिक अपराधको मुद्दा लगाइयो। त्यहाँ अदालतले सफाई दिइसकेपछि रूपन्देही लेगेर पनि मुद्दा चलाइयो। त्यहाँबाट पनि सफाई दिइसकेपछि फेरि रौतहटमा ल्याएर राज्यले दुःख दिने काम गऱ्यो। त्यस्तै प्रकृतिका मुद्दाहरू काठमाडौंस्थित विशेष अदालतमा पनि चलिरहेका छन्। त्यसकै तारिखका लागि म काठमाडौं आएको हुँ।

**० स्थानीय तहको दोश्रो चरणको चुनावको मिति नजिकिँदैछ। यो निर्वाचनलाई तपाईंले कुन रूपमा लिनुभएको छ ?**

– यसमा मधेशी जनताका साथै शुभचिन्तकलगायत सबैले विचार गर्नुपर्छ। उनीहरूले गम्भीर भएर सोच्नुपर्ने अवस्था आएको छ। संविधान जारी हुनुअघि देखि नै मधेश आन्दोलनरत छ। मधेशमा ६० जनाभन्दा बढी मानिसले शहादत दिएका छन्। जुन माग राखेर आन्दोलन थालिएको थियो, त्यसमध्ये कुनै पनि माग पूरा भएको छैन। मधेश प्रदेश, समानुपातिक समावेशी, नागरिकता, भाषालगायत कुनै पनि मुख्य माग पूरा हुन सकेको छैन। तर, पनि ६० जनाभन्दा बढी मधेशीको बलिदानी दिलाउने कालो संविधानलाई वैधता दिने षड्यन्त्रका रूपमा मधेशमा चुनाव गराउन खोजिँदैछ। स्थानीय तहको चुनावको शिकार केही पार्टीहरू पनि भइसकेका छन्। जनताको बलिदानीलाई बेवास्ता गर्दै केही पार्टी सत्ता र भत्ताको लोभमा चुनाव जान लागेका छन्। निर्वाचनमा भाग लिने र सत्ताभत्ता खाने प्रबृति देखिन्छ। त्यसैले मधेशी जनता सचेत हुनु आवश्यक छ। त्यसकारण यो निर्वाचनलाई कुनै पनि हालतमा वैधता दिने काम गर्नु हुँदैन। त्यसैले यो चुनावको प्रतिवाद गर्न हामी तयार छौं। सरकारले संविधानलाई वैधता प्रदान गर्ने षड्यन्त्र स्वरूप स्थानीय चुनाव गराउँदैछ। त्यसैले हामीले त्यही प्लेटफर्मलाई प्रयोग गरेर जवाफ दिने तयारी गरेका छौं। जसको फलस्वरूप हामीले 'कोठा बाहिर छाप' लगाउने अभियान चलाएका छौं। हामीले यो चुनावलाई बहिष्कार गर्दैछौं। तर, हामीले हिंसात्मक वा घरभित्र बसेर चुनाव बहिष्कार गर्न भनेका छैनौं। हामीले सक्रिय र शान्तिपूर्ण बहिष्कार गर्छौं। मतदान केन्द्रमा जाने र कोठा बाहिर छाप लगाउने अभियान चलाएका छौं। मतपत्रको एक कुनामा छाप लगाउन आह्वान गरेका छौं। हामीले यहाँ निर्वाचन बहिष्कार गरिएको भन्ने कुरा शासकलाई मतपत्रकै माध्यमबाट देखाउन खोजेका हौं। हामीले यसलाई कडा बहिष्कार र प्रतिवादका रूपमा अगाडि सार्दै छौं। त्यसैले मधेशका माग पूरा नभएसम्म कुनै पनि निर्वाचन मान्य छैन।

**० यो अभियानले मधेशी जनतालाई के उपलब्धि हासिल हुन्छ ?**

– चुनाव मधेशी जनताले स्वीकार नगरेको कुरा राष्ट्रियका साथै अन्तर्राष्ट्रिय समुदायले थाहा पाउने छन्। यो एक किसिमको औपचारिक आन्दोलन हो। यो सशक्त आन्दोलन हो। यो पैसा दिएर भीड जम्मा पार्ने आन्दोलन पनि होइन। यो अभियानअन्तर्गत सबै जना निस्वार्थ भावले तबदर गर्न जानेछन्। यसले गर्दा शासक वर्गलाई पनि मधेशी जनताका माग सम्बोधन गर्न दबाब पुग्नेछ। यसका साथै मधेशी जनताले अहिले पनि संविधान स्वीकार गरेका छैनन् भन्ने कुरा अन्तर्राष्ट्रिय समुदायले थाहा पाउँछन्।

**० मतपत्रको कोठा बाहिर मतदानबाट तपाईंहरूले के पाउनु हुन्छ ?**

– कोठा बाहिरको मत गणनापछि चुनाव बहिष्कार गर्ने जनताको प्रतिशत आउँछ। शासकहरूले ९० प्रतिशत जनताले बनाएको संविधान भनिरहेका छन्। तर, हामीले मतपत्रको बाहिर छाप लगाएर मधेशी जनताले बहुमतमा यो कुरालाई अस्वीकार गरेको प्रमाणित गर्ने छौ। मानौं हामीले ५१ प्रतिशत तबदर गर्‍यौं भने निर्वाचन नै फेल हुन्छ। उनीहरूले भयपूर्ण वातावरण बनाएर निर्वाचन गराउन खोज्दैछन्। तर, हामी शान्तिपूर्ण तरिकाबाट जवाफ दिने छौं। ५१ प्रतिशत जनताको तबदर भयो भने अन्तर्राष्ट्रिय समुदायले बहुसंख्यक जनता के चाहन्छन् भन्ने कुरा थाहा पाउँछन्।

**० मधेशी जनताले मतपत्रको कोठा बाहिर मतदान गऱ्यो भने त्यसपछिको अवस्था कस्तो हुनेछ ?**

– नेपालको कालो संविधानले वैधता गुमाउनेछ। यस्तो अवस्थामा शासक वर्गले मधेशी जनतालाई अधिकार सम्पन्न बनाउने छ। होइन भने यो कुरा जनमत संग्रहका रूपमा जानेछ।

**० तपाईंहरूले भनेकै आधारमा जनताले मतपत्रको कोठा बाहिर किन छाप लगाउने ?**

– किन भने मधेशी जनताका कुनै माग पूरा भएको छैन। करिब दुई वर्षदेखि मधेशी जनता आन्दोलित छन्। उनीहरूले कुनै कसर बाँकी राखेका छैनन्। बलिदानी दिएका छन्। ठूलो नाकाबन्दी पनि मधेशीहरूले नै झेले। आर्थिक रूपमा त्यही नै क्षति भयो। त्यति ठूलो क्षति व्यहोर्दा पनि कुन माग पूरा भयो त ? मधेशकेन्द्रित दलले ११ बुँदे माग पूरा गरेका थिए, त्यसमध्ये एउटा पनि माग पूरा भएको छैन। एक मधेश एक प्रदेशको त कुरै छोडौं, मधेशमा दुई प्रदेशको समेत पूरा गरिएन। समानुपातिक समावेशी, सेना प्रहरीमा पनि समानुपातिक समावेशी, भाषा, नागरिकलगायत कुनै पनि सवाल सम्बोधन भएको छैन। यसरी कुनै माग नै पूरा नभएको अवस्थामा कसरी कुनै पार्टीलाई मत दिने त ? अर्को कुरा मधेशमा दर्जनौं चुनाव चिह्न दिएर मधेशीको जनमतलाई टुक्राउने कोशिस गरिएको छ। छिन्न-भिन्न पारेर मधेशी जनतालाई कमजोर पार्ने काम भएको छ। यस्तो अवस्थामा कम मत आउँदा शासक वर्गले 'तपाईंहरूसँग त जनमत नै छैन, कसरी माग पूरा गर्ने' भन्छ। त्यसैले पहिला जनमत देखाउनुपर्छ। अहिले मधेशी एकता देखाउने समय हो। मतपत्रको बाहिर छाप लगाए पछि मधेशी एकता देखिनेछ। कति प्रतिशत जनताले कोठा बाहिर छाप लगाए भन्ने प्रतिशतले मधेशी जनमत कत्ति रहेछ भन्ने कुरा देखिन्छ।

**० भनेपछि मधेशकेन्द्रित दलले मधेशीको अधिकार दिलाउन सक्दैनन् ?**

– त्यो त सबैले देखिसकेका छन्। त्यत्रो दिनसम्म आन्दोलन चल्यो, त्यतिका त्याग र बलिदान मधेशी जनताले गरे। तर, सानो भन्दा सानो कुरा पनि मधेशकेन्द्रित दलले पूरा गराउन सकेका छैनन्। शासक वर्गले एउटा चुनाव चिह्न दिनसमेत राजी भएको छैन। उसले ठाडै शब्दमा भन्छ कि तपाईंहरू एउटा रौं पनि दिन्नौं। यो हामी डेढ वर्षदेखि देखिरहेका छौं। सयौं पटक वार्ता भयो। नेताहरू बिस्कुट खान जान्छन्। अझ् बिस्कुटभन्दा बढी त गाली खाएर फर्किन्छन्। मधेशीलाई केही नदिने शासक वर्गलाई यहाँ निर्वाचन गराउने अधिकार पनि छैन। त्यसैले शान्तिपूर्ण रूपमा चुनाव बहिष्कार गर्ने तरिका भनेकै राइट टु रिजेक्ट हो। मतपत्रको कोठा बाहिर छाप पनि एउटा राइट टु रिजेक्टकै माध्यम हो।

**० मधेशीहरूका कुन माग पूरा भए, निर्वाचनमा भाग लिने अवस्था आउन सक्छ ?**

– विगतका ८ बुँदे, २२ बुँदे, ११ बुँदे लगायत माग पूरा भयो त ? मधेश आन्दोलनले एक मधेश एक प्रदेशको नारा लगाएको थियो। मधेश एक प्रदेशका लागि त्यतिको संख्यामा बलिदानी भयो। त्यो माग पूरा हुनुपऱ्यो। समानुपातिक समावेशी, प्रदेशलाई आत्मनिर्णयको अधिकार दिनुपऱ्यो। यो मैले आफ्नो कुरा भनेको होइन, आन्दोलनरत दलहरूले राखेका माग पूरा भएको छैन। त्यसैले विगतका सहमति पूरा भएपछि मात्र निर्वाचनमा भाग लिने कुरा आउन सक्छ। मधेशकेन्द्रित दलले अहिले पनि भन्दैछन्, संविधान संशोधन भएपछि चुनावमा भाग लिने। अब संशोधन नै भएको छैन भने तपाईंहरू कसरी चुनावमा भाग लिने ? यो मधेशी जनताप्रति पूर्ण रूपमा धोका हो। कमसे कम अहिलेको ११ बुँदे त पूरा गराउनु पऱ्यो। अनि मात्र मधेशकेन्द्रित दलले चुनावमा भाग लिनुपर्छ।

**० तपाईं हिरासत हुँदा अमानवीय व्यवहार भयो भनेर खबरहरू आउथ्यो। कस्तो किसिमको अमानवीय व्यवहार भयो ?**

– एउटा सामान्य उदाहरण दिन्छु। मधेशी राष्ट्रपति बन्दा उहाँको इज्जत कस्तो थियो, भन्ने कुरा हामीले देखैकै र भोगेकै हौं। साधारण पार्टीका नेताले पनि उहाँलाई गाली गर्थे। यही ट्राफिक जाम हुँदा आफ्नै नागरिकले राष्ट्रपतिलाई लज्जास्पद गाली गर्थे। अब मधेशी राष्ट्रपति जस्तो व्यक्तिको हालत यो देशमा यस्तो छ भने हिरासत पुगका मधेशीको हालत कस्तो होला। हामी सहजै अनुमान लगाउन सक्छौं। स्पष्ट रूपमा यहाँ निरंकुश शासक वर्गको सत्ता छ। उनीहरूले मधेशीलाई मानवमा गनेका छैनन्। मधेशीलाई उनीहरूले कहिले आँप झरेको भन्छन्, त कहिले माखे साङ्लो भन्छन्, कहिले मनु मखु (मान्छे होइन) भन्छन्। यहाँ मधेशीको मानवअधिकार कुरा हुँदैन। यस्तो परिस्थितिमा हिरासतमा यातना दिइनु स्वभाविक हो। कतिपय ठाउँमा लागूऔषधलगायत मुद्दामा हिरासत रहेका कैदीहरूबाट समेत कुटपिट गर्न लगाइन्छ। त्यसैले मावनअधिकारकर्मीलाई आवाज उठाउन अपिल गर्छौं।

**० अन्त्यमा के भन्न चाहनुहुन्छ ?**

– म मधेशी जनतासमक्ष आह्वान गर्न चाहन्छु। तपाईंहरू वितग ६०-७० वर्षदेखि आन्दोलन गर्दै आउनुभएको छ। नागरिकताका लागि मात्रै भए पनि ७० वर्षअघि पनि संघर्ष भएको थियो। त्यसबेला पनि कुनै न कुनै रूपमा मौखिक तथा लिखित सहमतिहरू भएका थिए। अहिले पनि त्यही हुँदै आएको छ। मधेशीले माग पूरा गराउन कुनै कसर बाँकी राखेका छैनन्। बालिदानी पनि दिएका छन्। तर, नेताहरूले शासक वर्गसँग सम्झौता गर्छन् र धोका खान्छन्। यस्तो बारम्बार हुँदै आएको छ। त्यसकारण यसपाली धोका नखाऊ। मधेशी जनताको धेरै बलिदानी भएको छ। नेताहरूलाई सत्तामा पुऱ्याउने भऱ्याङ नबनोस्, बदिलानी।

# प्रकृति, वातावरण र हाम्रो सम्बन्ध

हेम चन्द्र महतो



विज्ञानले एक पछि अर्को चमत्कार गर्दै गइरहेको छ। त्यसैले मानवीय उन्नती गरिरहेको छ। आज मानवीय जीवनलाई सहज, सुविधायुक्त, छिटो, छरितो बनाउने वैज्ञानिक चमत्कार हो।

विश्व वातावरण दिवस एक अन्तराष्ट्रिय दिवस हो। संयुक्त राष्ट्रसंघद्वारा घोषित यो दिवस वातावरण संरक्षणका लागि विश्वमै राजनीतिक र सामाजिक जनचेतना जगाउने उदेश्यका साथ सन् १९७२ को ५ जुनदेखि १६ जुनसम्म संयुक्त राष्ट्रसंघको महासभाले विश्व वातावरण सम्मेलनको आयोजना गरेको थियो। सम्मेलनको एक वर्ष पछि वातावरणीय संरक्षणको आवश्यक्ता महसुस गरी ५ जुन १९७३ मा पहिलो पटक विश्व वातावरण दिवस मनाउन सुरू गरिएको हो। त्यसै अनुरूप नेपालले पनि पक्ष राष्ट्रको रूपमा सन् २००० देखि हरेक वर्ष यो दिवस मनाउदै आएको छ। वातावरण सम्बन्धि सोचाई र बुझाईमा सकारात्मक परिवर्तन ल्याउनु वातावरण दिवसको महत्वपुर्ण उद्देश्य रहेको हो। हरेक वर्ष यो दिवस एउटा नारा तय गरि मनाउने प्रचलन रहेको देखिन्छ। **विश्व वातावरण दिवस २०७४ को नारा प्रकृतिसँग हाम्रो सम्बन्ध : रहीरहोस अनन्त** रहेको छ। नेपालको सन्दर्भमा यो नारा निकै सान्दर्भिक र उपयोगि रहेको छ।

प्रकृति एक जटिल संरचना हो। प्रकृति, वातावरण र मानव जाति बिच अन्तर्सम्बन्ध हुन्छ। यस प्रकारको उचित सम्बन्धले मानव सभ्यतालाई दीर्घायु प्रदान गर्छ। मानव सभ्यताको आधार नै प्रकृति हो। प्रकृति र मानव एक रथका दुई पांग्रा हुन। यी दुवै वीचको सम्बन्ध एक अर्कामा आश्रित रहेको हुन्छ। प्रकृति विना मानवको जीवन कल्पना समेत गर्न सकिदैन। हामीले दिनानुदिन यो वा त्यो वहानाले प्रकृतिको दोहन गरिरहेका छौ। फलस्वरूप प्रकृतिमा देखिने हरेक परिवर्तनले मानव जीवनमा गम्भिर प्रभाव पार्दै आएको छ।

हाम्रो आसपासका प्राकृतिक र मानव निर्मित भौतिक, सामाजिक र सांस्कृतिक संरचनाहरू हाम्रा वातावरण हुन्। वातावरण भन्नाले पृथ्वीमा कायम जलमण्डल, वायुमण्डल र भूमण्डल बिचको अन्तरसम्बन्ध हो। बाँच्नको लागि अनुपयुक्त परिस्थिति निमार्ण हुनुलाई प्रदुषण भनिन्छ। वातावरणीय प्रदुषणले वातावरणीय समस्या निमत्याउछ। बढदो तापक्रम र असन्तुलित रूपमा भएको मौसम परिवर्तनको कारण (धरती र प्रकृति) वातावरण, पर्यावरण र मानव समुदायबीचको सम्बन्धमा असन्तुलित परिवर्तन देखा परेको छ। भौतिक विज्ञान र विकासको असन्तुलित प्रयोगले रैथाने बोटबिरूवा र जीवजन्तुहरू लोपोन्मुख अवस्थामा पुगेका त छन् नै, प्राकृतिक सन्तुलनलाई कायम नराख्ने हो भने केही वर्षभित्र ती लोपोन्मुख जीवजन्तुहरू यस धरतीबाट लोप हुनेछन्। तसर्थ मानवले वातावरणीय समस्याहरू तत्काल महशुस नगरे पनि कालान्तरमा जटिल समस्याहरू भोग्नु पर्दछ। नेपालमा अतिवृष्टि, अनावृष्टि, हिमशिखरहरू पग्लेर कालापत्थर हुदै जानु, नदीको सतहहरू गणितीय रूपमै घटदै जानु, अश्वभाविक ऋतु परिवर्तन हुनु, हिमतालहरू फुटनु, वनस्पति र जीवजन्तु लोप हुदै जानु जस्ता देखिएका वर्तमान वातावरणिय असरहरू वातावरणिय चुनौति थपिएको छ। यस्ता चुनौतिहरूको सामाना गर्न मानव समुदायले वातावरण संरक्षण बारे साझा चासो बढाउनु पर्ने आवश्यक्तालाई विश्व वातावरण दिवसले महसुस गराउँदछ।

नेपालमा देखिएका वर्तमान वातावरणिय असरहरूलाई न्युनिकरण गर्न सर्वप्रथम मानिसमा वातावरणिय चेतनाको जरूरी पर्दछ। प्राकृतिक वातावरण र विकासका अवयवहरूलाई वैज्ञानिक तवरले बुझ्नु या थाहा पाउनु वातारिणिय चेतना हो। वातावरणिय चेतना मानिसको थाहा पाउने नैसर्गिक अधिकार हो र उक्त चेतनाको उपयोग व्यवहारमा लागु गर्नु नागरिक दायित्व हो। वातावरणिय चेतनाले भएको मानिसले मात्र आफ्ना क्रियाकलापको वातावरणिय प्रभावका बारेमा सुझबुझ राख्दछ। समग्रतामा नागरिकहरूको चेतना नै त्यो समाज या राज्यको चेतना हो। उसो त नेपालमा सरकारी तथा गैह्रसरकारी सरोकारवाला पक्षबाट वातावरणिय चेतनाका लागि विश्व वातावरण दिवसका अवसरमा सहभागितामुलक जनचेतनामुलक, रचनात्मक तथा अभियानमुखी कार्यक्रमहरू जस्तै चेतनामुलक ऱ्यालि, वृक्षारोपण, चित्रकला, निबन्ध प्रतियोगिता, काठमाण्डौमा बाग्मति सफाई इत्यादी प्रत्येक वर्ष गरिदै नआएका होइनन। तर नेपालको वातावरणिय चेतनाको स्तर कति ? यसको ठोस मापदण्ड खोज्न कठिन हुन्छ। जे भए पनि प्राय: सबैजसो वातावरण, स्वास्थ्य र मानव अधिकारका अभिसन्धिमा नेपालले हस्ताक्षर गरेको छ। तसर्थ नेपाल विश्व सामु आफु सवस्थ वातावरण प्रति चेतनशील भएको बताएको छ।

वास्तवमा भन्ने हो भने नेपालमा वातावरण संरक्षणका कार्यहरू दृढ संकल्पित भएर गर्यौं भने हाम्रो देशमा प्रचुर सम्भावनाहरू पनि छन। प्रकृतिले हामीलाई ठगेको पटक्कै छैन। हाम्रो देश प्रकृतिमा धनि छ। अपार जलस्रोत, वनजंगल, जडीबुटीको भण्डार, प्रकृतिको गर्भमा सुनचाँदि, तामा, फलाम, ग्याँस, पेट्रोल, खनिज पदार्थ आदी हामी संग छ। सही निती नियम बनाई उचित सदुपयोग गर्न सके उद्योग धन्दा फष्टयाउनुको साथै रोजगारी वृद्धी गरी देश आर्थिक, सामाजिक विकासमा टेवा पुग्ने प्रचुर सम्भावनाहरू पनि रहेका छन्।

मानविय क्रियाकलापका कारण वातावरणमा परिरहेको असर न्युनिकरणका लागि चेतना जगाउन यो दिवस निकै महत्वपुर्ण अवसर हो। वातावरण संरक्षणका लागि आफु सचेत भई अरूलाई पनि सचेत गराउँदा मात्र यो दिवस मनाउनुको सार्थकता हुन्छ। पृथ्वीमा रहेका सबै मानिसले वातावरण संरक्षणका लागि जिम्मेवारी बोध गर्नु पर्दछ र प्रत्येक व्यक्तिले वातारण संरक्षणका कार्य बारे जानकारी लिने र सोच्ने बानीको विकास गरेको खण्डमा वातावरण दिवस मनाएको औचित्य पुरा हुन्छ। विश्वभरका मानिसले साझा चिन्ता र चासो लिदै वातावरण दिवस मनाउनुपर्दछ। आफ्नो लागि भन्दा पहिला प्रकृति संरक्षणका लागि एकजुट हुनुपर्दछ।

वैज्ञानिक चमत्कार र मानविय उन्नती भित्र प्रकृतिको विनाश समेटिनु हुदैन। यि दुवै फरक फरक विषय हुन। विज्ञानको चमत्कार र मान्छेको उन्नतीको सार प्रकृती भित्रै रहेको छ। विज्ञानले एक पछि अर्को चमत्कार गर्दै गइरहेको छ। त्यसैले मानवीय उन्नती गरिरहेको छ। आज मानवीय जीवनलाई सहज, सुविधायुक्त, छिटो, छरितो बनाउने वैज्ञानिक चमत्कार हो। बढदो जनसंख्या, अव्यवस्थित संरचना, जथाभावि प्राकृतिक स्रोत साधनको प्रयोग, दुरूपयोग आदीले प्रकृतिको विनाश हुदै गइरहेको छ। सबैले दीर्घकालिन सोच बनाएर प्रकृतिको विनास रोक्नु पर्दछ। प्रकृति, वातावरण र मानिस भन्दा फरक सुनिए पनि यि एक हुन्। यिनहिरू एक अर्का संग अन्योन्याश्रित सम्बन्ध राख्दछन्। प्रकृति, वातावरण र मानिसको भिन्ना भिन्नै व्याख्या, सोच विकास सम्भव छैन। यसले प्रकृतिमै असन्तुलन कायम गर्दछ। मानिस चेतनशिल प्राणी भएकोले प्रकृति र वातावरण वीच सन्तुलन कायम राख्न अग्रसर हुनुपर्दछ। वातावरण सुरक्षित बनाइ प्रकृतिमा सन्तुलन कायम राख्नु नै मानिस स्वयं संकटमुक्त हुनु हो।

(स.वन अधिकृत, वन विभाग, काठमाण्डौ हाल: स्नातकोत्तर (वन विज्ञान), कृ.त.व.वि.वि., हेटौडा)

# महोत्तरीका दलहरूलाई उम्मेदवार छान्न सकस

जलेश्वर। स्थानीय तहको दोस्रो चरणको निर्वाचनको उम्मेदवारीको तिथि नजिकिएसँगै महोत्तरीका विभिन्न दलहरूको बैठक र छलफल जारी रहेको छ।

कुनै पनि दलले अहिलेसम्म उम्मेदवारको टुङ्गो लगाउन सकेको छैन। नगरपालिका र गाउँपालिकाको प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, वडाअध्यक्षसहित सदस्यहरूमा आकांक्षीहरू धेरै भएको कारणले कुनै पनि पार्टीले अहिलेसम्म सर्वसम्मत उम्मेदवार खोज्न सकेको छैन।

नेपाली काँग्रेस, नेकपा एमाले, एमाओवादसहित अन्य पार्टीहरूको छलफल अहिलेसम्म जारी छ। मनोनयन दर्ता गर्ने दिन दुई दिन मात्रै बाँकी रहेको कारणले दलहरू कोठे बैठकसहित विभिन्न बैठकहरूमा व्यस्त छन्।

कुनै पनि पार्टीले सम्भावित उम्मेदवारको नामावली समेत सार्वजनिक गरेको छैन्। यद्यपी सर्वसम्मत उम्मेदवार वडामा समेत नभएपछि वडाले सम्भावित नामावली नगरपालिका र गाउँपालिकामा र नगरपालिका र गाउँपाालिकाले क्षेत्रिय समितिमा नामावलीहरू पठाएका छन्।

नेपाली काँग्रेसको जलेश्वर नगरपालिका समितिले पनि सर्वसम्मत उम्मेदवारको टुङ्गो नलागेपछि नगर प्रमुखमा १० जनाको नाम सिफारिस गरेको छ भने उपप्रमुखमा ९ जनाको सिफारिस गरेको छ। काँग्रेसका नगरसभापति अशोक कुमार साहले सर्वसम्मत हुन नसकेपछि सिफारिस गरेर नामावली क्षेत्रिय समितिमा पठाइसकिएको जानकारी दिए। सिफारिस भएका मध्ये प्रमुखमा एकजना महिला छन् भने उपप्रमुखमा ६ जना महिलाको नामावली सिफारिस गरिएको नगरसभापति साहले बताए।

उनले प्रमुख, उपप्रमुख, वडाअध्यक्षसहित सदस्यहरूमा आकांक्षीहरूको नाम धेरै भएपछि उम्मेदवार छान्न सकस भएको बताउनुहुदै अब क्षेत्रिय समितिले यसको टुङ्गो लगाउने र क्षेत्रियले नसके जिल्लाले यसको समाधान गर्ने जानकारी दिए।

जलेश्वर नगरपालिकामा प्रमुखका लागि मात्रै अशोक कुमार साह, दिलिप पाण्डे, श्यामनन्दनप्रसाद साह, अनिता शर्मा, बजरंग नेपाली, राजेन्द्र कुँवर, वरूण मिश्र, ईश्वरनारायण पाण्डे, रविन्द्र ठाकुर, शम्भुनारायण पाठक गरी दश जनाको नाम सिफारिस भएको छ भने उपप्रमुखमा अनिता शर्मा, उमा शर्मा, अशोक पाण्डे, जफिर राईन, मंजु वर्मा, मिनिता झा, रविन्द्र पाण्डे, महमाया देवी, गीता देवी गरी ९ जनाको नाम सिफारिस भएको छ।

नेपाली काँग्रेस जलेश्वर नगर सभापति साहले करिब २० वर्षपछि स्थानीय तहको निर्वाचन हुन लागेकाले उम्मेदवारको आकांक्षी धेरै भएकाले व्यवस्थापन गर्न कठिनाइ भएको स्पष्ट गरे।

यसैगरी जलेश्वर नगरपालिकामा रहेको १२ वडाअध्यक्षको उम्मेदवारका लागि नेपाली काँग्रेसबाट ४८ जनाको नाम सिफारिस भएको छ भने ४८ सदस्यहरूको उम्मेदवारका लागि ७० जनाको नाम सिफारिस भएको छ।

नगरपालिका तथा गाउँपालिकाको हकमा प्रमुख तथा उपप्रमुख मध्ये एक जना महिला उम्मेदवार अनिवार्य रूपमा हुनुपर्ने प्रावधानले पनि नेताहरूलाई उम्मेदवार छनौट गर्न कठिन भएको बताउँदै युवा पप्पुकुमार साहले वडा सदस्यहरूको हकमा पनि प्रत्येक वडाको चार सदस्यहरूमध्ये एक दलित महिलासहित दुई महिला उम्मेदवार हुनुपर्ने प्रावधानले पनि सकस भइरहेको बताए।

नेकपा एमालेका जिल्ला अध्यक्ष जामनु मण्डलले पनि आफु बैठकमा व्यस्त रहेको जानकारी दिनुहुदै अहिले केही पनि बताउन नसक्ने बताए।

त्यसैगरी एमाओवादीका नगरसभापति मनोज साहले पनि उम्मेदवारीचयनको लागि गृहकार्य भइरहेको बताउँदै आँकाक्षीहरूलाई व्यवस्थापन गर्न गाह्रो भइरहेकोले छनौटमा समय लागेको बताए। अरू पार्टीहरूले पनि अहिलेसम्म सर्वसम्मत उम्मेदवारको नामावली सार्वजनिक गर्न सकेको छैन्।

यता जेठ ३१ गते हुने दोस्रो चरणको स्थानिय तहको निर्वाचन सरकारले असार ९ गते सार्ने निर्णय गरेपछि पनि दलहरूमा उम्मेदवारी छनौटमा शिथिलता आएको हो। जेठ ३१ मा निर्वाचन हुन्छ कि हुँदैन् भन्ने अन्यौलता छ त्यही भएर दलहरू नामावली सार्वजनिक गर्न हिच्किचाइरहेको कतिपयको भनाई रहेको छ।

# बिजुलीको मुल्य घटाउन बिहारका मुख्यमन्त्रीसँग आग्रह

भारतका लागि नेपालका राजदूत दीपकुमार उपाध्यायले नेपालले भारतको बिहार राज्यबाट किनिरहेको बिजुलीको मूल्य नबढाउन आग्रह गरेका छन्। उनले हाल उपलब्ध बिजुलीमा मूल्य घटाइदिन बिहारका मुख्यमन्त्री नितीश कुमारसँग आग्रह गरेको दूतावासले जारी गरेको विज्ञप्तिमा राजदूत उपाध्यायले नेपाललाई थप बिजुली उपलब्ध गराइदिनसमेत आग्रह गरिएको उल्लेख छ। नेपालको लोडसेडिङ अन्त्य गर्न भारतबाट खरिद गरिएको बिजुलीको ठूलो भूमिका रहेको भन्दै उनले थप बिजुलीका लागि पहल गरेका हुन्। बिहारबाट नेपालले १५० मेगावाट बिजुली आयात गरिरहेको छ।

# जनकपुरधामलाई महानगरपालिका बनाउन माग गर्दै एमालेद्वारा प्रदर्शन

जनकपुरधाम। जनकपुरधामलाई महानगरपालिका बनाउन माग गर्दै नेकपा एमाले उपहानगर कमिटीले शुक्रबार विशाल जुलुस प्रदर्शन गरेको छ। साथै, रघुनाथपुरलाई गाउँपालिका गठन गर्न जोरदार माग गर्दै एमालेले रघुनाथपुरबासीको आन्दोलनमा ऐक्यबद्धतासमेत प्रगट गरेको युवा संघका केन्द्रीय नेता सञ्जीवकुमार झाले जनाएका छन्। जनकचौकमा कोणसभा गरेर जुलुसको समापन गर्दै केन्द्रीय सद्स्यहरू श्रीप्रसाद साह, जुली महासेठ, जिल्ला अध्यक्ष राजकिशोर यादव लगायतका नेताहरूले सम्बोधन गरेका थिए। साथै जनकपुरलाई महानगरपालिका बनाउन धनुषाका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाएको थियो।

## मधेश अपडेट

### चुनाव कुनै पनि हालत हुनुपर्छ : उपेन्द्र

भैरहवा। संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेश अहिले चुनावको मूडमा रहेकोले त्यसलाई विथोल्न खोज्ने तत्वहरू सिद्धिने चेतावनी दिएका छन्। गोला बारूदभन्दा ब्यालेट सबैभन्दा शक्तिशाली भएको भन्दै अध्यक्ष यादवले लगातारको आन्दोलन मात्रैले पनि निकाश नदिने भएकोले चुनावलाई पनि संघर्षकै रूपमा लिइनु पर्ने सुझाव दिएका छन्। रूपन्देहीको धकधईमा शुक्रबार आयोजित चुनावी सभालाई सम्बोधन गर्दै यादवले भने, 'संसारमा धेरै घटनाले पुष्टि गरिसकेको छ। गोला बारूद र तोपभन्दा ब्यालेट सबैभन्दा शक्तिशाली हुन्छ। मधेशले पनि ब्यालेटको पावरलाई सदुपयोग गर्नु पर्दछ।' अध्यक्ष यादवले दोस्रो चरणको रूपमा जेठ ३१ गते हुने निर्वाचनलाई उपयोग गर्न मतदातालाई आग्रह गर्दै भने, 'निर्वाचन हुनैपर्छ। किनकी निर्वाचनमा जनताले आफ्नो अभिमत जाहेर गर्न पाउँछन्। लोकतन्त्रमा जनताको मत सार्वभौम हुन्छ।' अध्यक्ष यादवले चुनाव कुनैपनि हालतमा हुनु पर्ने र त्यसका लागि तयार रहन आफ्ना नेता तथा कार्यकर्ताहरूलाई निर्देशन समेत दिए।

### ओलीभन्दा उपेन्द्र खतरनाक : राजकिशोर

वीरगन्ज। राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलका नेता राजकिशोर यादवले मधेशका लागि केपी ओलीभन्दा बढी खतरनाक उपेन्द्र यादव साबित भएको आरोप लगाएका छन्। उनले संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेशको पिठ्यूँमा छूरा घोपेको आरोपसमेत लगाएका हुन्। वीरगन्जमा आयोजित एक कार्यक्रममा अध्यक्षमण्डलीय सदस्य यादवले मधेशको माग पूरा नभई राजपा नेपाल कुनै पनि हालतमा निर्वाचनमा सहभागी नहुने दाबीसमेत गरेका हुन्। उनले राजपा गठनको मुख्य उद्देश्य मधेशीलाई मात्र नभई नेपालका सम्पूर्ण शोषित पीडित जनताको अधिकारका लागि लड्ने वैकल्पि शक्ति रहेको जिकिर गरेका छन्। सोही कार्यक्रममा पकाहा मैनपुर गाउँपालिकाबाट फोरमका संघीय शिक्षक फोरमका केन्द्रिय सदस्य नन्द किसोर पान्डे, एमालेका जिल्ला सदस्य गोबिन्द प्रसाद यादव, एमालेकै अब्दुलाह मिया, ओमप्रकाश गिरी, दिलिप शर्मा, अमरेश साह लगायतकाले पार्टी परित्याग गरि राजपा नेपालमा प्रवेश गरेको जानकारी राजपा नेपालका नेता ओमप्रकाश सर्राफले दिएका छन्। सम्पूर्ण नवप्रवेशीहरूलाई अध्यक्ष यादवले स्वागत एवं अभिनन्दन गरेका थिए।

### राजपामा कोचिला गाभूर फ्रन्ट समावेश

झापा। राष्ट्रिय जनता पार्टी नेपालमा कोचिला गाभूर फ्रन्ट गाभिएको छ। राजपा नेपाल झापाका संयोजक सूर्यनारायण गणेश र केन्द्रीय उपाध्यक्ष विश्वनाथ राजवंशी तथा कोचिला गाभूर फ्रन्ट केन्द्रीय समितिका तिलचन राजवंशीले सोमबार एक विज्ञप्ति जारी गरी राजपा नेपालमा समावेश भएको जनाएका छन्। मधेश र नेपालको हित र आफ्ना जातीय वर्गीय हित अनुसार चल्न आवश्यक भएकोले फ्रन्ट राजपा नेपालमा समावेश भएको जनाइएको छ।

### आगलागी प्रभावितलाई जस्ता पाता वितरण

मणि प्रसाद गैह्रे, कपिलवस्तु। गत चैत र बैशाखमा आगलागी भई पूर्ण रूपमा नष्ट भएका घरधुरीहरूलाई घर निर्माणका लागि जस्ता पाता वितरण गरिएको छ। कारितास नेपालको सहयोगमा पिस नेपाल कपिलवस्तुको आयोजना र जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा उक्त जस्तापातारू वितरण गरिएको हो। शिवराज नगरपालिका वडा नं १० शितलापुर गाउंमा आगोलागी वाट पुर्ण नष्ट भएका २५ घर, विजयनगर गाउंपालिका वडा नं ३ महिलावार गाउंका ३० घरधुरी र शुद्धोधन गाउंपालिका वडा नं ५ शिवपुरका ७ घरपरिवार गरी ६२ घुधुरीलाई स्थलगत रूपमा पुगेर जस्ता पाता वितरण गरिएको हो। पुर्ण रूपमा जलेर नष्ट भएका घरहरूलाई वर्षाद अगाडी नै घर निर्माण गर्नको लागी जस्ता पाता वितरण गरिएको पिस नेपाल कपिलवस्तुका अध्यक्ष सदानन्द प्रसाद चौधरीले बताए। प्रति घर निर्माणको लागी २ वण्डल टिन ९ फुटको उपलब्ध गराइएको जसमान १६ पाता जस्ता पाता रहेको चौधरीले बताए।

### "संशोधनबिना निर्वाचन भए प्रतिकार गर्छौं"

जनकपुरधाम। जनकपुरधामका युवाहरूले संविधान संशोधन नभएसम्म स्थानीय तहको निर्वाचनको बहिष्कार, प्रतिवाद र प्रतिकार गर्ने चेतावनी दिएका छन्। जनकपुरधामका आठवटा विभिन्न संगठनहरूले संयुक्तरूपमा विज्ञप्ति जारी गरी 'संविधान संशोधन बिना हुने चुनाव हामीलाई कतई स्वीकार्य हुँदैन। यस्तो चुनावी नेता, पार्टीहरू जो सुकै भएपनि त्यसको संयुक्तरूपमा बहिष्कार, प्रतिवाद र प्रतिकार गर्नेछौं,' उल्लेख गरेका छन्। मधेश अधिकार संघर्ष समिति (मास), परिवर्तनका लागि युवा, नागरिक सरोकार समिति, खेलकुद तथा संस्कृति विकास कोष, संयुक्त युवा मोर्चा, राजपाका केन्द्रीय सदस्य, दिया मधेश र राजपा युवा अध्यक्षण्डलका सदस्यले संयुक्तरूपमा विज्ञप्ति जारी गरी यस्तो चेतावनी दिएका छन्।

### रमजान मनाउन खाद्य सामग्री वितरण

बाँके। मुस्लिम समुदायको महान पर्व रमजानको अवसरमा शनिबार नेपालगन्जमा खाद्य सामग्री वितरण गरिएको छ। मुस्लिम समुदायले १ महिना मनाउने रोजा (रमजान) पर्वलाई सभ्य र भव्य तरिकाले मनाउन उक्त खाद्य सामाग्री वितरण गरेको हो। इस्लामी संघ नेपालको आयोजना तथा आइएचएच टुर्कीको सहयोगमा नेपालगन्जका ५ सय मुस्लिम समुदायका परिवारलाई रमजान मनाउन खाद्य सामाग्री वितरण गरिएको हो। एक महिना बस्ने व्रतलाई मुस्लिम समुदायका गरिब, दुखि, असक्त, अपाङग परिवारलाई २५ किलो चामल, २ किलो तेल, २ किलो नुन, २ किलो चिनी वितरण गरिएको छ। मुस्लिम समुदायको रमजान आइतबारदेखि शुभारम्भको दिन ३ सय जनालाई भोज खुवाएर शुभारम्भ गरिने इस्लामी संघ नेपालका भेरी अञ्चल अध्यक्ष ओवैद रहमान खानले बताए।

### झापामा सर्पदंश उपचार केन्द्र सञ्चालन

झापा। झापाको कनकाईस्थित कोटीहोममा अत्याधुनिक सुविधायुक्त सर्पदंश उपचार केन्द्र सञ्चालनमा आएको छ। यसअघि चारआलीस्थित नेपाली सेनाले आफ्नै परिसरभित्र सञ्चालन गरेको एउटा र दमकमा नेपाल रेडक्रस सोसाइटीले सञ्चालन गरेको अर्को सर्पदंश उपचार केन्द्र मात्र जिल्लामा थियो। सहारा नेपाल (साकोस) र नेपाल रेडक्रस सोसाइटी झापा शाखाको संयुक्त पहलमा कनकाई-४ कोटीहोमस्थित समर्पण भवनमा नयाँ उपचार केन्द्र स्थापना भएको हो। त्यसको नाम 'कनकाई सहारा सर्पदंश उपचार केन्द्र' राखिएको छ। आइतबार एक समारोहबीच झापाका प्रमुख जिल्ला अधिकारी उत्तरकुमार खत्रीले सो केन्द्रको सेवा शुभारम्भ गरे। रू ६० लाखको लागतमा निर्माण गरिएको सर्पदंश उपचार केन्द्रमा एकैपटकमा छ जनासम्म बिरामीलाई बेडमै राखेर उपचार गर्न सकिने व्यवस्था छ।

### "गौरमा अन्तराष्ट्रिय स्तरको खेल मैदान बनाउने"

राकेश यादव, रौतहट। गौर नगरपालिकाका पुर्व मेयर एवम् संघीय समाजवादी फोरम नेपालका नेता गौरी शंकर यादवले गौर राईस मिलको जग्गा अधिग्रहन गरि खेलकुद विकासका लागि अन्तर्राष्ट्रिय स्तरको खेल मैदान बनाउने प्रतिवद्धता व्यक्त गरेका छन्। रौतहटको सदरमुकाम गौरमा हस्तक्षेप रौतहट दैनिकको प्रथम वार्षिक उत्सव समारोहलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै आसन्न दोश्रो चरणको स्थानि तहको निवार्चनमा मेयर पदका प्रत्यासी समेत रहेका यादवले भुमाफियाको आँखा लागेका गौर राईस मिलको जग्गा जोगाउने दावी समेत गरे। वि.स. २०४८ साल नगरको रूपमा स्थापित भएका गौर नगरपालीकाका प्रमुखमा स्वतन्त्र रूपमा २०५३ सालको स्थानीय चुनावमा निवार्चित भई गौरको विकास कार्य गरेको र अधुरो विकास लाई पुर्णता दिनका निमित दोश्रो पटक मेयरमा उम्मेदवार बनेको बताउदै यादवले गौरलाई आधुनिक शहर बनाउने सोच रहेको प्रष्ट गरे।

### वीरगंजमा दिप प्रज्वलन

वीरगंज। देशभक्त लोकतान्त्रिक पार्टी पर्साले १० औं गणतन्त्र दिवसको अवसरमा सोमबार वीरगंजमा ज्ञात अज्ञात शहिदहरू प्रति श्रद्धाञ्जली अर्पण गर्दै दिप प्रज्वलन गरेको छ। वीरगंजको घण्टाघरमा आयोजित एक समारोहका बिच पार्टीका नेता कार्यकता तथा स्थानियबासीहरूले दिप प्रज्वलन गर्दै ज्ञात अज्ञात शहिदहरू प्रति श्रद्धाञ्जली अर्पण गरेका छन्। सो अवसरमा पार्टीका केन्द्रिय प्रवक्ता जलेश्वर सर्राफले देशको आधि भन्दा बढि जनसंख्या मधेसमा रहे पनि मधेसको हक अधिकार संविधानमा सुनिश्चित नगरी मधेसी जनताप्रति सौतेला व्यवहार गरेको भन्दै आपत्ति प्रकट गरेका थिए।

# गाउँ/नगरलाई पुनः राजनीतिक द्वन्द्वको क्रिडास्थल बनाइँदै




*मधेश समता अभियान तथा मधेशी जनता पार्टीद्वारा आयोजित पत्रकार सम्मेलनमा सहभागीहरू ।*

संघीय व्यवस्थापिकाको सैद्धान्तिक मूल्यमान्यता विपरीत स्थानीयतहको नियन्त्रण केन्द्रीय सरकारको मातहत रहने गरी स्थानीय सरकारको नाममा दलीय आधारमा चुनाव गराई एक पटक फेरि गाउँ नगरलाई राजनीतिक द्वन्द्वको क्रिडास्थल बनाइएको छ । २०२१ सालमा राजा महेन्द्रले गाउँफर्क राष्ट्रिय अभियानको नाममा गाउँको नासो गाउँलाई गाउँबाटै विकासको मूल फुटाउने नाराका साथ गाउँपञ्चायत, नगरपञ्चायत र जिल्लापञ्चायतको चुनाव गराएको थियो । प्रजातन्त्र पुनर्स्थापनाका लागि भएको ३० वर्ष लामो संघर्ष संघर्षको परिणाम संसदीय व्यवस्था पुनर्स्थापना पछि ०४९ सालमा गाउँ तहबाटै प्रजातन्त्रको जगबलियो बनाउने भन्दै दलीय आधारमा गाउँ विकास, नगर विकास र जिल्ला विकासको चुनाव गराउन लागेका वखत हामीले गाउँलाई राजनीतिक द्वन्द्वको क्रिडास्थल नबनाई विकास गर्ने निकायमा सिमित राख्ने गरेको आग्रह अस्वीकार गरियो तर २०५९ सालदेखि तत्कालीन राजा ज्ञानेन्द्र शाहको प्रतिगामीकदमको विरूद्धमा भएको जनआन्दोलनमा प्रजातन्त्रका खम्बा बनाइएका गाउँ विकास, नगरपालिकाका प्रमुखहरूको भूमिकानगन्य रहेको सर्वविदितै छ । सो बखतयुवा, छात्र, बौद्धिक वर्ग, नागरिक समाजर पत्रकार जगत सबैले सक्रिय भूमिका निर्वाह नगरेको भए राजाको प्रतिगामी शासन व्यवस्था अझै लम्बिने थियो ।

अहिले स्थानीय निर्वाचनको बेलामा प्रमुखदलहरू, राष्ट्रिय चुनाव जस्तै आआफ्नो घोषणा पत्रजारी गरेको छ । कुनै दलले पानीजहाज चलाउने, कुनै दलले सिंहदरबार गाउँमै पुऱ्याउने, कुनै दलले प्रत्येक नेपालीहरूको आय ५००० डलर पुऱ्याउने प्रलोभन देखाइएको छ । २०२१ सालदेखि २०४६ सालसम्म गाउँनगर पञ्चायत २०४९ सालदेखि २०५९ सालसम्म गाउँविकास र नगरपालिकाको माध्यमबाट विकास गर्ने संसदवादी प्रमुखदलले गर्दै आएको २०५१ सालमा एमालेको अल्पमत सरकार बनेपछि आफ्नो गाउँआफै बनाउँ भन्ने नारा अघि सारिएकै हो । तर २०४९ देखि २०५९ सम्म स्थानीय निकायका पदाधिकारी दलीय स्वार्थ भन्दामाथि उठेर विकास प्रक्रियालाई प्राथमिकता दिएको भए गाउँदेखि नगर सम्मको दुरावस्था कम हुने थियो । २०६३ सालदेखि २०६९ सालसम्म गाउँ, नगर र जिल्लाविकास कार्यमा सहयोग गर्ने नाउँमा बनाइएको दलीय संयन्त्रविकास बजेट दुरूपयोग गरी दलीय भागवण्डामा परिणत गरेपछि विश्वभरि आलोचित भएको र दलीय संयन्त्र विघटन गर्नुपरेको सर्वविदितै छ ।

स्थानीय निकायको क्रियाकलापबारे अहिले नै टिकाटिप्पणी गरिहाल्नु उपयुक्त नहुन सक्छ । एकातिर प्रमुखदलहरू चुनावी घोषणा पत्रजारी गरिएको छ भने अर्कोतिर सिद्धान्तहीन चुनावी गठबन्धन गरेको छ । जनताले तिरको करबाट स्थापित संसदीय विकास बजेटलाई सांसदले दलको कोष ठानी उपभोक्ता समिति बनाई आआफ्नो कार्यकर्ता पोस्ने कामगर्नु र विकास बजेटको भइरहेको दुरूपयोगका अवस्था हेर्दा स्थानीय निकायका प्रतिनिधि दलीय स्वार्थ भन्दामाथि उठेर कामगर्ने सम्भावना देखिंदैन । स्थानीय निर्वाचन देखि मतगणना सम्मदलहरू बीचमा भएको विवाद हेर्दा गाउँनगर, पुनः राजनीतिक द्वन्द्वको क्रिडास्थल बन्दै छ ।

देशमा व्याप्त मूल्यहीन राजनीति र सत्ता स्वार्थको कारण २००७ सालको क्रान्तिदेखि प्राप्त उपलब्धी गुम्दै आएको छ । विदेश पलायन भएको राजवंशक्रान्ति सफल भएपछि मात्रै स्वदेश फर्किन पाएको हो तर २००७ साल फागुन ७ गते संविधान सभाको द्वारा संविधान निर्माण गर्न २००९ जेठ २४ गते संशोधन गरी सल्लाहकार सभा गठन गरेर संविधान सभाको चुनाव हुन् नदिएको २०१० साल माघ ७ गते दोस्रो संशोधन गरी जनतामानिहित सार्वभौमिक अधिकार अपहरण गरी आफैमा फिर्ता लिएको २०१५ मा फागुन १५ गते अपहरण गरी संसदीय जनतन्त्रको गलानिमोठेको हो ।

२०१७ साल फागुन १ गते देखि ३० वर्ष लामो संघर्षको परिणाम स्वरूप प्रजातन्त्रको पुनर्स्थापना भएपछि संविधान निर्माण कालमा २००७ सालको उपलब्धी प्राप्त गर्न हामीले संविधान द्वारा सभामा संविधान निर्माण गर्न देशको एकात्मक स्वरूप परिवर्तन गरी संघात्मक बनाउने लगायत माग अघि सारेपछि हाम्रो मागलाई राष्ट्रविरोधी घोषित गरी केही व्यक्तिबाट लेखिएको संविधानलाई विश्वकै सर्वोत्कृष्ट संविधान घोषणा गरियो तर १५ वर्ष नपुग्दै २०६२ जेठ २५ गते नेपाली कांग्रेस, नेकपामाले २०४७ सालको संविधानको मृत्यू प्रमाणपत्रमा हस्ताक्षर गरेकै हो ।

देशको शोषित उत्पीडित समुदायको आत्मनिर्णययुक्त स्वशासन तथा क्षेत्रीय राज्य स्थापना गराइदिने प्रलोभन देखाई १५ हजारभन्दा बढी आफ्नै कार्यकर्ताहरूको हत्या गराउने माओवादी नेतृत्वको विश्वासघात अन्यदल भन्दा बढी नै छ । जंगलबाट राजधानी छिरी सत्तामा साझेदारी प्राप्तहुने अवर देख्ने वित्तिकै २०६३ साल कातिक २२ गतेको पहिलो मस्यौदा र माघ १ गते संघीयताविहीन अन्तरिम संविधान जारी गर्नमा सहयोगी बनेपछि माओवादीको असली अनुहार सामने आयो । जसको खिलाफ मधेसी समुदायको ३ सप्ताह लामो संघर्षमा ५ दर्जन भन्दा बढी मधेसी युवायुवती महिलाले शहादत दिएपछि एक महिनाभित्रै संविधान संशोधन गर्नु परेको हो । माओवादी र मधेसी नेतृत्व इमान्दार भइदिएको भए २०६३ देखि २०७३ सालसम्म मधेसी जनतालाई संघर्ष गर्नुपर्ने थिएन । प्रथम संविधानसभाबाटै संविधान निर्माण भइसक्ने थियो । सत्ताप्राप्तीको खेलमा राष्ट्रिय पार्टीहरू तथा मधेसवादी दल पनि त्यत्तिकै दोषी हुन् । उनीहरूको सत्ता प्राप्तीको क्रियाकलाप २०६५ देखि २०६९ सम्म छर्लङ्ग भएको छ । जनआन्दोलनको इतिहासमा सबैभन्दा बढी कुर्वानी भएको छ । ६ महिनासम्म मधेस बन्दको क्रममा उद्योगधन्दाहरू चौपट भएको छ र मधेसको जनजीवन कष्टकर भएपनि मधेसी जनताले देखाएको धैर्य, साहस विश्वमै उदाहरणीय छ । २०७२ साल असोज ३ गते जारी भएको संविधानलाई अस्वीकार गरी दर्जनौं मधेसी सपुतको हत्या गरिएपछि संविधानको कार्यान्वयन र प्राप्त उपलब्धीको रक्षाको नाउँमा मधेसीको हर्ता कर्ता भनाउँदाहरूले शासकवर्गको डिजाइन अनुसार स्थानीय निकायको चुनावमा सहभागी भएको र केही सहभागी हुने तरखरमा छ । सहिदको रगतलाई सौदाबाजी गर्ने तत्वको सामाजिक र राजनीतिक बहिष्कार गर्न मधेसी समुदायसँग हाम्रो आग्रह छ । १० वर्षलामो आन्दोलनले मधेसको सीमा, पहिचान र अधिकार प्राप्तिको लागि भएको छ । १०/२० स्थानीयतहको वृद्धि र १/२ महानगरपालिका बनाउनको लागि होइन ।

अहिले सम्म सम्पन्न स्थानीय निकायको निर्वाचनमा काठमाडौं लगायत सहरी क्षेत्रमा नेकपा(एमाले)ले प्राप्त गरेको मत कम्युनिस्ट पार्टीको विचारधार वा नेकपा(एमाले)को जबज( जनताको बहुदलियजनवाद) प्रति समर्पित मतहोइन । एमालेको मधेशको मूलवासी कथित नवराष्ट्रवादको उपजहो । यसले के प्रमाणित गर्दछ भने आउने दिनमामधेशी र शोषित पीडितको लागिअजै चुनौतीपूर्ण हुनेछ । तसर्थ त्यसको विरूद्ध एक जुट हुन् सबै परिवर्तनकारी शक्तिलाई हार्दिक आव्हान गर्दछौं ।

१. समता अभियान
खुशिलाल मण्डल
रामचन्द्र कुशवाहा

२.मधेशी जनता पार्टी
राजाराम यादव
महासचिव

# जलेश्वरमा मोतियाविन्दुको निःशुल्क अपरेशन सञ्चालन हुने

जलेश्वर । नेपाल रेडक्रस सोसाईटी महोत्तरीले पहिलोपल्ट मोतियाविन्दुको अपरेशन सञ्चालन गर्ने भएको छ । रेडक्रसले विभिन्न संघसंस्थाको सहयोगमा महोत्तरीमा आँखा शिविर सञ्चालन गरी फेला परेका मोतियाविन्दुका विरामीहरूलाई महोत्तरीमा पहिलोपल्ट निशुल्क अपरेशन गर्ने जनाएको छ । रेडक्रस महोत्तरीका अध्यक्ष दिपक मिश्रले जिल्लाको चार ठाउँमा निशुल्क आँखा शिविर गरी सो आँखा शिविरमा फेला परेका मोतियाविन्दुका विरामीहरूलाई जलेश्वरमै अपरेशन गर्ने जानकारी दिए । उनले भने, 'पहिलोपल्ट हामीले महोत्तरीमा फेला परेका मोतियाविन्दुका विरामीहरूलाई जलेश्वरमै निशुल्क अपरेशन गर्छौं ।' योभन्दा अगाडी जिल्लाको विभिन्न ठाउँमा हुने आँखा शिविरमा फेला परेका मोतियाविन्दुका विरामीहरूलाई अपरेशनको लागि जनकपुर र लहान पठाउने गरेको जानकारी दिँदै अध्यक्ष मिश्रले भने, 'यो अपरेशन सफल भएपछि जिल्लाबाट महिनामा एकपल्ट भएपनि मोतियाविन्दु लगायत आँखाका अन्य अपरेशनहरू गर्ने व्यवस्थापन गर्छौं' । यो व्यवस्थाले विरामीहरूको समय र रकमको समेत वचत हुने जानकारी दिँदै अध्यक्ष मिश्रले यसबाट लाभ लिन सबैलाई अनुरोध गरे ।

जिल्लाको जलेश्वर नगरपालिकासहित पिपरा गाउँपालिका, मनरा नगरपालिका, हलखोरी गाउँपालिकामा चारदिने निःशुल्क मोतियाविन्दु अपरेशन शिविर गरिने रेडक्रसले जनाएको छ ।

रेडक्रसले स्थानीय उपशाखाको नेतृत्वमा जेठ १६ गते पिपरा, १७ गते साँढा, १८ गते हलखोरी तथा २० गते उद्योग वाणिज्य संघको आयोजनामा जलेश्वरमा शिविर सञ्चालन गरिने तथा सो शिविरमा फेला परेका मोतियाविन्दुका विरामीहरूलाई जाँच गरिएको भोलीपल्ट अपरेशन गरिने कार्यक्रम रहेको सार्वजनिक गरेको छ । अध्यक्ष मिश्रले यसको लागि सञ्चारमाध्यमहरूलाई प्रचारप्रसार गरिदिन अनुरोध गर्दै बढी भन्दा बढी स्थानीयहरूलाई यस शिविरबाट लाभ उठाउन अनुरोध गरे ।

अहिलेको समयमा आँखाको बिरामीहरू चेकजाँच गराउनको लागि जनकपुर वा लहान जाने गरेकोमा अब उप्रान्त जिल्ला सदरमुकाममै यसबाट फाइदा लिन सक्ने अध्यक्ष मिश्रको कथन छ ।




## संक्षिप्त समाचार

### राजमोद्वारा उम्मेद्वाहरूलाई चुनावी प्रशिक्षण

रूपन्देही । आगमी स्थानीय चुनावलाई लक्षित गरी राष्ट्रिय जनमोर्चाले उम्मेद्वारहरूलाई प्रशक्षिण दिएको छ । बुटवल उपमहानगरापालिकाको मेयर, उपमेय, वडा अध्यक्ष र सदस्यहरूलाई राष्ट्रिय जनमोर्चाले चुनावी प्रशिक्षण दिएको हो । चुनावी अभियानमा जुटेका उम्मेद्वाहरूलाई चुनावी रणनीतिबारे शनिबार एक दिने प्रशिक्षण दिएको छ । चुनाव परिचालन र अधिकारका विषयमा प्रशिक्षण दिईएको राष्ट्रिय जनमोर्चा पश्चिमाञ्चल क्षेत्रीय कार्यालयका कार्यालय सचिव भिमलाल न्यौपानेले जानकारी गराए । राष्ट्रिय जनमोर्चाका पूर्व महासचिव तथा सांसद सन्तबहादुर नेपाली, नेता सूर्य थापा, र वाम बुद्विजीवि दुर्गानाथ खरेलले चुनावी प्रशिक्षण दिए ।

### बेहोस भएर मृत्यु

पर्सा । बिरगंज उपमहानगरपालिका-१६ नगवा घर भई सोही उपमहानगरपालिका-१४ स्थित आस्था सुधार केन्द्रमा रहेका २० वर्षीय दिपु कुमार पंकजको बेहोस भएर मृत्यु भएको छ । मंगलबार अचानक बेहोस भएका उनको उपचारको लागि नेशनल मेडिकल कलेज बिरगंज लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### श्रीमानको कुटाईबाट श्रीमतीको मृत्यु

दाङ । तुल्सीपुर उपमहानगरपालिका-४ बस्ने ५३ वर्षीया गोमा पुनको उनकै श्रीमान ५३ वर्षीय बीरबहादुर पुनले कुटपिट गर्दा मृत्यु भएको छ । मादक पपदार्थ सेवन गरी जेठ ११ गते कुटपिट गर्दा घाइते भएकी गोमाको मेडिकल कलेज कोहलपुर बाँकेमा उपचारको क्रममा सोमबार मृत्यु भएको हो । कुटपिट गर्ने बीरबहादुरलाई पक्राउ गरी यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### आगलागीबाट ५ लाख ३५ हजारको क्षति

पर्सा । सुवर्णपुर गाउँपालिका-२ बस्ने अमरबहादुर तामाङ र उनको छोरा सन्तबहादुर तामाङको घर र गोठमा आइतबार आगलागी भएको छ । हाई टेन्सन लाइनको तार चुडिई आगलागी हुँदा करीब ५ लाख ३५ हजार रूपैयाँ बराबरको धनमाल क्षति भएको प्रहरीले जनाएको छ । आगो नियन्त्रणमा लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### करेन्ट लागेर मृत्यु

सप्तरी । रूपनी गाउँपालिका-२ रायपुर बस्ने ४० बर्षीय बिजय मण्डलको करेन्ट लागेर मृत्यु भएको छ । आइतबार आफ्नो खेतमा मोटर चलाई पानी लगाउने क्रममा करेन्ट लागेका मण्डलको उपचारको लागि सगरमाथा अंचल अस्पताल राजबिराज लैजाने क्रममा बाटोमै मृत्यु भएको थियो ।

### लडेर मृत्यु

मोरङ । रतुवामाई नगरपालिका-९ डिपु सुकुम्बासी टोल बस्ने ६२ बर्षीय राम बहादुर अधिकारीको लडेर मृत्यु भएको छ । आइतबार आफ्नै घरबाट सोही ठाउँमा रहेको भाईको घरतर्फ जाने क्रममा खेतको आलीबाट लडेर अधिकारीको मृत्यु भएको थियो । यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### माटोको ढिस्कोले पुरिएर मृत्यु

रौतहट । चन्द्रपुर नगरपालिका-८ अल्टोकी बस्ने ४० बर्षीय ध्रुब तिमल्सिनाको माटोको ढिस्कोले पुरिएर मृत्यु भएको छ । सोही नगरपालिका-९ स्थित मर्दर घाटमा आइतबार माटो खन्ने क्रममा ढिस्कोले पुरिएर गम्भीर घाइते भएका उनलाई उपचारको लागि चपुर अस्पतालमा लगिएकोमा मृत्यु भएको थियो ।

### करेन्ट लागेर मृत्यु

सिरहा । लहान नगरपालिका-१९ छरापट्टी बस्ने २९ वर्षीया नुरजाहा खातुनको करेन्ट लागेर मृत्यु भएको छ । मंगलबार कलमा जडान भएको मोटर चलाउने क्रममा करेन्ट लागेर असक्त भएकी खातुनको उपचारको लागि लहान स्थित सप्तऋषी अस्पताल लैजाने क्रममा बाटोमै मृत्यु भएको थियो ।

### मोटरसाइकल चालकको मृत्यु

नवलपरासी । ट्याक्टरको ठक्करबाट एक मोटरसाइकल चालकको मृत्यु भएको छ । देवचुली नगरपालिका-१३ दलदले स्थित पूर्वपश्चिम राजमार्गमा नम्वर नखुलेको ट्याक्टरले मंगलबार लु.३१ प ४७६ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो । मोटरसाइकल चालक कावासोती नगरपालिका-५ बस्ने ५० वर्षीय काशीराम बास्तोला गम्भीर घाइते भएकाले उपचारका लागि नयाँ मेडिकल कलेज भरतपुर चितवन पठाइएकोमा उपचारको क्रममा मृत्यु भएको छ । फरार ट्याक्टर र चालकको प्रहरीले खोजतलास गरिरहेको छ ।

### दुई बस ठोक्किँदा एकको मृत्यु

सिरहा । मिर्चैया नगरपालिका-१ स्थित पुर्व-पश्चिम लोकमार्गमा ना.४ ख ८०६२ नम्बरको बसलाई ग.१ ख ५०६७ नम्बरको बसले ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ । सोमबार ठक्कर दिंदा भएको दुर्घटनामा गम्भीर घाइते भएका ग.१ ख ५०६७ नम्बरको बसका कन्टेक्टर उदयपुर कटारी नगरपालिका-३ बस्ने ३७ वर्षीय निलकमल श्रेष्ठको उपचारको लागि बिराटनगरतर्फ लैजाने क्रममा बाटैमा मृत्यु भएको छ । सोही बसमा सवार अन्य १६ जना घाइते भएकोले उपचारको लागि रेखा मिर्चैया नर्सिङ होम पठाइएको र अवस्था सामान्य रहेको छ । दुबै बस र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### करेन्ट लागेर टेक्निसियनको मृत्यु

मोरङ्ग । करेन्ट लागेर एक जना टेक्निसियनको मृत्यु भएको छ । सुनबर्शी नगरपालिका-४ काशीजानस्थित भि-केवुलको तार जोड्ने क्रममा शनिबार करेन्ट लागेर कमल खड्काको मृत्यु भएको छ । अचानक करेन्ट लाग्दा गम्भीर घाइते भएका सोही नगरपालिका-२ अम्मरदह बस्ने भि-केबुलका टेक्निसियन ३० वर्षीय कमल खड्काको न्युरो अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको छ ।

### बेपत्ता प्रहरी हवल्दारको शव फेला

कपिलवस्तु । एक साताअघि बेपत्ता भएका प्रहरी हवल्दारको शव फेला परेको छ । कपिलवस्तुको शिवराजनगरपालिका ३ खरेन्द्रपुरमा रहेको जवाई खोलाको किनारमा हवल्दार एक बहादुर खासुको शव फेला परेको हो । खरेन्द्रपुरका महिलाहरू जंगलमा साग टिप्न गएको बेला शव देखेर वडा प्रहरी कार्यालय चन्द्रौटालाई खबर गरेका थिए । प्रहरी घटनास्थल पुगी शवको मुचुल्का उठाई पोष्टमार्टमका लागि तौलिहवा पठाइएको वडा प्रहरी कार्यलय चन्द्रौटाका प्रहरी निरीक्षक झविन्द्र भट्टराईले जानकारी दिए । कपिलवस्तुको बहादुरगंजमा कार्यरत ३८ वर्षीय प्रहरी हवल्दार गत जेष्ठ ८ गते दिउँसोबाट बेपत्ता भएको ईलाका प्रहरी कार्यालय बहादुरगंजका प्रहरी नायब निरीक्षक दिपेन्द्र गिरीले जानकारी दिए । बिदा लिएर आफ्नो घर अर्घाखाँचीको ढिकुरा जानेक्रमा उनी बाटोबाटै हराएका थिए । मानसिक बिरामी भएका हवल्दार खासु घरमै आराम गर्छु र त्यतै औषधी गराउँछु भनी हिंडेका थिए । खासु २ महिनादेखि मानसिक रोगी बनेका थिए ।

### धनगढीलाई नमुना सहर बनाइने

धनगढी । धनगढीको उपमहानगरपालिका प्रमुखमा उम्मेदवारी घोषणा गरेका सबै उम्मेदवारले धनगढीलाई नमुना शहरको रूपमा विकास गर्ने प्रतिबद्धता जनाएका छन् । हरेक वर्षयाममा डुबानको समस्या रहेको धनगढीका सबैजसो उम्मेदवारहरूले मतदाताको मन जित्न धनगढीको योजनाबद्ध विकासलाई आफ्नो प्रमुख चुनावी एजेण्डा बनाएका हुन् ।

### कांग्रेस कार्यकर्ताद्वारा अनसन

धनगढी । पार्टी नेतृत्वले टिकट वितरणमा अन्याय र असमान व्यवहार गरेको आरोप लगाउँदै एक जना कांग्रेस कार्यकर्ताले आमरण अनशन थालेका छन् । धनगढी उपमहानगरपालिकासहित जिल्लाभरका स्थानीय तहको टिकट वितरणमा भागबन्डा गरिएको भन्दै नेपाल विद्यार्थी संघ कैलालीका पूर्वअध्यक्ष कृष्णबहादुर कुँवरले पार्टी कार्यालयमा तालाबन्दी गरेर ६ दिनदेखि आमरण अनशन बसेका हुन् ।

# आन्तरिक मामिलामा छिमेकी चासोको विषय

## “खस” महिमा र मधेश आन्दोलन : भाग ३६९



❖ उपेन्द्र झा

सुरक्षा खतराको बहानामा लुम्बिनी जानबाट रोक्नुको एउटै कारण थियो त्यहाँ चीनको सहयोग रकम प्रभावित नहोस् । सार्क सम्मेलनको बेला भारतका प्रधानमन्त्रीले सबैलाई समेटेर संविधान बनाउनोस भन्दा नेपाली कांग्रेस, एमाले र माओवादी एकै स्वरमा **हस्तक्षेप** भनेर कराएका थिए, तर चीनका विदेशमन्त्रीले संघीयता दिनु हुँदैन, दिनै परे उत्तर दक्षिण गरेर कोशी, गण्डकी, कर्णाली तीन प्रदेश दिनोस भनेर दिएको सुझाव **हस्तक्षेप** मानिएन । यो हो भारतप्रति नेपाली राजनीतिक पार्टीको असली रूप ।

नेपाल अहिले एक दशकदेखि राजनीतिक सेट्लमेन्टको पीडा भोगि रहेको छ । माओवादी युद्ध, जन आन्दोलन, मधेश आन्दोलन लगायत जनजाती/थारू, दलित, महिला, मुस्लिम आदिका आन्दोलनमा उठेका आवाजलाई सम्बोधन गर्नेनाउँमा स्थापित गरिएको संविधान सभा शक्तिकेन्द्रहरूको क्रीडास्थल नै बन्यो । मुखरित जन आवाजलाई दबाउन अनेक कृत्रिम आवाजलाई जन्म दिएर राजनीतिक साजिशहरू गर्न थालियो । देशको यावत् समस्या समाधान गर्ने अभिभारा बोकेका दलहरू शक्तिकेन्द्रको इशारामा चल्न थाल्दा राजनीति समाधानको बाटोभन्दा अर्कै दिशातिर मोडियो । पहाड र मधेशबीचको अनावश्यक विवाद जन्मिन थाल्यो ।

मधेश आन्दोलनको आवाजलाई गौण पार्न रचिएका अनेक षडयन्त्रबाट राज्यपक्ष र आन्दोलनरत पक्षबीच अन्तहीन विवाद शुरू भयो । आफ्नो आफ्नो अडानको कट्टरताले राजनीति उग्र प्रतिस्पर्धामा गयो । सत्तापक्षले वर्गीय राष्ट्रवादको नारा उचालेर एउटा समुदायलाई संगठित पार्न खोज्यो भने मधेशले पनि आफ्नो स्वतन्त्रताको गीत गाउन थाल्यो । पहाड र मधेशको सीधा टक्करमा रहेको राजनीतिले समस्याको समाधान कथमपि गर्न सक्दैन । सत्तापक्ष र मधेशको प्रतिस्पर्धामा देशको राजनीतिक अवस्था तरलीकृत भएको छ । नेपालको राजनीतिमा उत्तर दक्षिणमा रहेको दुई महाशक्ति देश चीन र भारत लगायत अमेरिका, यूरोपियन युनियनको चासो रहँदै आएको छ । यस कारण पनि नेपालको राजनीतिक समस्या हल भई रहेको छैन ।

दक्षिण एशियामा चीन र भारतको महाशक्ति प्रभूत्वको प्रतिस्पर्धा छ । सन् १९६२ मा भारतसंग युद्ध गरेर चीनले जहाँ राजनीतिक शक्तिको प्रदर्शन गऱ्यो, ५५ वर्षको अन्तरालमा चीनको आर्थिक समृद्धिले चीनलाई थप उन्माद प्रदान गऱ्यो । तिब्बतलाई कब्जा गर्दा दलायलामालाई शरण दिएवापत चीनले भारतसंग युद्ध गऱ्यो । युद्ध पश्चात् चीन भारतको सम्बन्ध धेरै दिनसम्म तनावपूर्ण रहेपनि त्यसपछिका दिनमा दुवै शक्तिबीच मैत्री सम्बन्धको विकास भयो । चीन पनि अनावश्यक युद्ध गरेर देशको विकास, प्रगतिलाई रोक्न चाहँदैन्थ्यो । माआत्से तुंगको कट्टरवादबाट तेंग साउ पिंगको उदारवादमा झरेपछि चीनले अपेक्षाकृत प्रगति गऱ्यो । अहिले चिनियाँ कम्युनिष्ट शासनको आर्थिक सम्पन्नता नै उसको टिकाउको बलियो आधार हो ।

चीनको प्रोडक्टिभीटीले उसलाई संसारभरिको भ्रमण गर्न बाध्य बनाएको छ । संसारभरि आफ्नो उत्पादन बेच्न चीनले भोग्नु परेको पारवहन जटिलतालाई हटाउन चीनियाँ राष्ट्रपति सि जिन पिङले सन् २०१३ मा नै “वन वेल्ट वन रोड” को ठूलो महत्वाकाँक्षी योजना ल्याएको थियो । यो परियोजनामा सरोकार राख्ने ७० देशमध्ये ६० देशसंग प्रारम्भिक मस्यौदामा हस्ताक्षर भएपनि १४, १५ मई २०१७ मा २९ देशले हस्ताक्षर गरि वन वेल्ट वन रोडको अवधारणालाई पास गरेको छ । खासगरि नेपाललाई अनिवार्य रूपमा सामेल गर्न चीनले लगातार चार वर्षदेखिको प्रयास थालेको थियो । ओबीओआरमा नेपालको सहभागिता चीनको लागि ठूलो उपलब्धि हो । भारत यो परियोजनालाई बहिष्कार गरेको छ । चीनले यो परियोजनाबारे हामीसंग कुनै छलफल नगरेको आरोप लगाउँदै भारत त्यो सन्धि बैठकमा गएन ।

एशिया, अफ्रिका, यूरोपसम्मको कनेक्टिभिटीलाई सुगम बनाउन ल्याईएको यो योजनालाई मूर्तरूप दिन चीन द्रूत गतिमा अगाडि बढेको छ । भारतको यसमा चासो नरहनु दक्षिण एशियामा चीनको बढ्दो कदमलाई रोक्ने प्रयास हो भनेर कसैले विश्लेषण गरेका छन् भने कसैले अन्तर्राष्ट्रिय महत्वाकाँक्षाको यो परियोजनालाई भारतले रोक्ने चेष्टा गरेको छ भन्छन् । ओबीओआरमा भारत सामेल नहुनु दक्षिण एशियामा चीन भारतको तनाव एकपल्ट नयाँ संस्करणमा देखा परेको छ । सन् १९६२ को युद्धमा चीनलाई भारतसंग लड्न नेफा र लद्दाखबाहेक हिमाली मार्गको ठूलो अवरोध थियो भने अहिले भारतको छिमेकीहरू पनि चीनको प्रभावमा आएपछि भारतलाई नजिकबाट हेर्ने अवसर चीनले पाएको छ ।

नेपाल सधैंभरि भारतसंगको गहिरो सम्बन्धको प्रभावमा रहँदै आएको छ । भारत विरोधी नाराहरू धेरै पहिलादेखि नेपालमा उठ्दै आएको हो । नेपाल भारत सम्बन्धलाई अझ गहिरो बनाउन, वेवास्ता गरिएको ध्यानलाई आफूतिर आकर्षित गराउन “भारतीय विस्तारवाद मुर्दावाद” का नाराहरू प्रयोग गरिए । वैकल्पिक बाटो नभेटाएसम्म यो नारा तात्दै सेलाउँदै अगाडि बढ्दै रह्यो । ०६२/०६३ को आन्दोलन पश्चात् चीनले नेपालमा बढि चासो लिन थालेपछि भारत विरोधी सेन्टिमेन्टले वैकल्पिक मार्ग पाएपछि तीव्र रूपमा बढेर गयो । नाकाबन्दी पछि नेपालमा भारत विरोधी भावना तीव्र रूपमा भडकिँदै अहिले घृणा समेटिएको मैत्री सम्बन्ध कायम रहेको छ । चीनसंगको सम्बन्ध बनेपछि भारतसंगको आत्मीय सम्बन्ध हटेको छ । एकपक्षीय रूपमा प्रताडित रहेको भनिएको नेपाल वैकल्पिक मार्ग प्राप्त भएपछि भारतप्रतिको घृणा तीव्र रूपमा सतहमा देखा परेको छ ।

ओबीओआरमा नेपालले गरेको हस्ताक्षरबाट भारतको पनि नारद मोह भंग भएको छ । हुनत भूटानबाहेक भारतका छिमेकी साना राष्ट्रहरूलाई चीनले वन वेल्ट वन रोडको प्रभावमा ल्याई सकेको छ । दक्षिण एशियाका सार्क राष्ट्रमा पनि आफ्नो प्रभावको संकुचन भारतको लागि चिंताको विषय हो । नेपालमा आयोजित सार्क समिटमा भारतको प्रधानमन्त्रीको जनकपुर, लुम्बिनी र मुक्तिनाथ भ्रमण गर्ने पूर्व निर्धारित कार्यक्रमलाई चीनले नेपाल सरकारलाई प्रभावित गरेर रद्द गरायो । सुरक्षा खतराको बहानामा लुम्बिनी जानबाट रोक्नुको एउटै कारण थियो त्यहाँ चीनको सहयोग रकम प्रभावित नहोस् । सार्क सम्मेलनको बेला भारतका प्रधानमन्त्रीले सबैलाई समेटेर संविधान बनाउनोस भन्दा नेपाली काँग्रेस, एमाले र माओवादी एकै स्वरमा **हस्तक्षेप** भनेर कराएका थिए, तर चीनका विदेशमन्त्रीले संघीयता दिनु हुँदैन, दिनै परे उत्तर दक्षिण गरेर कोशी, गण्डकी, कर्णाली तीन प्रदेश दिनोस भनेर दिएको सुझाव **हस्तक्षेप** मानिएन । यो हो भारतप्रति नेपाली राजनीतिक पार्टीको असली रूप ।

दक्षिण एशियाका छिमेकी राष्ट्रहरू भारतको संरक्षणमा रहनै पर्ने बाध्यात्मक परिस्थितिलाई आफनो अनुकूल प्रयोग गर्ने भारतको सोचमा पनि परिवर्तन ल्याउन जरूरी छ । भारतको छिमेकी मित्र नेपाल परनिर्भरताको खाडलमा यति विघ्न कसरी जाकिन पुगे यस सम्बन्धमा भारतलाई प्रश्न सोध्यो भने भारतसंग यसको कुनै उत्तर देखिदैन । भारतको बढ्दै गएको दायित्वको दायरामा यस प्रश्नको कुनै जवाफ छैन । दक्षिण एशियामा विकसित भई रहेको महाशक्ति देशको प्रभूत्वको प्रतिस्पर्धामा विकासभन्दा राजनीतिक तनाव बढेर जाने खतरा देखिन्छ । त्यसकारण पनि भारतको छिमेकी मित्र राष्ट्रहरूसंगको सम्बन्धलाई अझ प्रगाढ बनाउन नयाँ ढंगले सोच्नु पर्ने अवस्था आएको छ । विकास निर्माणको कार्य हातमा लिएर भारत षैँ झुलाउने नेपाली जनताको गुनासो परियोजनाहरूको दुर्दशा आफै बयान गरेका छन् । हुलाकी मार्ग २५ वर्षदेखि ट्रमकार्डको रूपमा प्रयोग हुँदै आएको छ तर बनेको छैन । चीनले समय मै पूरा गरि दिने कार्यक्षमताका कारण नेपालको चीनप्रतिको आकर्षण बढ्दै जानु स्वाभाविक हो । चीनले ओबीओआरको बैठक मै नेपालमा डेरी विकासका लागि २८ अर्ब तथा सुन्सरीमा इन्डसस्ट्रीयल पार्कका लागि ३२ अर्बको परियोजना घोषणा गरेको छ ।

परनिर्भरताको चपेटामा नेपाल आफनो विकासका लागि भारत, चीनलगायत विश्वका अन्य मुलुकलाई गुहार्ने परिपाटी पंचायत व्यवस्थाकालदेखि नै चलाउँदै आएको छ । वैदेशिक सहयोगमा आधारित नेपालको राज्य व्यवस्थाले अन्तर्निहित स्वनिर्भरताको आफनो अजेय शक्तिलाई विर्सि सक्केको छ । वैदेशिक सहयोगमा भर पर्ने तर यसलाई आत्मनिर्भर बन्न प्रयोग नगर्ने मानसिकताले नेपाललाई परनिर्भरतातिर तीव्रगतिमा अगाडि बढायो । फलत: महँगाई, वेरोजगारि, बेथिति आदि बढेर नेपाललाई द्वन्द्वोन्मुख बनायो । देशका ५० लाख युवा विदेशिएका छन् । बेरोजगारीले अत्यधिक संख्यामा युवाशक्तिलाई पलायन गरेबाट वार्षिक ६ खर्ब विप्रेषण भित्रिन लाग्दा त्यसमा पनि राजनीतिकबाजहरू अवसर खोज्न थाल्यो । जनशक्तिको अभावमा देशभित्र उद्योग, कृषिक्षेत्र आदि ठप्प हुन गएको लज्जास्पद कुरालाई पनि गौरव मानेर विप्रेषण व्यवस्थापनका लागि बैकंहरू खोल्न थाले ।

८०% भन्दा बढि परनिर्भरता भोगि रहेको नेपाल वन वेल्ट वन रोडको कनेक्टिभिटीबाट के फायदा लिन सक्दछ ? कागको लागि बेल पाक्यो हर्ष न विस्मय । भारतबाट प्रताडित सम्झेर प्रतिक्रियात्मक रूपमा चीनसंग बढाउँदै गएको अप्राकृतिक सम्बन्धबाट यो क्षेत्रमा आउने सम्भावित खतराको संवाहक नेपाल त बन्दैन त्यतातिर पनि सोच्नु आवश्यक हुन्छ । चीनको आफनो उत्पादन वितरणको समस्या छ । आकारको फैलावटको समस्या छ । समृद्धिको उन्माद छ । समृद्धिको उन्मादले एकाधिकारतिर बढाउँछ । अवरोध आए युद्धमा जाने सम्भावना रहन्छ । अमेरिकाको साम्राज्यवादले विश्व रंगमञ्चमा के के खेल गऱ्यो कसैबाट लुकेको छैन । भारत पाकिस्तानको तनाव चरम अवस्थामा पुगेको छ । भारतको प्रमुख शहरहरू, मठ मन्दिर, पर्यटकीय स्थलमा आतंकी हमला हुन सक्ने सम्भावनामा त्यस्ता स्थलहरूलाई हाई एलर्टमा राखिएको छ ।

भारतलाई नेपालतिरबाट पनि सुरक्षा खतराको आभास भयो भने त्यो कस्तो अवस्था होला ? चीनले हङकङ्ग हस्तान्तरण गरेदेखि आफनो प्रभूत्व छोडेको छैन । लोकतान्त्रिक पद्धति मन पराउने स्वशासित ताईवानी आफनो स्वतन्त्र अस्तित्वमा रहेपनि चीन ताईवानलाई स्वतन्त्र मान्न तयार छैन । आफनो प्रभूत्व स्वीकार गराउन सदैव संकटमा पार्ने चीनको नीति कति कठोर छ, स्पष्ट हुन्छ । साउथ चाईना सीको हालत पनि उस्तै छ । तिब्बतको बारेमा निद्रामा पनि उ ग्लोवल वाच गरि रहन्छ । उत्तर कोरियालाई खाद्यान्न तथा इलेक्टोनिक्स सामानहरू निर्यात गर्ने चीन अमेरिकासंग युद्ध गर्न उक्साई रहेको कुरालाई नकार्न सकिँदैन । १८ औं सार्क शिखर सम्मेलनमा पाकिस्तानले चीनलाई सदस्यता दिन गरेको प्रस्तावलाई हाल केही नगर्ने भारतको मनसायको विपरित पाकिस्तान र चीन दुवैको मौन प्रतिक्रियाको परिणाम हो भारत पाक युद्ध । चीन पाकिस्तानसंग रहनु अनर्गल होईन । युद्ध गर्नु आलोचना योग्य हो । भारततिर विश्वका डेकोक्रेटिक देशहरूको ध्रुवीकरण चीनलाई नजिकबाट हेर्नु हो । यो दुवै प्रवृति दक्षिण एशियाको वातावरणलाई युद्धतिर धकेल्ने काम गरेको छ । चारैतिर घेरिँदै जाने अवस्थामा भारतको के पहल होला भन्ने कुरा यसै पनि अनुमान गर्न सकिन्छ ।

संशोधन प्रस्तावलाई भारतीय प्रस्ताव हो, यसलाई कथमपि संसदबाट पास हुन नदिने एमालेको अडान यथावत् रहेको अवस्थामा एमालेको चुनाव पछि सबै माँग पूरा गर्ने बाचालाई कसरी विश्वास गर्ने भन्ने मधेशका दलहरूको अडानको बीचमा जेठ ३१ गते चुनाव गराउने सरकारको तयारी रहेको छ । चुनावमा राजपा लगायत दलहरूलाई सहभागि गराउने तथा मुस्लिम समुदायको रमजान पर्वका लागि सरकारले पहिले आषाढ ९ गते पुनश्च आषाढ १४ गते चुनावके मिति सारेको छ ।

प्रचण्ड सरकारको पालामा सीमाँकन विवादलाई सशक्त आयोगको जिम्मा लगाएर मधेशका दलहरूलाई संशोधन प्रस्तावमा केन्द्रीत गरि अहिले त्यसबाट पनि पछाडि हटाउन भारतीय दुतावासलाई प्रयोग गरिएको अवस्थाले मधेशका दलहरूको अवस्था कस्तो होला । भारतीय राजदूत मञ्जीव सिंह पूरीले बिना शर्त चुनावमा भाग लिन आग्रह गर्नु एमाले लगायत पार्टीको दबाव यसै प्रष्ट हुन्छ । भारतलाई मधेशको समस्याबारे सबै कुरा थाहा हुँदा हुँदै बिना शर्त राजपालगायत अन्य दलहरूलाई चुनावमा भाग लिन जाने आग्रहको के तुक हो ।

शक्तिकेन्द्रको क्रीडास्थल बनेको नेपाली जनता हामी आफनो निर्णय लिन स्वतन्त्र छैनौं । कस्तो विडम्बना ? आफनै देशमा गुलाम ? भारतीय राजदूतले मधेशका दलहरूमाथि चुनावमा जान दबाव बढाउन खोजेको समाचार आउन थालेको छ । यदि यो सही हो भने मलाई श्रीलंकामा लडि रहेको एल.टी.टी.आईको सम्झना आउन थाल्यो । के मधेशमा त्यसैको पुनरावृति गराउन खोजिएको हो । राजपाले संघर्षमा जाने निर्णय लिनुभन्दा पूर्व भारतीय राजदूतको यस्तैखाले समाचार आएको थियो । तर पनि राजपाले लिएको निर्णय मधेशको माटो पानीले चिताएको निर्णय थियो । अहिले षडयन्त्रकारीहरू अनेक जालझेलमा मधेशका दलहरूलाई फँसाउने कोशिशमा छन् । डर, त्रास, लोभ, लालच आदि कुराहरूलाई पन्छाई राजपाले संयम, विवेकको प्रयोग गरि आगामी कदम चाल्नेछ भने मधेशले आश लिएको छ । मधेशले अब नयाँ किसिमको लडाई लड्न जरूरी छ । राजपाको मधेशमा नयाँ शक्तिको पहिचान बन्दै गएकोले यसको साखलाई बरकरार राख्न जरूरी छ ।

*क्रमश:*

janukjha24@gmail.com

# काठमाडौं-तराई/मधेश द्रूतमार्गको शिलान्यास



*द्रूतमार्गको शिलान्यास गर्दै प्रधानमन्त्री*

काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले बाराको निजगढमा आयोजित एक विशेष समारोहका बीच राष्ट्रिय गौरवको आयोजना काठमाडौं-तराई/मधेश द्रूतमार्गको स्तम्भ अनावरण गर्दै शिलान्यास गरेका छन् ।

द्रूतमार्गको शिलान्यासको क्रममा सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले काठमाडौं-तराई/मधेश द्रूतमार्ग निर्माणले पहाड र मधेशलाई आर्थिक र भौतिक रूपमा मात्र नभई मनोवैज्ञानिक रूपमा समेत निकट बनाउने बताउँदै उक्त द्रूतमार्गले देशको समृद्धि र समुन्नितको ढोका खोल्ने व्यक्त गरे ।

सो कार्यक्रममा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रमेश लेखक र रक्षामन्त्री बालकृष्ण खाणले सम्बोधन गर्दै विगतमा नेपाली सेनाले राष्ट्र विकासमा प्रदर्शन गरेको सिप तथा दक्षताको प्रशंसा गर्दै समयमा नै गुणस्तरीय र सुरक्षित द्रुतमार्गको निर्माण कार्य नेपाली सेनाले समयमा नै सम्पन्न गर्ने पूर्ण भरोसा र विश्वास व्यक्त गरे ।

उक्त कार्यक्रममा धन्यवाद मन्तव्य दिँदै प्रधान सेनापति राजेन्द्र क्षत्रीले राष्ट्रिय गरिमा तथा देशको आर्थिक एवं सामरिक महत्व बोकेको यस द्रूतमार्गको निर्माण व्यवस्थापनको जिम्मेवारी नेपाली सेनालाई सुम्पिईएकोमा गौरव महशुस भएको व्यक्त गर्दै दिएको जिम्मेवारी सम्पन्न गर्न नेपाली सेना दृढ रहेको विश्वास व्यक्त गरे ।

कार्यक्रमको प्रारम्भमा द्रूतमार्ग निर्माण आयोजना व्यवस्थापनको अधिकार सम्पन्न निर्देशक समितिका अध्यक्ष बलाध्यक्ष पूर्ण चन्द्र थापाले स्वागत मन्तव्य व्यक्त गर्दै सम्पूर्ण नेपालीको चासो र गौरवको यस आयोजनाले राष्ट्रको आर्थिक विकासको ढोका खोल्ने बताउँदै यस सडक निर्माणबाट नेपाली सेनाको व्यवसायिकतामा प्रतिकुल प्रभाव नपर्ने र जनतासँगको पहुँच अझ बृद्धि हुने विश्वास व्यक्त गरे । सो कार्यक्रमको क्रममा द्रूतमार्ग निर्माण आयोजनका प्रमुख प्राविधिक योगेन्द्र खाणले उक्त आयोजनाका विभिन्न प्राविधिक पक्षहरूका बारेमा जानकारी गराएका थिए ।

उक्त शिलान्यास समारोहमा वन तथा भू-संरक्षण मन्त्री, भौतिक पूर्वाधार तथा यातायात राज्यमन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, राष्ट्रिय योजना आयोगकासदस्य, प्रधान सेनापति, नेपाल सरकारका विभिन्न मन्त्रालय तथा कार्यालयहरूको पदाधिकारीहरू, नेपाली सेनाका रथीबृन्द, विभिन्न मिडियाका सञ्चारकर्मी तथा सर्वसारधणहरूको उपस्थिति रहेको थियो ।

# नेपाल-भारत मैत्री समाजद्वारा राजदूत पुरीको स्वागत



काठमाडौं । नेपाल-भारत मैत्री समाजले नेपालका लागि नवनियुक्त भारतीय राजदूत मञ्जीवसिंह पुरीलाई स्वागत गरेको छ । कार्यक्रममा राजदूत पुरीले नेपाल-भारतबीचको सदियौं पुरानो सम्बन्ध विशिष्ट प्रकारको रहेको बताए । उनले बुद्धको जन्मभूमि नेपालले द्रुत गतिमा आर्थिक विकास गरिरहेको भारतबाट मनग्य फाइदा लिनसक्ने विचार व्यक्त गरे । भारतका लागि नेपालका पूर्वराजदूत डा लोकराज बरालले नेपाल र भारतबीच पञ्चायतकालदेखि नै खुला कूटनीति रहेको स्मरण गर्दै दरबारबाट निर्णय हुने विगतमा भन्दा अहिले विभिन्न शक्ति केन्द्रबाट निर्णय हुने गरिएकाले स्थिति केही जटिल बनेको अनुभव सुनाए । राष्ट्रिय पुन:निर्माण प्राधिकरणका कार्यकारी प्रमुख डा गोविन्द पोखरेल र डा सुन्दरमणि दीक्षित पनि आ-आफ्नो धारणा राखेका थिए ।

# सीमा सुरक्षा अधिकारीहरूको बैठक

नेपालगन्ज । दोश्रो चरण अन्तर्गत जेठ ३१ गते हुने स्थानीय तहको निर्वाचनलाई मध्यनजर गर्दै शुक्रबार नेपालगञ्जमा नेपाल र भारतका सुरक्षा अधिकारीहरूको संयुक्त बैठक बसेको छ । स्थानीय निकायको निर्वाचनलाई शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउनका लागि दुबैतर्फ सीमा सुरक्षा अधिकारीहरूको बैठक बसेको बाँकेका प्रमुख जिल्ला अधिकारी रविलाल पन्थले जानकारी दिए । स्थानीय निर्वाचनमा सिमा क्षेत्रमा हुने अपराधिक गतिबिधी तर्फ दुबै देशका सुरक्षा निकायले सीमा क्षेत्रमा कडाई गर्ने निर्णय गरिएको छ । त्यस्तै निर्वाचनको पूर्वसन्ध्यादेखि मतदान सम्पन्न नहुन्जेल सम्म दुबै तर्फका सीमा नाका बन्द गर्ने सहमति भएको छ । बैठकले सीमा क्षेत्रमा हुने अपराधिक गतिबिधी दुबैतर्फका सुरक्षा निकायले निगरानी गर्ने पनि निर्णय गरेको छ । बैठकमा नेपालका तर्फबाट बाँकेका जिल्ला न्यायधीश तेजनारायण पौडेल, बाँकेका प्रमुख जिल्ला अधिकारी रवीलाल पन्थ, बर्दियाका प्रमखु जिल्ला अधिकारी विष्णु थापा, दाङका प्रमुख जिल्ला अधिकारी मेघनाथ काप्ले सहित सुरक्षा अधिकारीहरूको सहभागिता रहेको थियो ।

# एम्बुलेन्स हस्तान्तर



कपिलवस्तु । अजय प्रताप शााह मेमोरियल ट्रस्टले युवा क्लबलाई एम्बुलेन्स हस्तान्तरण गरेको छ । कपिलबस्तु क्षेत्र नं. ५ का सांसद अभिषेक प्रताप शाहका बुवा स्व. अजय प्रताप शाहको नाममा रहेको मेमोरियल ट्रस्टले भारतीय दुताबासबाट पाएको एम्बुलेन्सलाई बुधकार एक कार्यक्रमकाबीच दिगो बिकास युवा क्लब रामनगरलाई हस्तान्तरण गरेको हो । स्व: अजय प्रताप शाहकी आमा मनोरमा देवी शाहले एम्बुलेसको साञ्चो युवा क्लबका संयोजक दिपेन्द्र सिंह चौधरीलाई हस्तान्तरण गरेकी हुन । एम्बुलेन्सबाट गर्भवती महिलालाई स्वास्थ्य संस्थासम्म पुर्याउन लाग्ने खर्च सांसद अभिषेक प्रताप शाहले आफ्नो तलबबाट तिर्ने र थप ३ वटा एम्बुलेन्स यस क्षेत्रका जनतालाई दिने बताएका छन् । सो कार्यक्रममा क्षेत्र नं. ५ का साविकका तीन गाबिस गणेशपुर, पत्थरदेईया र खुरूहुरियाका कुल ४३ जना महिला स्वयंसेविकाहरूलाई छाता पनि वितरण गरिएको छ । यसअघि साविकको गणेशपुर गाबिसका २० जना स्वयंसेविकालाई साईकल वितरण गरेको जानकारी सांसद अभिषेक प्रताप शाहले दिएका छन् ।

# महोत्तरीमा नयाँ शक्तिको चुनावी अभियान तीव्र

महोत्तरी । दोस्रो चरणको स्थानीय तह निर्वाचनको मिति सरेसँगै नयाँ शक्ति पार्टीले मधेशकेन्द्रीत चुनावी अभियान तीव्र बनाएको छ । गाउँ सहरमा चुनावी भेला तीव्र पारेको नयाँ शक्ति पार्टीले महोत्तरीका विभिन्न गाउँहरूमा चुनावी भेला सम्पन्न गरेको जनाएको छ । अभियानकै क्रममा एकडारा गाउँपालिका, समसी गाउँपालिका, गोशला नगरपालिका, बर्दिवास नगरपालिका लगायतमा चुनावी भेला सम्पन्न भएको महोत्तरी जिल्लाका उत्प्रेरक डा. सुरेन्द्र यादवले बताउनुभयो । नयाँ शक्तिले दुई नगरपालिका तथा केही गाउँपालिकाहरूमा सम्भावित उम्मेदवारलाई अगाडि सारेपनि संघीय समाजवादी फोरमसँगको चुनाव चिन्ह साझेदारीका कारण दुवै पार्टीको संयुक्त चुनावी संयन्त्रले स्थानीय तहका उम्मेदवार चयन गर्ने छ । महोत्तरी जिल्लामा जलेश्वर, गौशाला एवं बर्दिबास गरी ३ नगरपालिका तथा एकडारा, मनरा, महोत्तरी, पिपरा, मटिहानी, लोहारपट्टी, बलभा, समसी, सितापुर भंगाहा, सोनमा, औरही र रामगोपालसहित १२ गाउँपालिका रहेका छन् ।

सञ्चारमाध्यमले निष्पक्ष भई जनतालाई सकारात्मक उत्प्रेरणा दिने खालको तथ्यपूर्ण सूचना र जानकारी दिने खालका सामग्री सम्प्रेषण गर्नुपर्दछ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# विश्व परिवेश

## गृहबन्दी बनाउने नाटक दोहोरिन थाल्यो

लाहौरमा दोस्रो पटक आतंकवादी हफिज सईदलाई गृहबन्दी बनाउने नाटक प्रदशन गरिएको छ। जसलाई थाहा छ, त्यसले लाहौर उच्च न्यायालयले उसको विरूद्धका प्रमाणलाई जोगाएर वा मान्यता दिन अस्वीकार गरी दिएको हास्यास्पद दुखान्त सम्बन्धी पहिलो घटनालाई बिर्सेको छैन होला। उसका अनुयायीहरूले मानिसलाई यो भन्न थालेको छ कि यो संसोधित पुनरावृत्ति हो। यसपटक तिनिहरू यस्तो दावी गरेका छन् कि सरकार उसलाई नयाँ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प तथा चीनको दबाबले गर्दा २००८ को मुम्वई हत्याकाण्डको आरोपमा उसलाई दण्डित गर्न ज्यादै गम्भीर रहेको छ। तर ट्रम्प प्रशासनको तर्फबाट इस्लामावादलाई कुनै पत्राचार गरिएको छैन। त्यस्तै चीनको विशिष्ट प्रक्रियाअनुसार चिनियाँ परराष्ट्र मन्त्रालयका प्रवक्ता लुकाङले समेत इस्लामावादलाई कुनै दबाब दिएकोबारे समेत अस्वीकार गरिदिएका छन्। सेनाको इन्टर सर्भिसेज पब्लिक रिलेशन्स (आइएसपीआर) का प्रमुख मेजर जनरल आसिफ गफुरले रावलपिण्डीमा सञ्चारमाध्यमका व्यक्तिहरूलाई बताएका थिए कि सईदलाई गिरफ्तार गर्ने निर्णय नागरिक र सैनिक नेतृत्वबाट संयुक्तरूपमा लिइएको थियो, उनले भनेका थिए–'यो नितिगत निर्णय हो, जो राष्ट्रले राष्ट्रिय हितमा लिने गर्छ। थुप्रै निकायहरूले आफ्नो कार्य गर्नुपर्ने हुन्छ।' के हामी विश्वास गर्न सक्छौं कि सेनाले कुनै दबाबभित्र परेर यस्तो भन्न चाहान्छ कि सईदको बलिदानि दिएर उसले यो प्रचार गर्न चाहन्छ कि उसले सिमापारको आतंकवादको नीतिलाई आफ्नो विदेश नीतिका अस्त्रबाट परित्याग गरिसकेको छ ? यदि यस्तो छ भने पाकिस्तानले आफ्नो भारत र अफगानिस्तान नीतिका साथै त्यसभन्दा पनि बढि आफ्नो वैचारिक संरचनाहरूमा क्रान्तिकारी परिवर्तन ल्याउने क्रममा छ। थुप्रै पाकिस्तानि रणनितिज्ञहरू यसमा आश्वस्त रहेका छन् कि भारतविरूद्धको शत्रुता बिना पाकिस्तानि राज्य पुनर्जीवित रहन सक्दैन र त्यसैले गर्दा हफिज सइद



र मसूद अजहर जस्ता आतंकवादीहरूलाई भारतविरूद्ध शत्रुता फिजाउन तिनीहरूलाई संरक्षण दिने काम हुदैं आएको छ।

हामिलाई पनि यस पटक आश्वस्त गराउन थालिएको छ कि यसपटक लाहौर उच्च न्यायालयले सईदलाई बचाव गर्नसक्छ किनकि यसभन्दा अगाडि पटक पटक त्यस न्यायालयले अदालतको विरोधको आधारमा गृहबन्दि बनाउन अनुरोध गरेपनि गृहबन्दी आदेशपत्र संलग्न नभएको कारण जनाई सईदलाई उन्मुक्ति दिने गरेको थियो स्पष्ट रूपमा यस खाँचोलाई सपार्नु पर्छ। निवेदनमा यो दावी गरिएको छ कि गृहबन्दी बनाउन अमेरिकाको दबाब दिन थालिएको छ र सईदको आतंकवादसँग कुनै संलग्नता छैन ? निवेदनअनुसार उसलाई गिरफ्तार गर्नु संविधानको उल्लंघन गर्नु हो किनकि संविधानमा कुनै व्यक्तिलाई विनाकारण गृहवन्दी बनाउन नसकिने प्रत्याभुति दिइएको छ।

हुनत अहिलेसम्म ट्रम्प प्रशासनबाट आतंकवादीहरूलाई नियन्त्रण गर्न पाकिस्तानलाई कुनै दबाब दिइएको छैन तर पनि ट्रम्पको निर्वाचन अभियानको क्रममा खतरनाक यो संकेत दिइएको थियो कि पाकिस्तान आतंकवादीहरूलाई संरक्षण दिदै आएको छ। डोनाल्ड ट्रम्पलाई अमेरिकी राष्ट्रपतिका रूपमा शपथ गराउनुभन्दा एकसाता पूर्व उनको प्रतिरक्षामन्त्रीका प्रत्याशी जोन्स म्याटिसले यदि विश्वशत आधार भयो भने बाशिङटनले इस्लामावादलाई अत्यन्त नामी उग्रवादी संगठनहरू पाकिस्तानभित्र विद्रोह संचालन गर्ने संगठनहरूलाइ बहिस्कृत गर्न भन्नेछ भने भन्ने अभिव्यक्ति दिएका थिए। हालै अमेरिकामा रहेका दक्षिण एसियाका विशेषज्ञहरूको एक संगठनले राष्ट्रपति ट्रम्पको नयाँ प्रशासनलाई सिफारिस गरेको छ कि यदि पाकिस्तानले भारत र अफगानिस्तानविरूद्ध आतंकवादी काम कारवाहि बन्द गर्दैन भने अमेरिकाले पाकिस्तानप्रति कडा रूप अपनाउनु जरूरी भइसकेको छ। उनीहरूले आफ्ना दृष्टिकोण साथ सुझाव दिएका थिए कि यदि पाकिस्तान 'आतंकवाद संचालन गर्ने राज्य' को अवधारणा अनुरूपमा पर्छ भने पाकिस्तानी सेना र आईएसआईले आतंकवादलाई संरक्षण दिदै आएकोले त्यसका सम्बद्ध अधिकारीहरूलाई अमेरिकाको भ्रमणमा प्रतिबन्ध लगाउनुपर्छ। विशेषज्ञहरूले अमेरिकाका अधिकारीहरूद्वारा व्यक्त विगतका आधारहरू तथा संचारमाध्यमहरूमा व्यक्त अभिव्यक्तिहरूका आधारमा पाकिस्तानको विश्वव्यापि आतंकवाद संलग्नता रहेको स्पष्ट पारेका छन्। तर पाकिस्तान विगतका अमेरिकी अधिकारीहरू तथा संचार माध्यमहरूमा व्यक्त अभिव्यक्तिहरू वास्ता गर्दैनन् र हाँस्यास्पद प्रतिक्रिया दिन्छ कि पाकिस्तान परमाणु अस्त्र सम्पन्न राष्ट्र हो ?तर डोनाल्ड ट्रम्प अमेरिकाको राष्ट्रपति भएपछि पाकिस्तानको प्रवृत्तिमा केहि मोड आएकोले सदाझै अमेरिकालाई झुक्याउन सईदलाई गृहबन्दी बनाउने नाटकलाई पुन:दोहोर्‍याउन थालिएको छ। पाकिस्तानी प्रेसको एक संकायले आफ्नो प्रतिवेदनमा चीनले पाकिस्तानलाई सईदलाई गिरफ्तार गर्न दबाब दिएको उल्लेख गरेको छ।

हामी हेर्छौं कि चिनियाँ प्रवक्ताले बशुको भनाई वास्ता नगरे पनि त्यसमा विश्वास गर्ने कारण यो छ कि चीनले अवश्यै पाकिस्तानलाई सईद र उसको समूहमाथी कारवाहि गर्न भनेको हुनसक्छ किनकि संयुक्त राष्ट्र सुरक्षा परिषदले गतवर्ष नोभेम्वरमा भएको मुम्वई हत्याकाण्डका लागि उसलाई र अन्य आतंकवादीहरूलाई दिसम्भर २००८ मा आतंकवादी घोषित गरेको थियो भने हालैको चीनसम्बन्धी केहि सार्वजनिक वक्तव्यका कारण चीन मुछिन पुगेको अवस्थाको कारणसमेत गत महिना सईदको संगठन, जमात–उद–दावाले उसलाइ उद्धत गर्दै चीन र रूसले पाकिस्तानको आतंकवादमा भूमिका रहेको आरोप लगाएको थियो। जमात–उद–दावाले छिट्टै त्यस व्यक्तव्यलाई संशोधित गरेर त्यसमा सईदले पाकिस्तान सरकारलाइ ती देशहरूमाथी दबाब दिएर तिनिहरूबाट भारतलाई पाकिस्तानमा आतंकवाद सञ्चालन बन्द गर्ने दबाब दिनसमेत भनेको उल्लेख गरेको थियो। हुनत चीन त्यस संशोधित वक्तव्यसँग सन्तुष्ट छ कि छैन तर सईदको चीन पाकिस्तान इकोनोमिक कोरीडोर योजनासँग सम्बद्ध अभियान कश्मीरको स्वतन्त्रता चुनौतीपूर्ण हुन सक्नेछ। जबकी पाकिस्तानी जनता त्यस योजना र चीनसमेत विरूद्ध आवाज उठाउनसक्ने आँट गरिरहेका छैनन्। (राष्ट्रवाणी साप्ताहिक, जेष्ठ १६)

## एन्टाको चौथों सम्मेलन धुमधामका साथ सम्पन्न

अमेरिका (न्यूयोर्क)। अमेरिकास्थित मधेशीहरूको सङ्गठन 'एसोसिएशन अफ नेपाली तराईअन इन अमेरिका' (एन्टा), को सम्मेलन धुमधामका साथ न्यूजर्सीमा सम्पन्न भएको छ।

"मधेशका लागि शान्ति र समृद्धि"भन्ने मूल नाराका साथ शनिबार सम्पन्न सो सम्मेलनमा अमेरिकाको करिब हरेक राज्यमा बसोबास गर्ने मधेशी समुदायको प्रतिनिधिमूलक सहभागिता भएको थियो।

जसमा एन्टाका संस्थापक नेताहरूदेखि लिएर सधारण व्यक्ति, महिला, युवाहरूको बाक्लो उपस्थिति थियो। सो सम्मेलनमा अमेरिकामा रहेका मधेशीहरूको बिच एक आपसमा केकस्ता सहयोगात्मक कार्य गर्नुका साथै आफ्नो भाषा, संस्कृति, रितीरिवाजको संरक्षण र सम्वर्द्धन गर्नका लागि केकस्ता सहयोगहरू गर्न सक्नुका साथै आफ्नो मातृभूमि नेपालमा विगतभन्दा पनि अझ प्रभावकारी र विकासमूलक केकस्ता कार्यक्रमहरू गर्न सकिन्छ भन्ने विषयमा विभिन्न विद्वानहरूले आफ्नो कार्यपत्र प्रस्तुत गर्नुका साथै आफ्नो मनत्वय व्यक्त गरेका थिए।



*न्यूजर्सीमा सम्पन्न एन्टाको चौथो सम्मेलनमा सहभागीहरू सामूहिक तस्वीर खिचाउँदै।*

मन्त्वय राख्ने क्रममा नेपालका लागि पूर्वराजदूत स्कोट डेलिस, एलाइन्स फर पिस विलडिङ्गका पूर्वसभापति चार्ल्स दामवाच, कोरियन एडभोकेन्सीका मैनेजिङ्ग डायरेक्टर जे. डी. किम, प्रमुख अतिथि राघवेन्दर द्विवेदी, एन्टाका संस्थापक सभापति रतन झा, डा. नविन सिंह, डा. उपेन्द्र कर्ण, ललित झा लगायतकाले आफ्नो मन्तव्य राखेका थिए।

सम्मेलन एन्टाका सभापति डा. चक्रधर मिश्रको सभापतित्वमा भएको थियो भने संचालन एन्टा सचिव अरविन्द सिंहले गरेका थिए। जसको आयोजना न्युयोर्क च्यापटर ले गरेको थियो।

साथै, सो सम्मेलनमा विभिन्न क्षेत्रमा ख्याति प्राप्त एवम् आफ्नो समुदायका हरेक किसिमका विकासका लागि सहयोग पुर्‍याउनु भएका व्यक्तिहरूलाई पुरस्कृत गरिएको थियो।

सो सम्मेलनका सहसंयोजक एवम् एन्टा न्युयोर्क च्यापटरका सभापति सुभाष कुमार बैठाका अनुसार सम्मेलनमा विभिन्न मनोरञ्जनात्मक कार्यक्रम जुन मधेश र मधेशीहरूको रहनसहन, भेषभूषा रितीरिवाज, भाषा संस्कृति झल्किने झाँकीहरू समेत प्रदर्शन गरिएको थियो।

उनका अनुसार सो सम्मेलनले आउँदो दुई वर्षका लागि विजय सिंहको नेतृत्वमा नयाँ कार्य समिति पनि निर्वाचित गरेको छ। जसमा वरिष्ठ उपाध्यक्ष डा. सुबोध मल्लिक, उपाध्यक्ष अरविन्द सिंह, उपाध्यक्ष सुभाष कुमार बैठा, सचिव इन्द्रदेव साहु, सहसचिव जितेन्द्र ठाकुर, कोषाध्यक्ष मुकेश कर्ण, प्रवक्ता अपराजिता झा तथा सदस्यहरू ओम गोइत, खुश्बु मिश्र, मोहन यादव, रतनेश झा, अर्चना कायस्त लगायतका व्यक्तिहरू निर्वाचित र मनोनीत गरिएका छन्।

# पत्रपत्रिकाबाट...

## नेपाल-भारतबीच विद्युत् खरिद सम्झौता नवीकरण

काठमाडौं। नेपाल विद्युत् प्राधिकरणले ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनबाट आयात गर्दै आएको बिजुलीको विद्युत् खरिद सम्झौता नवीकरण भएको छ। भारतको सेन्ट्रल इलेक्ट्रिसिटी अथोरिटीमा शनिबार आयोजित नवीकरण सम्झौतामा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र भारतको विद्युत् व्यापार निगम (एनभिभिएम)का प्रमुख अरूणकुमार गर्गले हस्ताक्षर गर्नुभएको प्राधिकरणका प्रवक्ता प्रबल अधिकारीले जानकारी दिए। यसअघि भएको सम्झौताको म्याद यसै साता सकिन लागेकाले शनिबार नवीकरण गरिएको हो। सम्झौता नवीकरण गर्न घिसिङ नेतृत्वको टोली शुक्रबार भारत गएको थियो। एनभिभिएन नेपालमा बिजुली बेच्न भारतले तोकेको सरकारी निकाय हो। सम्झौता नवीकरणले वर्षामा आयात हुने बिजुलीको परिमाण र अवधि तय गरिएको छ। वर्षामा आयात हुने बिजुलीको पिपिए नवीकरण गर्न प्राधिकरणले वैशाख २१ मा भारतलाई पत्राचार गरेको थियो। प्राधिकरणका अनुसार यसअघि यो प्रसारण लाइनबाट विद्युत्को अत्यधिक माग रहेका बेला बढीमा १४५ मेगावाटसम्म आयात गरिएको थियो। अहिले १३५ मेगावाटको हाराहारीमा आयात भइरहेको छ।

## पेन्सन क्याम्प सम्पन्न

काठमाडौं। गुल्मीमा चलिरहेको भारतीय सेना र विभिन्न संस्थाबाट अवकाश प्राप्त भुपु सैनिकहरूका लागि वितरण गरिने पेन्सन क्याम्प सम्पन्न भएको छ। वैशाख २८ बाट सुरू भएको वितरण क्याम्प १३ दिनसम्म चलेको हो। सदरमुकाम तम्घासमा वितरण गरिएको क्याम्पबाट करिब १ अर्ब १५ करोड वितरण भएको भारतीय पेन्सन वितरण क्याम्पले जनाएको छ। क्याम्पबाट ६ हजारभन्दा बढी भुपु सैनिकले पेन्सन बुझेका छन्। भारतीय सेना र भारतका विभिन्न संघ संस्थाबाट अवकाश प्राप्त भुपुलाई पेन्सन वितरण क्याम्प प्रत्येक वर्षको ६/६ महिनामा वितरण गरिँदै आएको छ। तम्घासमा सञ्चालन भएको पेन्सन वितरण क्याम्पबाट गुल्मी जिल्लालगायत बाग्लुङ, अर्घाखाँची, प्युठान लगायतका ठाउँका भुपु करिब ७ हजार पेन्सनर रहेका छन्।

## भारतमा नेपालीपोयट्री फेस्टिभल

काठमाडौं। भारतको नयाँदिल्लीमा एकदिने अन्तराष्ट्रिय नेपाली पोयट्री फेस्टिभल भएको छ। साउथ एसियन युनिभर्सिटीमा समाज शास्त्र अध्ययन गर्ने नेपाली विद्यार्थीहरूले गरेको फेस्टिभलमा नेपाल संगीत तथा नाटय प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्तले समकालीन नेपाली कविताबारे बोले। नेपाल र भारतको पोयट्री कल्पनाबारे प्रा. अभि सुवेदी र भारतीय कवि एवं ललित कला एकेडेमीका पूर्वकुलपति अशोक वाजपेयीबीच अन्तरसंवाद भयो। त्यस्तै, फेस्टिभलले भिन्न क्षेत्रका साहित्यकारहरूलाई एकै ठाउँमा ल्याएको हो। भारतका लागि नेपाली राजदूत दीपकुमार उपाध्यायले फेस्टिभलले दुई देशको सम्बन्धमा मिठास ल्याएको दाबी गरे। कार्यक्रममा नेपालीभाषी स्रष्टाहरू राजेन्द्र भण्डारी, देवकी तिमल्सिना, राजापुनियानी, सकुल प्रधान, रामलाल जोशी, भूपेन्द्र अधिकारी, नवराज लम्साल, विष्णु गुरूङ, जोगेन दर्नालसँगै बंगाली, दारी, हिन्दी, उर्दु, तामिल, तेलुगुभाषी २० कविले आफ्ना भाषामा कविता सुनाएका थिए।

# जिल्ला समाचार

## राजपा निर्वाचनमा सहभागी हुनुपर्छ : यादव

राकेश यादव, रौतहट। संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले राष्ट्रिय जनता पार्टी नेपाललाई निर्वाचन सहभागी हुनुपर्ने धारणा राखेका छन्। यादवले विगतका आन्दोलनबाट प्राप्त भएका उपलब्धिहरूलाई सस्थागत गर्नको निमित आफु चुनावमा सहभागी भएको प्रस्ट परेका छन्। उनले एकपटक भएको गल्ती सुधार्नुको सट्टा राज्यले थप गल्ती गर्दै गएको परिणाम स्वरूप सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको टिपण्णी गरेका छन्। नयाँ दलको रूपमा राजपा नेपाल रहेकोले दल दर्ता गरी चुनाव चिन्ह दिनु पर्ने बातावरण सरकारले नबनाएसम्म समस्या समाधान हुने नभएकोले दल दर्ताको लागि समय दिनु पर्ने मांग गरेका छन्।

## रूपन्देहीको ७ तहमा उम्मेदवारको टुङ्गो

रबिन्द्र प्रताप गुप्ता, भैरहवा। वडा अध्यक्ष तथा सदस्यहरूको उम्मेदवार चयन गरिसकेको नेपाली काँग्रेस रूपन्देहीले जिल्लाको १६ स्थानीय तहमध्ये ७ स्थानीय तहमा पनि उम्मेदवारको टुङ्गो लगाएको छ। कांग्रेस रूपन्देहीले एक नगरपालिका सहित ६ वटा गाउँपालिकाको उम्मेदवारहरूको टुङ्गो लगाएको हो। १६ स्थानीय तह मध्ये एक उपमहानगरपालिका, ४ वटा नगरपालिका र ४ गाउँपालिकाको उम्मेदवारहरूको पनि केही दिन भित्रै टुङ्गो लाग्ने नेपाली काँग्रेस रूपन्देहीका सभापति एवं सांसद अब्दुल रज्जाकले जानकारी दिए। नेपाली काँग्रेस रूपन्देहीले लुम्बिनी सांस्कृतिक नगरपालिकाको प्रमुखमा मोहम्मद शइद खाँ र उपप्रमुखमा नवबती यादवलाई उम्मेदवार बनाएको छ। खाँ नेपाली काँग्रेस लुम्बिनी सांस्कृतिक नगरपालिकाको सभापति हुन् भने यादव लामो समय देखि समाजिक तथा राजनीतिक क्षेत्रमा क्रियाशिल व्यक्तित्व हुन्।

## दिसामुक्त र पूर्ण खोपयुक्त वडा घोषणा

नेपालगंज। बाँकेको डुडुवा गाँउपालिका वडा नं. २ होलियालाई मंगलवार खुल्ला दिशामुक्त र पूर्ण खोपयुक्त घोषणा गरिएको छ। डुडुवा गाँउ पालिका वडा नं. २ होलियाले स्वस्थ्य चौकी होलियोको सहकार्यम आयोजना गरेको घोषणा सभालाई सुम्बोधन गर्दै बाँकेका प्रमुख जिल्ला अधिकारी रबिलाल पन्तले नेपाल सरकारको राष्टिय लक्ष्य अनुरूप बाँकेको सम्पूर्ण गाँउपीलकालाई दिसामुक्त क्षेत्र घोषणा गरी सकिएको बताउँदै उनले खुल्ला दिसा गर्नेहरू माथि कानुनी कारवाही हुने जिकिर गरे। यस्तै जिल्ला समनवय समिति बाँकेका प्रमुख हरि प्याकुरेले,आफुसधै सरसफाईका लागि सहयोग गर्न तयार रहेको बताउदै होलियालाई नमूना वडा बनाउन तर्फ लाग्न सबै संग अपिल गर्नु भएको थियो। होलियालाई खुल्ला दिसा मुक्त र पूर्ण खोप युक्त वडा घोषण गर्न सफल भएको भन्दै जिल्ला समन्वय समिति बाँकेले १ लाख र सडक डिभिजन कार्यालय बाँकेले ७५ हजारको चेक हस्तान्तरण गरेको थियो।

## पूर्व मेयर यादव फोरममा प्रवेश

रौतहट। गौर नगरपालिकाका पूर्व नगरप्रमुख गौरीशंकर राय यादव संघीय समाजवादी फोरम नेपालमा विधिवत् रूपमा पार्टी प्रवेश गरेका छन्। गौर नगरपालिका वार्ड नम्बर ९ स्थित आफ्नै निजी निवासमा आइतबार बिहान आयोजित पार्टी प्रवेश कार्यक्रममा यादव फोरममा प्रवेश गरेका हुन्। फोरमका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवले पूर्वमेयर यादवसहित औरैया निवासी माधुरी देवी सिन्हा, गौर नगरपालिका २ निवासी जीतेन्द्र साहलाई पार्टी प्रवेश गराएका हुन्। नवप्रवेशी यादवले स्वतन्त्र रूपमा गौर नगरपालिकामा पहिलो पटक मेयरमा विजयी भएको भए पनि अब विना पार्टी संगठनको कुनै व्यक्ति बलियो हुन नसक्ने हुनाले आफू फोरममा प्रवेश गरेको बताएका छन्।

## दलित विद्यार्थीलाई पोसाक वितरण

जनकपुरधाम। दलित विद्यार्थीलाई शिक्षातिर आकर्षण गर्ने उद्देश्यले श्री रानी मा बि सोनिगामा मोरहामा बिद्यालय का व्यवस्थापन समितिले एक कार्यक्रमको आयोजना गरि पोसाक र स्टेशनरिका समानहरू दलित छात्रछात्रालाई वितरण गरेको छ। कार्यक्रममा नेकपा माओवादी केन्द्रका पोलिट ब्यूरो सदस्य रामचन्द्र मण्डल, शिक्षा कार्यालयका श्रोत व्यक्ति सुखचन्द्र लाल कर्ण, स्थानीय राजनीतिकर्मी, बुद्धिजीबी, प्रशासनिक निकायका प्रतिनिधि लगायत पत्रकारहरूको रोहबरमा उक्त सरसमानहरू वितरण गरिएको छ। माओवादी नेता रामचन्द्र मण्डल र जिल्ला शिक्षाको सन्युक्त आर्थिक सहयोगमा कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमको अध्यक्षता ब्यबस्थापन समितिका अध्यक्ष प्रमोद मण्डलले गरेको थिए।

## थर्ड एलायन्सद्वारा शुभकामना व्यक्त

बाँके। मुस्लिम समुदायको महान पर्व रमजान आजदेखि शुरू भएको छ। एक महिनासम्म चल्ने रमजानमा मुसलमान धर्मावलम्बीहरूले उपवास बस्ने गर्दछन्। जसलाई 'रोजा' भनिन्छ। आजबाट सुरू भएको रोजाको तराई मानव अधिकार रक्षक संजाल (थर्ड एलायन्स)ले रमजान पर्वको अवसरमा मुस्लिम समुदाय तथा अन्य समुदायलाई शुभकामना व्यक्त गरेको छ। उपक्षेत्रीय प्रमुख आलम खानले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'पवित्र यो पर्वमा मुस्लिम तथा गैर मुस्लिम सुमदायप्रति शुख, सुस्वास्थ्य, शान्तिको कामना गर्दछु।' देशमा मानव अधिकार संरक्षणको कार्य चुनौतीपूर्ण रहिरहेको वर्तमान सन्दर्भमा मानव अधिकारका क्षेत्रमा क्रियाशील सम्पूर्ण संघ, संस्था, मानव अधिकार प्रतिरक्षकहरू र नागरिक समाज समेत थप सक्रिय भई मानव अधिकार वहालीका पक्षमा वकालत बढाउनुपर्ने आवश्यकता देखिएको विज्ञप्तिमा भनिएको छ।

## चट्याङबाट ३ वटा भैंसीको मृत्यु

रौतहट। जिल्लाको गौर नगरपालिका वार्ड नम्बर १२ मुड़वालाबामा आइतबार विहान चट्याङ पर्दा एक जनाको ३ वटा भैंसीको मृत्यु भएको छ। विहान ११ बजेको समयमा आएको पानीसँगै चट्याङ खस्दा स्थानीय नवल किशोर यादवको २ वटा भैंसीसहित एउटा पाड़ा घटनास्थलमै मरेको जिल्ला प्रहरी कार्यालय गौरले जनाएको छ। रामजानकी मंदिर नजिक रहेको पोखरीको डीलमा रहेको वरको रूखमा बाँधिएको भैंसीको चट्याङबाट मृत्यु भएको हो। परिवारको आम्दानीको मुख्य आय स्रोतको रूपमा रहेको भैंसीको मृत्यु भएपछि पीडितको समस्या भएको हो। मरेको भैसी भए एउटा ८ महिनाको गर्भवती रहेको थियो भने अर्को दूध दिने रहेको बुझिएको छ। घटनाबाट पीड़ितको २ लाखको क्षति भएको प्रहरीले जनाएको छ।

## वातावरण तयार गर्ने जिम्मेवारी सरकारको : ढकाल

कैलाली। नेपाल परिवार दलका अध्यक्ष एवम् पूर्वमन्त्री एकनाथ ढकालले पुराना राजनैतिक दलका विकल्प रोज्न मतदाता तयार हुनु पर्ने बताएका छन्। परिवार दलको प्रदेश नम्बर ७ द्वारा आयोजित उम्मेदवार प्रशिक्षण कार्यक्रममा बुधबार धनगढीमा यस्तो बताएका हुन्। अध्यक्ष ढकालले सचेत मतदाताले प्रतिबद्धता पुरा नगर्ने पार्टीलाई छोड्न र उचित विकल्प रोज्न सके मात्र लोकतन्त्र र विकासले सार्थकता पाउने बताए। अग्रपंथी लोकतन्त्रलाइ आत्मसात गरेको परिवार दल एक उत्कृष्ट विकल्प हुन सक्ने भन्दै ढकालले स्थानीय तहमा नमुना कामको लागि साँचोमा मतदान गर्न सबैलाई आग्रह गरे। परिवार दल नेपालको राजनीतिमा बैकल्पिक लोकतान्त्रिक शक्ति बन्ने लक्ष्यका साथ अगाढि बढेको उल्लेख गर्दै भोट व्यक्ति वा पार्टीलाई नभई मुद्दा हेरेर दिन पनि मतदातामा आह्वान गरे।

## होटल संचालकसहित आधा दर्जन पकाउ

राम नारायण पंडित, सिरहा। वेश्यावृतिको आरोपमा मिर्चैयाको कटारी चौकमा रहेको राहुल होटल एण्ड लजँमा प्रहरीले छापामारी गरी आधा दर्जन महिला पुरूषलाई पकाउ गरेको छ। मंगलबार राति गोप्य सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय मिर्चैयाबाट खटिएको प्रहरीको गस्ति टोलीले होटलमा छापामारी गरि यौनधन्दामा संल्गन रहेको आरोपमा होटलका संचालक सहित आधा दर्जन महिला पुरूषलाई पकाउ गरेको छ। पकाउ परेका मध्ये संचालक सहित २ महिला र एक पुरूषलाई सार्बजनिक अपराध अन्तर्गत मुद्दा चलाईएको मिर्चैयाको प्रहरी नायब उपरिक्षक (डिएसपी) गजुसिद्धि बज्राचार्यले बताए। अन्यको चेताबनी दिई परिबारको जिम्मा लगाइएको डिएसपी बज्राचार्यले जानकारी दिए। मिर्चैयाको कटारी चौकमा संचालित अधिकांश होटलहरूमा दिनदहारै खुल्लेयाम यौनधन्दा भईरहेको गुनासो बढेपछि निगरानी बढाएको डिएसपी बज्राचार्यले दाबी गरे।

## घरदैलो अभियान तीव्र

विराटनगर। निर्वाचनको तिथि नजिकिन थालेपछि राजनीतिक दलले घरदैलो अभियानलाई तीव्रता दिएको छ। पार्टीका झन्डा र चुनाव चिह्नका साथ कार्यकर्ता प्रचारप्रसारलाई तीव्रता दिनुका साथै आ-आफ्ना पार्टीका घोषणापत्र र नगरको विकासका लागि मतदातासमक्ष प्रतिबद्धता प्रकट गरेर मतदातालाई आकर्षित पार्न जुटेको देखिन्छ।

## facebook


गाउँमा सिंहदरवार पुगेको अनुभूति त दियो बजेटले। सिंहदरवारसंगै बैंकपनि पुगे पो हुन्छ। निकासा चुस्त नभएसम्म जुन दरवार पुगे पनि उस्तै। **किशोर नेपाल**


एमालेको के ताल हो यो ?लोकतन्त्र को कुरा गर्ने, अनि निर्बाचन आयोगले गर्ने कामको निम्ति संसद बैठक अबरूद्ध गर्ने। यो पनि हद भयो। जे गरे पनि हुन्छ ? **नारायणकाजी क्षेष्ठ**


२ दिन जनकपुर बसाईको मुल्यांकन, संविधान संसोधन नभइकन नेताले त चुनावमा भाग लेलान् तर जनतामा असन्तुष्टि रहिरहन्छ देशलाई दिर्घकालीन क्षति हुनसक्छ। **दीपेन्द्र झा**


२०६२/६४ देखि चली आइराखेको मधेश आन्दोलनको एक अध्याय अब समाप्तीको करारमा गएको देख्दैछु। आत्मादेखि नै मन दुखेको छ तर अर्को तिर वैकल्पिक शक्तिको रूपमा तराई मधेश राष्ट्रिय परिषद्ले जन्म लिएकोमा आश फेरी जागेको छ। स्वंय पनि यस शक्तिसँग आवद्ध भएर शहिदको बलिदानी र आन्दोलनको भावनालाई जिउँदो राख्न प्रयासरत छु । **सरोज राय**


वकिलहरूको नैतिकता बडो गज्जपको हुन्छ। चोरको पक्षमा वकालत गरे पनि वकिललाई 'चोरको मतियार' भन्न पाइँदैन। पैसा खाएर भ्रष्टाचारीको पक्षमा बोले पनि उसलाई 'भ्रष्टाचारीको संरक्षक' भन्न मिल्दैन। **अरूण बराल**


आफ्नै छोरा छोरीलाई पदक दिलाए भनेर नेताहरूलाई गाली गर्नु बेकार छ। पदक सिफारिश गर्ने त सबै कर्मचारी हुन। नेतालाई खुशी पार्न गरिएका ति सिफारिसहरू कतिले त अन्तिम अवस्थामा थाहा पाएका पनि हुन सक्छन। तक्माको इज्जत निमिट्यान्न पार्नुमा नेतृत्वको भन्दा कर्मचारीतन्त्रको हात छ। **बबिता बस्नेत**


संविधानको अन्तरबस्तु भन्दा पनि संशोधन पक्रियाका लागि मरिहते गर्न लागे मसिहाहरू। संशोधनमा आम, इमली, कटहर भएपनि चलेगा रे। कसैले मधेशको न्यूनतम् माग विर्सेका छन् भने यसअघिको अन्तरिम संविधान र अहिलेको संविधान पढे पुग्छ। मधेशका थप मागहरू बुझ्न मधेशको गामघर घुम्न आवश्यक छ। चुनावमा गएपनि वा नगए पनि मधेशबाट आउने परिणाले यिनीहरूको 'माथा चकराउने' छ। **बीपी साह**


जुन निर्वाचनले जनताको आफ्नै घर-आँगनमा सिंहदरबारको अधिकार ल्याउन सहयोग गर्छ। जुन निर्वाचनले व्यक्ति व्यक्तिमा अधिकार र घर-घरमा सरकार पुर्‍याउँछ त्यो निर्वाचनलाई अवरोध गर्नु ठिक होइन। **संगीता रेग्मी**


राजपाले संशोधनको लागि गरेको आन्दोलनको कार्यक्रम फिर्ता लिनु मधेशी जनतासँगको धोखा हो। अब संशोधन बिना चुनावमा जाने निर्णय आउन बाँकी। यो "ठगबन्धन" हो या गठबन्धन ? **मुकेश झा**


भुगोल, जनसंख्या, वडा, क्षेत्र, र अन्य कुनै पनि मापदण्ड बिना विरगन्ज र बिराटनगर महानगरपालिका हुन सक्छ भने, रघुनाथपुर गाँउपालिका, जनकपुर महानगरपालिका किन हुन सक्दैन ? जनताको आन्दोलन सम्बोधन गर। पुरन गुप्ता


जिद्दी र घमण्डी एमालेलाई, एमाले मुक्त मधेश चुनावमा भाग लिएर नतिजामा देखाउ, नत्र नेपाली जनताको भर हुदैन मधेशी मोर्चा मुक्त मधेश होला होस गर। **किशोर सुवेदी**

# १२ खर्ब ७८ अर्ब बढीको बजेट



काठमाडौं। सरकारले आगामी आर्थिक वर्षका लागि रू १२ खर्ब ७८ अर्ब ९९ करोड ४८ लाख ५५ हजारका राजस्व र व्ययको वार्षिक अनुमान(बजेट) प्रस्तुत गरेको छ। व्यवस्थापिका-संसद्को सोमबारको बैठकमा उपप्रधानमन्त्री एवम् अर्थमन्त्री कृष्णबहादुर महराले आव २०७४/७५ का लागि उक्त रकमको बजेट प्रस्तुत गरेका हुन्। विनियोजित रकममध्ये रू आठ खर्ब तीन अर्ब ५३ करोड १४ लाख ५४ हजार चालुतर्फ र रू तीन खर्ब ३५ अर्ब १५ करोड ५९ लाख ७० हजार पुँजीगततर्फ छुटचाइएको छ।

# प्रबुद्ध समूहको बैठक सम्पन्न

काठमाडौं। नेपाल र भारतबीचको प्रबुद्ध समूहको चौथो बैठकले दुई देशका सन्धी सम्झौता पुनरावलोकन गर्ने विषयमा सकारात्मक छलफल गरेको छ। भारतको देहरादुनमा सम्पन्न दुई दिने बैठकले ठोस निर्ष्कष निकाल्न नसकेपनि सकारात्मक रूपमा सम्पन्न भएको दुवै देशका अधिकारीहरूले बताएका छन। बैठकमा सन् १९५० को शान्ति तथा मैत्री सन्धी, व्यापार र वाणिज्य, जलश्रोत लगायतका विषयमा छलफल भएको थियो। तीन महिनापछि काठमाडौंमा बस्ने पाँचौ बैठकले ती विषयमा थप छलफल गर्ने नेपाली टोलीका सदस्य भेषबहादुर थापाले बताउनुभयो। वैठक सकारात्मक तथा उत्साहपूर्ण सम्पन्न भएको उहाँको भनाई थियो। भारतीय प्रवुद्ध समूहका सदस्य भगतसिंह कोसियरीले वैठक निकै सौहार्द्धपूर्ण रूपमा भएको बताउदै विगतमा छलफल गरिरहेका विषयमा केन्द्रित भएको उल्लेख गर्नुभयो। बैठकमा सुरक्षा, प्राकृतिक स्रोत साधन, खुला सिमाना र परराष्ट्र नीति सम्बन्धी विषयमा नेपालले संशोधनको प्रस्ताव राखेको बताइएको छ।

# दुईदिने भारतीय थिएटर फेस्टिभल सम्पन्न



काठमाडौं। भारतीय राजदूतावास काठमाडौं तथा बिपि कोइराला भारत-नेपाल फाउण्डेशनको आयोजनामा काठमाडौंमा दुई दिने भारतीय थिएटर फेस्टिभल सम्पन्न भएको छ। उक्त फेस्टिभलमा भारतका चर्चित निर्देशक फैजल अल्काजीको नाटक 'अ क्वाइट डिजायर' मञ्चन गरिएको थियो। रूचिका थिएटर ग्रुपले मञ्चन गरेको नाटक रवीन्द्रनाथ टैगोरको जीवनमा नाटक आधारित थियो। नाटकमा ९ जना कलाकारहरूको अभिनय थियो। फैजल भारतीय चर्चित रंगकर्मी इब्राहिम अल्काजीका छोरा हुन्। नाटक महोत्सवमा नागरिक उड्डयन तथा पर्यटनमन्त्री जितेन्द्र नारायण देव प्रमुख अतिथिको रूपमा आएका थिए। मन्त्री देवले यस्तो कार्यक्रम आयोजना गरेको भन्दै बधाई दिएका थिए। उनले यस्ता कार्यक्रमले नेपाल-भारतको संस्कृति अझ मजबुत हुने बताए। महोत्सवमा करिब सात सय जनाको उपस्थिति रहेको थियो। फैजलले बुवाको कामलाई 'रूचिका थिएटर समूह'मार्फत् अघि बढाएका छन्। यसैगरी, शनिबार रूचिका थिएटरले झम्सीखेलमा युवा र बालबालिकालाई 'मोक्ष लाइभ' कार्यशाला चलाएको थियो।

# मिति सरेपछि मुस्लिम समुदाय खुसी

जलेश्वर। सरकारले मुस्लिमको महान् पर्व रमजानलाई मध्यनजर गर्दै स्थानीय तहको दोस्रो निर्वाचनको मिति सारेकोमा मुसलमान समुदाय निक्कै खुसी भएका छन्। एक महिनासम्म दिनभरि भोकै बसेर मुस्लिमले मनाउने रमजान पर्वको बीचमा निर्वाचन भएमा मुस्लिम समुदाय सहभागी नहुने तथा भएपनि उत्साहजनक उपस्थिति नहुने भन्दै विभिन्न जिल्लाका मुस्लिम समुदायले सरकारलाई पटक पटक आग्रह गरेपछि सरकारले मुस्लिमको पर्वलाई मध्यनजर गर्दै निर्वाचनको मिति सारेपछि मुस्लिम समुदाय खुसी भएका हुन। असार १३ गतेका दिन मुस्लिमको रमजान पर्व सकिने र १४ गते उनीहरू उत्साहका साथ स्थानीय तहको निर्वाचनमा सहभागी हुन पाउने भन्दै सरकारले निर्वाचनको मिति सारेकामा उनीहरू निक्कै खुसी भएको छन।

# इलाका प्रहरी कार्यालय र प्रहरी चौकी उद्घाटन

महोत्तरी। महोत्तरी जिल्लाको दुई गाउँपालिकामा सुविधा सम्पन्न इलाका प्रहरी कार्यालय र प्रहरी चौकी निर्माण गरिएको छ। बलवा गाउँपालिकामा एक करोड ७४ लाख ५२ हजार ५ सय ४२ रूपैयाँको लागतमा इलाका प्रहरी कार्यालय निर्माण गरिएको र बलवा तथा सीतापुर भंगहा गाउँपालिकालाई समेट्ने गरी भंगहामा एक करोड २८ लाख ८२ हजार रूपैयाँको लागतमा प्रहरी चौकी निर्माण गरिएको हो। हाल मध्यक्षेत्रमा १३ वटा क्षतिग्रस्त प्रहरी भवन पुन:निर्माण भइरहेको छ।




## आर्थिक समाचार

# एनसेलले शुरू गर्‍यो फोरजी/एलटिई सेवा

काठमाडौं। एनसेलका ग्राहकले अब बहुप्रतिक्षित चौथो पुस्ताको मोवाइल सेवा फोरजी/ लङ्ग टर्म इभोलुसन (एलटिई) सेवाको मजा लिन सक्नेछन्। देशकै अग्रणी जिएसएम मोबाइल सेवा प्रदायक कम्पनी एनसेलले नवीन प्रविधिहरू भित्राउदै विश्वस्तरीय सेवा तथा ग्राहक अनुभव प्रदान गर्ने आफ्नो प्रतिवद्धता बमोजिम आफ्ना ग्राहकलाई उच्च गतिको मोबाइल ब्रोडब्याण्ड सेवामा पहुँच पुर्‍याउन फोरजी सेवा सुचारू गरेको गरेको जनाएको छ। फोरजी सेवा चल्ने नयाँ सिमकार्ड लिएका तथा फोरजी चल्ने मोवाइल भएका सबै एनसेल ग्राहकले यही बिहीबार (जेठ १८) बाट काठमाडौं उपत्यका लगायत नगरकोट, बनेपा र धुलिखेलमा फोरजी सेवाको लाभ लिन सक्नेछन्। प्रविधि तटस्थताको अनुमति अन्तर्गत कम्पनीले आफ्ना ग्राहकलाई यो सेवा उपलब्ध गराएको हो, जसले बहुप्रतिक्षित उच्चस्तरिय डेटा सेवामा ग्राहकको पहुँच सुनिश्चित गर्ने छ। "हामी प्रविधि तटस्थताले देश र जनतामा ल्याउने वृहत सकारात्मक प्रभावका बारेमा सोचेर उत्साहित छौं। यसले हामीलाई डिजिटल नेपालको निर्माणको यात्रामा अघि बढाएको छ। हामीमा विश्वास गर्ने सबै प्रति हामी आभारी छौं। प्रविधि तटस्थताकाको उच्चतम सदुपयोग गर्दै डिजिटल नेपालको राष्ट्रिय लक्ष्य हासिल गर्नका लागि योगदान पुर्‍याउन हामी कटिबद्ध छौं,' एनसेलका प्रबन्ध निर्देशक साइमन पर्किन्स्ले भने। यसै प्रतिबद्धता बमोजिम एनसेलले आगामी ७ महिना सम्ममा (अर्थात् सन् २०१७ को अन्त्य सम्ममा) कुल जनसंख्याको १५ प्रतिशतमा फोरजी पुर्‍याउने लक्ष्य लिएको छ। यसका लागि कम्पनीले देशका विभिन्न ४० शहरहरूमा फोरजी सेवा सुचारू गर्ने योजना सहित नेटवर्क परीक्षण गरीरहेको छ।

# रमजानमा कतारबाट आईएमई गर्दा घडी उपहार

काठमाडौं। रमजान पर्वको अवसरमा नेपालको नम्बर १ रेमिटेन्स कम्पनी आईएमईले **कतार**स्थित कतार युएई एक्सचेन्जका निश्चित शाखाहरू मार्फत आईएमईबाट नेपाल पैसा पठाउने सेवाग्राहीहरूलाई घडी उपहारको व्यवस्था गरेको छ। योजनाअनुसार प्रथम कारोबारमा सेवाग्राहीहरूले एउटा कुपन प्राप्त गर्नेछन् र त्यही कुपन देखाएर तेस्रो कारोबार गरेमा घडी प्राप्त गर्नसक्ने छन्। यो योजना यही मई २८ देखि जुलाई २८ सम्म दुई महिना लागु हुनेछ।








## मिथिला दर्शन टीभी

कार्यक्रम हेर्न नभुल्नु होला।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं